# हेलम्बु गाउँपालिकाको आवधिक योजना

## आ.व. २०८०/८१-२०८४/८५





स्थानीय सरकार

**हेलम्बु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

हेलम्बु, सिन्धुपाल्चोक, बागमती प्रदेश, नेपाल

# हेलम्बु गाउँपालिकाको आवधिक योजना

## आ. व. २०८०/८१ – २०८४/८५

स्थानीय सरकार

**हेलम्बु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

**हेलम्बु गाउँपालिकाको आवधिक योजना (२०८०/८१ – २०८४/८५)**

**प्राबिधिक सहयोगः**
श्री बाग्मती प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय
प्रदेश सुशासन केन्द्र
जावालाखेल

**तयार गर्ने परामरशदाताः**
ईन्जिनियरीङ्ग कन्सल्टेन्सी फर कन्सट्रक्टिभ डेभलप्मेन्ट इन नेपाल प्रा. लि.
गौमुखी ईन्जिनियरीङ्ग सर्भिसेस् प्रा. लि.

रुरल ईन्फ्रास्टक्चर एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा. लि.
(इकोकोड नेपाल-जि.ई.एस.-आर.आई.एम.सी., जे.भि., ललितपुर, नेपाल)
ईमेलः gaumukhiengineering@gmail.com

**सहजीकरण, प्रकाशन तथा प्राबिधक सहयोगः**
जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाईका), नेपाल
सहभागितामूलक ग्रामीण पुनर्लाभ परियोजना (पि.पि.आर.आर.)
तथा
सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा.लि.
http://csds.com.np

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल



## प्रकाशकीय

नेपालको संविधान मार्फत संघीय संरचना सहितको लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, सामाजिक न्याय सहितको समानुपातिक, समावेशी शासकीय संरचना, मौलिक अधिकार, नागरिक स्वतन्त्रता, धर्म निरपेक्षता जस्ता महत्वपूर्ण उपलव्धीहरु संस्थागत भएका छन् । संघीय संरचना अन्तर्गत निर्वाचित स्थानीय सरकार लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको आधारभुत मेरुदण्डका रुपमा रहेको छ । स्थानीय तह, प्रदेश र संघ बिच समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तका आधारमा शासन व्यवस्थाको सञ्चालनबाट मात्रै जनताको जनआकांक्षा पुरा गर्न सकिन्छ भन्ने मर्मलाई मध्यनजर गर्दै, स्थानीय तह सञ्चालन सम्बन्धी संघीय कानून (स्थानीय सरकार सञ्चालन ऐन, २०७४)ले गाउँपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, रणनीतिक (विषय क्षेत्रगत), मध्यमकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेको छ ।

यसै प्रावधान तथा गाउँपालिकाको समग्र नतिजामुखी विकासका लागि आवश्यकता महसुस गरी गाउँपालिकाको पहिलो आवधिक योजना (२०८०/८१ – २०८४/८५) तर्जुमा गरिएको छ । यसबाट गाउँपालिकाक्षेत्रको सेवा प्रवाह, नीति तथा कार्यक्रम निर्माण, योजना तर्जुमा तथा विकास प्रक्रिया लगायत समग्र गाउँपालिकाको उत्थानशीलता तथा दीगो विकासमा रुपान्तरण गर्न मार्गदर्शन गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु । यस योजनाले *"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिका निर्माण"* भन्ने सोंच सहितको विकासको अवधारणा अनुसार आगामी वर्षहरुमा कसरी र कहाँ लैजाने भन्ने कुरा दिशानिर्देश गर्ने विश्वास लिएको छु । यसका साथै विकास प्रति चासो व्यक्त गर्ने अन्य विकास साझेदार तथा सरोकारवालाहरुका लागि समेत यो आवधिक योजना महत्वपूर्ण दस्ताबेजका रुपमा रहनेछ ।

यस आवधिक योजना तर्जुमा कार्यमा सहयोग तथा परामर्श प्रदान गर्ने गाउँपालिकाका निर्वाचित पदाधिकारीहरु, स्थानीयस्तरमा क्रियाशील राजनीतिक दल, कर्मचारी मित्रहरु, विषयगत शाखा, अन्य सरोकारवाला संघ संस्था र प्राविधिक सहयोग गर्ने ईकोकोड नेपाल-जि.ई.एस.-आर.आई.एम.सी. जे.भी. र JICA/PPRR परियोजनाका विज्ञहरुका साथै *सेन्टर फर सस्टेनेबल डेभलपमेन्ट स्टडिज प्रा. लि.,* का प्राविधिक टोलीको योगदानको उच्च कदर गर्दै धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।

**निमा ग्याल्जेन ह्योल्मो**

अध्यक्ष

८ असार, २०८०

स्थानीय सरकार

# हेलम्बु गाउँपालिका

हेलम्बु, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल



## मन्तब्य

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था लागु भएर स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी पश्चात हेलम्बु गाउँपालिकाको एकीकृत स्वरुपको प्रथम आवधिक योजना (२०८०/८१ – २०८४/८५) तर्जुमा गरिएकोछ । गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरको विकासका लागि आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा आवधिक, वार्षिक, विषयक्षेत्रगत रणनीतिक योजना बनाई लागु गर्नु पर्ने व्यवस्था गरेकोछ। यसका साथै आफ्नो अधिकारक्षेत्रका विषयमा मापदण्ड तथा कार्यविधि वनाई अल्पकालीन, मध्यमकालीन तथा दीर्घकालीन विकास योजना तुर्जमा गरी कार्यान्वयन गर्न सक्ने प्रावधान अनुसार आवधिक गाउँ विकास योजना तर्जुमा गरिएको हो।

यस योजनाले गाउँपालिकाको दीर्घकालीन सोंच निर्धारण गरी, आगामी ५ वर्षमा गाउँपालिकालाई कस्तो अवस्थामा पुऱ्याउने भनेर लक्ष्य किटान र सो प्राप्तिका लागि श्रोत परिचालनको योजना समेत निर्माण गरेकोछ। गाउँपालिकाको नतिजामुखी तथा समग्र विकासमा र आगामी वर्षहरुको वार्षिक योजना तर्जुमामा यो आवधिक योजना महत्वपूर्ण मार्गदर्शक सावित हुने विश्वास गरिएकोछ।

गाउँपालिकाको समग्र विकास प्रक्रियामा सवै विषयक्षेत्र समेटेर तयार गरिएको यो एकीकृत स्वरुपको योजनाले *"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिका निर्माण"* गर्ने अभियानको आधार बन्ने साथै कार्यन्वयनमा सहायक सिद्ध हुनेछ भन्ने विश्वास लिएकी छु। गाउँ विकासका लागि सहकार्य गर्ने गैसस तथा विकास साझेदार लगायत सम्पूर्ण सरोकारवालाको लागि र गाउँपालिकाको समग्र उत्थानशीलताको लागि महत्वपुर्ण दस्तावेज हुने पनि विश्वास लिएकी छु।

योजना तर्जुमामा सहयोग तथा सहकार्य गर्ने सम्पूर्ण पदाधिकारीहरु, राजनीतिक दल, कर्मचारी सबैको योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन गर्दछु।

धन्यवाद।

**अप्सरा लम्साल (लामिछाने)**
उपाध्यक्ष
८ असार, २०८०

# बिषय सुची


परिच्छेद १: परिचय ..... १

१.१ पृष्ठभूमि ..... १

१.२ आवधिक योजनाको आवश्यकता ..... १

१.३ योजना निर्माण गर्नुका उद्देश्यहरु ..... २

१.४ योजना तर्जुमाका आधारहरु ..... २

१.५ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र ..... ३

१.६ आवधिक योजना तर्जुमाका सीमाहरु ..... ४

परिच्छेद २: हेलम्बु गाउँपालिकाको वस्तुगत अवस्था ..... ५

२.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना ..... ५

२.१.१ प्राकृतिक तथा साँस्कृतिक सम्पदा ..... ५

२.१.२ जनसांख्यिक अवस्था ..... ५

२.२ आर्थिक विकासको अवस्था ..... ७

२.२.१ कृषि तथा खाद्य सुरक्षा ..... ७

२.२.२ संस्कृति तथा पर्यटन ..... ७

२.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति ..... ८

२.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा ..... ८

२.२.५ सहकारी ..... ८

२.३ सामाजिक विकासको अवस्था ..... ८

२.३.१ खानेपानी तथा सरसफाइ ..... ८

२.३.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ..... ९

२.३.३ युवा, खेलकुद तथा कला ..... ९

२.४ पूर्वाधार तथा शहरी विकासको अवस्था ..... ९

२.४.१ सडक, पुल तथा यातायात ..... ९

२.४.२ विद्युत तथा वैकल्पिक उर्जा ..... ९

२.४.३ सूचना, संचार तथा प्रविधि ..... १०

२.४.४ मानव संशाधन ..... १०

परिच्छेद ३: सोंच तथा विकासको अवधारणा ..... ११

३.१ संघीय तथा प्रादेशिक योजना अन्तर-आवद्धता ..... ११

३.२ दीर्घकालीन सोंच ..... ११

३.३ दीर्घकालीन सोंचका प्राथमिकताका क्षेत्रहरु ..... १२

३.४ समष्टिगत लक्ष्य ..... १२

३.५ समष्टिगत उद्देश्य ..... १२

३.६ समष्टिगत नीति तथा रणानीतिहरु ..... १२

३.७ समष्टिगत कार्यनीतिहरु ..... १३

३.८ स्थानीय तहको समष्टिगत अर्थतन्त्र ..... १३

३.९ सम्भाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँड ..... १४

३.१० आयको वस्तुगत अवस्था, विश्लेषण र प्रक्षेपण ..... १५

३.११ वित्तीय हस्तान्तरण ..... १६

३.१२ व्यय विवरण ..... १७

**परिच्छेद ४: आर्थिक विकास क्षेत्र ........ १८**

**४.१ भूमि व्यवस्थापन तथा भूउपयोग ........ १८**

४.१.१ पृष्ठभूमि ........ १८

४.१.२ प्रमुख समस्याहरु ........ १८

४.१.३ अवसर तथा चुनौतीहरु ........ १८

४.१.४ सोंच ........ १८

४.१.५ लक्ष्य ........ १८

४.१.६ उद्देश्य ........ १८

४.१.७ रणनीति तथा कार्यनीति ........ १९

४.१.८ प्रमुख कार्यक्रमहरु ........ १९

४.१.९ उपलव्धीहरु ........ १९

**४.२ कृषि तथा पशुपंक्षी पालन ........ १९**

४.२.१ पृष्ठभूमि ........ १९

४.२.२ प्रमुख समस्या ........ २०

४.२.३ अवसर तथा चुनौतीहरु ........ २०

४.२.४ सोंच ........ २०

४.२.५ लक्ष्य ........ २०

४.२.६ उद्देश्य ........ २०

४.२.७ रणनीति र कार्यनीति ........ २१

४.२.८ प्रमुख कार्यक्रमहरु ........ २१

४.२.९ नतिजा खाका ........ २२

४.२.१० अपेक्षित उपलव्धी ........ २२

**४.३ उद्योग, व्यापार र आपूर्ति ........ २३**

४.३.१ पृष्ठभूमि ........ २३

४.३.२ प्रमुख समस्याहरु ........ २३

४.३.३ अवसर तथा चुनौतीहरु ........ २३

४.३.४ सोंच ........ २३

४.३.५ लक्ष्य ........ २३

४.३.६ उद्देश्य ........ २३

४.३.७ रणनीति र कार्यनीति ........ २४

४.३.८ प्रमुख कार्यक्रमहरु ........ २४

४.३.९ नतिजा खाका ........ २५

४.३.१० अपेक्षित उपलव्धीहरु ........ २५

**४.४ श्रम तथा रोजगारी ........ २५**

४.४.१ पृष्ठभूमि ........ २५

४.४.२ प्रमुख समस्याहरु ........ २५

४.४.३ अवसर तथा चुनौतीहरु ........ २५

४.४.४ सोंच ........ २६

४.४.५ लक्ष्य ........ २६

४.४.६ उद्देश्य ........ २६

४.४.७ रणनीति तथा कार्यनीति ........ २६

४.४.८ प्रमुख कार्यक्रमहरु ........ २६

४.४.९ नतिजा खाका ........ २७

४.४.१० अपेक्षित उपलव्धी ........ २७

**४.५ वैंक, वित्तीय संस्था र सहकारी ........ २७**

४.५.१ पृष्ठभूमि ........ २७

४.५.२ प्रमुख समस्याहरु ........ २८
४.५.३ अवसरहरु तथा चुनौतीहरु........ २८
४.५.४ सोंच ........ २८
४.५.५ लक्ष्य........ २८
४.५.६ उद्देश्य ........ २८
४.५.७ रणनीति र कार्यनीति ........ २८
४.५.८ प्रमुख कार्यक्रमहरु........ २९
४.५.९ नतिजा खाका ........ २९
४.५.१० अपेक्षित उपलब्धी ........ २९
**४.६ पर्यटन विकास ........ ३०**
४.६.१ पृष्ठभूमि ........ ३०
४.६.२ प्रमुख समस्याहरु ........ ३०
४.६.३ अवसर तथा चुनौतीहरु........ ३०
४.६.४ सोंच ........ ३०
४.६.५ लक्ष्य........ ३०
४.६.६ उद्देश्यहरु ........ ३०
४.६.७ रणनीति र कार्यनीति ........ ३१
४.६.८ प्रमुख कार्यक्रमहरु........ ३१
४.६.९ नतिजा खाका ........ ३२
४.६.१० अपेक्षित उपलब्धी ........ ३२

**परिच्छेद ५: सामाजिक क्षेत्र ........ ३३**
**५.१ शिक्षा ........ ३३**
५.१.१ पृष्ठभूमि ........ ३३
५.१.२ प्रमुख समस्याहरु ........ ३३
५.१.३ अवसर र चुनौतीहरु........ ३३
५.१.४ सोंच ........ ३३
५.१.५ लक्ष्य........ ३४
५.१.६ उद्देश्य ........ ३४
५.१.७ रणनीति र कार्यनीति ........ ३४
५.१.८ प्रमुख कार्यक्रमहरु........ ३५
५.१.९ नतिजा खाका ........ ३५
५.१.१० अपेक्षित उपलब्धी ........ ३६
**५.२ स्वास्थ्य तथा पोषण ........ ३६**
५.२.१ पृष्ठभूमि ........ ३६
५.२.२ प्रमुख समस्याहरु ........ ३६
५.२.३ अवसर तथा चुनौतीहरु........ ३७
५.२.४ सोंच ........ ३७
५.२.५ लक्ष्य........ ३७
५.२.६ उद्देश्य ........ ३७
५.२.७ रणनीति र कार्यनीति ........ ३७
५.२.८ प्रमुख कार्यक्रमहरु........ ३८
५.२.९ नतिजा खाका ........ ३९
५.२.१० अपेक्षित उपलब्धी ........ ३९

**५.३ युवा तथा खेलकुद ................ ३९**

५.३.१ पृष्ठभूमि ................ ३९

५.३.२ प्रमुख समस्याहरु ................ ४०

५.३.३ अवसर तथा चुनौतीहरु................ ४०

५.३.४ सोंच ................ ४०

५.३.५ लक्ष्य................ ४०

५.३.६ उद्देश्य ................ ४०

५.३.७ रणनीति र कार्यनीति ................ ४०

५.३.८ प्रमुख कार्यक्रमहरु................ ४१

५.३.९ नतिजा खाका ................ ४१

५.३.१० अपेक्षित उपलव्धी ................ ४१

**५.४ खानेपानी तथा सरसफाइ................ ४१**

५.४.१ पृष्ठभूमि ................ ४१

५.४.२ प्रमुख समस्याहरु ................ ४२

५.४.३ अवसर तथा चुनौतीहरु................ ४२

५.४.४ सोंच ................ ४२

५.४.५ लक्ष्य................ ४२

५.४.६ उद्देश्य ................ ४२

५.४.७ रणनीति र कार्यनीति ................ ४३

५.४.८ प्रमुख कार्यक्रमहरु................ ४३

५.४.९ नतिजा खाका ................ ४३

५.४.१० अपेक्षित उपलव्धी ................ ४३

**५.५ लैङ्गिक तथा सामाजिक सामावेशीकरण ................ ४४**

५.५.१ पृष्ठभूमि ................ ४४

५.५.२ प्रमुख समस्याहरु ................ ४४

५.५.३ अवसर तथा चुनौतीहरु................ ४४

५.५.४ सोंच ................ ४४

५.५.५ लक्ष्य................ ४४

५.५.६ उद्देश्य ................ ४५

५.५.७ रणनीति तथा कार्यनीति ................ ४५

५.५.८ प्रमुख कार्यक्रमहरु................ ४५

५.५.९ नतिजा खाका ................ ४६

५.५.१० अपेक्षित उपलव्धीहरु ................ ४६

**५.६ लक्षित वर्ग उत्थान ................ ४६**

५.६.१ पृष्ठभूमि ................ ४६

५.६.२ प्रमुख समस्याहरु ................ ४६

५.६.३ अवसर तथा चुनौतीहरु................ ४६

५.६.४ सोंच ................ ४७

५.६.५ लक्ष्य................ ४७

५.६.६ उद्देश्य ................ ४७

५.६.७ रणनीति र कार्यनीति ................ ४७

५.६.८ प्रमुख कार्यक्रमहरु................ ४७

५.६.९ नतिजा खाका ................ ४८

५.६.१० अपेक्षित उपलव्धी ................ ४८

**५.७ भाषा, संस्कृति, कला र साहित्य ................ ४८**

५.७.१ पृष्ठभूमि ................ ४८

५.७.२ प्रमुख समस्याहरु ........ ४८
५.७.३ अवसर तथा चुनौतीहरु........ ४८
५.७.४ सोंच ........ ४९
५.७.५ लक्ष्य........ ४९
५.७.६ उद्देश्य ........ ४९
५.७.७ रणनीति र कार्यनीति ........ ४९
५.७.८ प्रमुख कार्यक्रमहरु........ ४९
५.७.९ अपेक्षित उपलव्धीहरु ........ ४९

**परिच्छेद ६: पूर्वाधार क्षेत्र........ ५०**

**६.१ आवास तथा बस्ती विकास........ ५०**
६.१.१ पृष्ठभूमि ........ ५०
६.१.२ प्रमुख समस्याहरु ........ ५०
६.१.३ अवसर तथा चुनौतीहरु........ ५०
६.१.४ लक्ष्य........ ५०
६.१.५ उद्देश्य ........ ५०
६.१.६ रणनीति तथा कार्यनीति ........ ५१
६.१.७ प्रमुख कार्यक्रमहरु........ ५१
६.१.८ नतिजा खाका ........ ५१
६.१.९ अपेक्षित उपलव्धी ........ ५१

**६.२ सडक तथा यातायात........ ५१**
६.२.१ पृष्ठभूमि ........ ५१
६.२.२ प्रमुख समस्याहरु ........ ५२
६.२.३ अवसर तथा चुनौतीहरु........ ५२
६.२.४ सोंच ........ ५२
६.२.५ लक्ष्य........ ५२
६.२.६ उद्देश्य ........ ५३
६.२.७ रणनीति तथा कार्यनीति ........ ५३
६.२.८ प्रमुख कार्यक्रमहरु........ ५३
६.२.९ नतिजा खाका ........ ५३
६.२.१० अपेक्षित उपलब्धी ........ ५४

**६.३ सिंचाइ ........ ५४**
६.३.१ पृष्ठभूमि ........ ५४
६.३.२ प्रमुख समस्याहरु ........ ५४
६.३.३ अवसर तथा चुनौतीहरु........ ५४
६.३.४ सोंच ........ ५४
६.३.५ लक्ष्य........ ५५
६.३.६ उद्देश्य ........ ५५
६.३.७ रणनीति र कार्यनीति ........ ५५
६.३.८ प्रमुख कार्यक्रमहरु........ ५५
६.३.९ अपेक्षित उपलब्धी ........ ५६

**६.४ विद्युत तथा वैकल्पिक उर्जा........ ५६**
६.४.१ पृष्ठभूमि ........ ५६
६.४.२ प्रमुख समस्याहरु ........ ५६
६.४.३ अवसर तथा चुनौतीहरु........ ५६

६.४.४ सोंच ........ ५६

६.४.५ लक्ष्य ........ ५६

६.४.६ उद्देश्य ........ ५६

६.४.७ रणनीति र कार्यनीति ........ ५७

६.४.८ प्रमुख कार्यक्रमहरु ........ ५७

६.४.९ नतिजा खाका ........ ५७

६.४.१० अपेक्षित उपलव्धी ........ ५७

**६.५ संचार तथा सूचना प्रणाली ........ ५७**

६.५.१ पृष्ठभूमि ........ ५७

६.५.२ प्रमुख समस्याहरु ........ ५८

६.५.३ अवसर तथा चुनौतीहरु ........ ५८

६.५.४ लक्ष्य ........ ५८

६.५.५ उद्देश्य ........ ५८

६.५.६ रणनीति र कार्यनीति ........ ५९

६.५.७ प्रमुख कार्यक्रमहरु ........ ५९

६.५.८ नतिजा खाका ........ ५९

६.५.९ अपेक्षित उपलव्धी ........ ५९

**६.६ सार्वजनिक भवन र उद्यान ........ ५९**

६.६.१ पृष्ठभूमि ........ ५९

६.६.२ प्रमुख समस्याहरु ........ ६०

६.६.३ अवसर तथा चुनौतीहरु ........ ६०

६.६.४ सोंच ........ ६०

६.६.५ लक्ष्य ........ ६०

६.६.६ उद्देश्य ........ ६०

६.६.७ रणनीति र कार्यनीति ........ ६०

६.६.८ प्रमुख कार्यक्रमहरु ........ ६०

६.६.९ अपेक्षित उपलव्धी ........ ६०

**परिच्छेद ७: संस्थागत विकास, सुशासन तथा शान्ति सुरक्षा ........ ६१**

**७.१ योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता ........ ६१**

७.१.१ पृष्ठभूमि ........ ६१

७.१.२ प्रमुख समस्याहरु ........ ६१

७.१.३ अवसर तथा चुनौतीहरु ........ ६१

७.१.४ सोंच ........ ६२

७.१.५ लक्ष्य ........ ६२

७.१.६ उद्देश्य ........ ६२

७.१.७ रणनीति तथा कार्यनीति ........ ६२

७.१.८ प्रमुख कार्यक्रमहरु ........ ६२

७.१.९ नतिजा खाका ........ ६३

७.१.१० अपेक्षित उपलव्धी ........ ६३

**७.२ नीति तथा कानून तर्जुमा ........ ६३**

७.२.१ पृष्ठभूमि ........ ६३

७.२.२ प्रमुख समस्याहरु ........ ६३

७.२.३ अवसर तथा चुनौतीहरु ........ ६४

७.२.४ सोंच ........ ६४

७.२.५ लक्ष्य ..... ६४
७.२.६ उद्देश्य ..... ६४
७.२.७ रणनीति र कार्यनीति ..... ६४
७.२.८ प्रमुख कार्यक्रमहरु ..... ६४
७.२.९ नतिजा खाका ..... ६५
७.२.१० अपेक्षित उपलब्धीहरु ..... ६५

**७.३ संस्थागत जनशक्ति विकास ..... ६५**

७.३.१ पृष्ठभूमि ..... ६५
७.३.२ प्रमुख समस्याहरु ..... ६५
७.३.३ अवसर तथा चुनौतीहरु ..... ६६
७.३.४ सोंच ..... ६६
७.३.५ लक्ष्य ..... ६६
७.३.६ उद्देश्य ..... ६६
७.३.७ रणनीति र कार्यनीति ..... ६६
७.३.८ प्रमुख कार्यक्रमहरु ..... ६६
७.३.९ नतिजा खाका ..... ६६
७.३.१० अपेक्षित उपलब्धी ..... ६७

**७.४ नियमनकारी संरचनाहरुको प्रवर्द्धन ..... ६७**

७.४.१ पृष्ठभूमि ..... ६७
७.४.२ अनुगमन तथा मूल्याङ्कन पद्धति ..... ६७
७.४.३ अनुगमन मूल्याङ्कन संरचना ..... ६७
७.४.४ सुपरिवेक्षण तथा अनुगमन समिति ..... ६७
७.४.५ सुपरिवेक्षण तथा अनुगमन उपसमिति ..... ६७
७.४.६ प्रमुख समस्याहरु ..... ६८
७.४.७ अवसर तथा चुनौतीहरु ..... ६८
७.४.८ सोंच ..... ६९
७.४.९ लक्ष्य ..... ६९
७.४.१० उद्देश्य ..... ६९
७.४.११ रणनीति र कार्यनीति ..... ६९
७.४.१२ अपेक्षित उपलब्धी ..... ६९

**७.५ शान्ति सुरक्षा ..... ६९**

७.५.१ पृष्ठभूमि ..... ६९
७.५.२ प्रमुख समस्याहरु ..... ६९
७.५.३ अवसर तथा चुनौतीहरु ..... ६९
७.५.४ सोंच ..... ७०
७.५.५ लक्ष्य ..... ७०
७.५.६ उद्देश्य ..... ७०
७.५.७ रणनीति र कार्यनीति ..... ७०
७.५.८. अपेक्षित उपलब्धीहरु ..... ७०

**७.६ पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली ..... ७०**

७.६.१ पृष्ठभूमि ..... ७०
७.६.२ प्रमुख समस्याहरु ..... ७१
७.६.३ अवसर तथा चुनौती ..... ७१
७.६.४ सोंच ..... ७१
७.६.५ लक्ष्य ..... ७१

७.६.६ उद्देश्य ..... ७१
७.६.७ रणनीति तथा कार्यनीति ..... ७२
७.६.८ अपेक्षित उपलब्धीहरु ..... ७२

**परिच्छेद ८: वन, वातावरण र विपद् व्यवस्थापन ..... ७३**

**८.१ वन व्यवस्थापन, जलाधार संरक्षण तथा जैविक विविधता ..... ७३**
८.१.१ पृष्ठभूमि ..... ७३
८.१.२ प्रमुख समस्याहरु ..... ७३
८.१.३ अवसर तथा चुनौतीहरु ..... ७३
८.१.४ सोंच ..... ७३
८.१.५ लक्ष्य ..... ७४
८.१.६ उद्देश्य ..... ७४
८.१.७ रणनीति तथा कार्यनीति ..... ७४
८.१.८ प्रमुख कार्यक्रमहरु ..... ७४
८.१.९ नतिजा खाका ..... ७५
८.१.१० अपेक्षित उपलब्धी ..... ७५

**८.२ वातावरण प्रदुषण, जलवायु परिवर्तन अनुकुलन र विपद् व्यवस्थापन ..... ७५**
८.२.१ पृष्ठभूमि ..... ७५
८.२.२ प्रमुख समस्याहरु ..... ७६
८.२.३ अवसर तथा चुनौतीहरु ..... ७६
८.२.४ सोंच ..... ७७
८.२.५ लक्ष्य ..... ७७
८.२.६ उद्देश्य ..... ७७
८.२.७ रणनीति र कार्यनीति ..... ७७
८.२.८ प्रमुख कार्यक्रमहरु ..... ७७
८.२.९ नतिजा खाका ..... ७८
८.२.१० अपेक्षित उपलब्धी ..... ७८

**परिच्छेद ९: योजना कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन ..... ८०**

**९.१ योजना कार्यन्वयन प्रक्रिया ..... ८०**
**९.२ आवधिक योजनाको अनुगमन तथा मुल्याङ्कन ..... ८०**
**९.३ जोखिम व्यवस्थापन ..... ८०**
**अनुसुचीहरु ..... ८१**
**अनुसूची १: गाउँपालिका गौरवका योजनाहरु ..... ८१**
**अनुसूची २: विषय क्षेत्रगत कार्ययोजना ..... ८३**
अनुसूची २.१: परिच्छेद ४ सँग सम्बन्धित आर्थिक विकास क्षेत्रको कार्यक्रमहरुको कार्ययोजना ..... ८३
अनुसुची २.२: परिच्छेद ५ सँग सम्बन्धित सामाजिक विकास क्षेत्रको कार्यक्रमहरुको कार्ययोजना ..... ८७
अनुसुची २.३: परिच्छेद ६ सँग सम्बन्धित भौतिक पृबाधार विकास क्षेत्रको कार्यक्रमहरुको कार्ययोजना ..... ८९
अनुसुची २.४: परिच्छेद ७ सँग सम्बन्धित संस्थागत विकास तथा सुशासन क्षेत्रको कार्यक्रमहरुको कार्ययोजना ..... ९०
अनुसुची २.५: परिच्छेद ८ सँग सम्बन्धित वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको कार्यक्रमहरुको कार्ययोजना ..... ९१
**अनुसूची ३: तस्बिरहरु ..... ९२**
**अनुसूची ४: श्रोत नक्सा ..... ९३**

# परिच्छेद १: परिचय

## १.१ पृष्ठभूमि

कुनै पनि क्षेत्रको व्यवस्थित विकासको लागि आवधिक योजनाहरु महत्वपूर्ण साधन हो। नेपालको संविधानले स्थानीय तहलाई संघीय संरचना अनुरूप एक बलियो स्थानीय सरकारको रूपमा स्थापित गरेको छ। संविधानमा नै स्थानीय तहको एकल र साझा अधिकारहरू परिभाषित छन्। जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चिच गरी सुलभ र गुणस्तरीय सेवा प्रवाह गर्न, लोकतन्त्रका लाभहरूको समानुपातिक र न्यायोचित वितरण गरी कानूनी राज्य र दीगो विकासको अवधारणा अनुरूप समाजवादउन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढ गर्ने उद्देश्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले राखेकोछ। उक्त ऐनको दफा ११ र १२ मा क्रमश: गाउँपालिका र वडा समितिको काम कर्तव्य र अधिकार तोकिएकोछ भने दफा २४ को उपदफा (१) मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यमकालीन र दीर्घकालीन योजना बनाई लागु गर्नु पर्ने कुरा प्रष्ट रुपमा उल्लेखछ। त्यसैगरी, ऐनको परिच्छेद ९ मा गाउँपालिकाको वित्तीय अधिकार क्षेत्रसमेत तोकिएकोछ। संविधान र कानून बमोजिम संघीय र प्रदेश सकारले आवधिक योजना र दीगो विकास लक्ष्यहरू प्राप्त गर्ने मार्गचित्रसमेत तर्जुमा गरिसकेका छन्। संविधानमा व्यवस्था भए अनुसार संघ, प्रदेश र स्थानीय तहवीच सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित विकास प्रक्रियालाई स्थानीय तहमा संस्थागत गर्न, उपलब्ध सीमित स्रोतहरूको न्यायोचित वितरण गरी स्थानीय जनताको विकासको चाहनालाई पूरा गर्नको लागि स्पष्ट मार्गचित आवश्यक भएकोले हेलम्बु गाउँपालिकाको आवधिक योजना (आ.व. २०८०/२०८१ – ८४/८५) तर्जुमा गर्ने प्रक्रियालाई अगाडि बढाएको हो।

गाउँपालिकामा उपलब्ध स्रोत तथा साधन र विकासको स्थितिलाई ध्यान दिई आगामी वर्षहरुमा विकास कार्यक्रमहरु सञ्चालन गर्नको लागि योजनाबद्ध विकासको आवश्यक्ता हुन्छ। त्यसकारण आवधिक योजनाले गाउँपालिकामा उपलब्ध स्रोत साधनको पहिचान गर्दै भविश्यमा यस गाउँपालिकालाई कस्तो किसिमको गाउँपालिकाको रुपमा विकास गर्ने हो भन्ने कुराको समेत निर्क्यौल गर्न मद्दत गर्दछ। नेपालको संविधान र कानूनमा व्यवस्था भए बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामाजिक विकासको लागि आवधिक विकास योजना तर्जुमा गर्नुपर्दछ।

यो आवधिक योजनाले हेलम्बु गाउँपालिकाको समृद्धि र विकासको दीर्घकालीन सोंच, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमीकरणको मार्गचित्र प्रस्तुत गर्दछ। यो आवधिक योजनाले आगामी पाँच वर्षको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र प्राथमिकताको मार्गचित्र प्रस्तुत गर्दछ। यो आवधिक योजना पाँच वर्षका लागि निर्माण गरिएको भएता पनि यसको २० देखि २५ वर्षे दीर्घकालीन सोंचसँग यसको लक्ष्य र उद्देश्यको तादम्यता कायम हुनेगरी तयार गरिएकोछ। यस आवधिक योजनामा उल्लेखित समष्टिगत र क्षेत्रगत सोँच, लक्ष्य र उद्देश्यहरु स्थलगत कार्यशाला गोष्ठीहरुमा गरिएकोछलफलहरुको निचोड हो। रणनीतिको तर्जुमा ५ वर्ष भन्दा बढीको समयावधिलाई ध्यानमा राखेर गरिएको भएतापनि कार्यान्वन गर्ने नीतिहरु भने ५ वर्षको अवधिका लागि मात्र हुन्।

संविधान बमोजिम गाउँपालिकाले गाउँपालिकाको दीर्घकालीन सोंच र योजना तर्जुमा गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्नुपर्दछ। यसैगरी अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकारले सार्वजनिक खर्चको विवरण प्रस्तुत गर्दा तीन आर्थिक वर्षको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना समेत तर्जुमा गर्नु पर्ने व्यवस्था गरेकोछ। यस परिप्रेक्ष्यमा हेलम्बु गाउँपालिकाको पहिलो आवधिक योजना तर्जुमा गरिएकोछ।

## १.२ आवधिक योजनाको आवश्यकता

गाउँपालिकामा स्रोत साधनको अभाव रहेको र विकासको चाहना र आवश्यकता अत्याधिक रहेको हुनाले सीमित स्रोत साधनलाई अधिकतम प्रतिफल प्राप्त गर्ने क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकताछ। यसका लागि स्थानीय तहको स्रोत साधनले मात्र स्थानीय जनताको माग र आवश्यकतालाई परिपूर्ति गर्न सक्दैन। खासगरी जनतालाई पुर्‍याउनुपर्ने शिक्षा, स्वास्थ्य, खानेपानी, सुरक्षा, भौतिक पूर्वाधार निर्माणका साथै कृषि क्षेत्रको विकास, रोजगारीको सृजना, गरीबी निवारण, सामुदायिक उत्थानशीलता, सन्तुलित र समावेशी विकास जस्ता विषयहरु स्थानीय सरकारको दायित्वभित्र पर्दछ। साथै २०७२को भूकम्प र २०७८को बाढीबाट प्रभावित परिवारका आवश्यकतालाई सम्बोधन गर्न आवश्यक छ। तसर्थ: उपलब्ध सीमित स्रोत साधनको उपयोग गरी यी स्थानीय सरकारको दायित्वका क्षेत्रमा लगानी गर्नु आवश्यक छ। यसका लागि स्थानीय तहले योजनावद्ध विकासमार्फत गाउँपालिकाको द्रुत विकास गर्नुपर्ने हुन्छ।

स्थानीय राजनीतिक नेतृत्वले जनतासमक्ष गरेका प्रतिवद्धता तथा घोषणाहरु कार्यान्वयन गर्ने पहिलो औजार नै आवधिक योजना हो। आवधिक योजना तर्जुमा गर्दा नेपालको संविधान, विद्यमान ऐन, नियमहरु, विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति समेतलाई विचार गरिन्छ। जसका कारण स्थानीय विकासमा हुने दोहोरोपनलाई कम गर्न सहयोग पुग्दछ। साथै राष्ट्रिय तथा प्रादेशिक योजनासँग तालमेल हुने गरी स्थानीय तहका योजना निर्माण हुन सकेमा श्रम, सीप र समयको बचत समेत हुन गई संघीयताका आर्थिक तथा अन्य भारहरु कम हुन जाने देखिन्छ। आवधिक योजनाबाट दीगो विकासका लक्ष हासिल गर्न स्थानीय तहहरुले अपनाउनुपर्ने विधिहरु स्पष्ट हुन्छन्। हेलम्बु गाउँपालिका आफैमा प्राकृतिक तथा साँस्कृतिक श्रोतसाधनले सम्पन्न हुनुको साथै भुकम्प, मेलम्चीको बाढि पहिरो र हिमपहिरो जस्ता प्रकृतिक बिपत्तिले आहात बनाएको क्षेत्र पनि हो। यस्ताखाले स्थानीय तहका समस्या र सम्भावनाहरु केलाई योजनावद्ध विकासको जरुरी हुन्छ।

आवधिक योजनाले स्थानीय तहमा विधि र प्रक्रियालाई संस्थागत गर्दछ। कुन अवधिको कुन क्षेत्रमा कुन काम, कसले र कहिले गर्ने भन्ने कुराको अग्रिम रुपमा स्पष्ट हुन्छ। आवधिक योजना निर्माणको लागि विद्यमान स्थितिलाई कुन अवधिमा कुन स्तरमा रुपान्तरण गर्ने भन्ने खाका तयार हुन्छ। यसले प्राथमिकता प्राप्त क्षेत्रमा ध्यान केन्द्रित गरी अनावश्यक क्षेत्रमा हुने लगानीलाई निरुत्साहित गर्दछ। आवधिक योजनाले सम्भाव्य स्रोतको पहिचान र प्रक्षेपण गर्दछ। यसले विषय क्षेत्रगत लक्ष्य, उद्देश्य, रणनीति र प्रमुख कार्यक्रम निर्धारण गरी योजनामा उल्लिखित लक्ष्य, उद्देश्य प्राप्त गर्ने गरी योजनाको प्रभावकारी कार्यान्वयनको लागि विधि, कार्य तालिका र जिम्मेवारी सहित अनुगमन तथा मूल्याङ्कन समेतको व्यवस्था गरिएकोछ।

## १.३ योजना निर्माण गर्नुका उद्देश्यहरु

हेलम्बु गाउँपालिकाको योजना तर्जुमा गर्नुको मूल उद्देश्य वस्तुस्थिति विश्लेषण (भौतिक, सामाजिक, आर्थिक, सांस्कृतिक, वित्तीय, वातावरणीय लगायत सबै क्षेत्र र पक्षहरुको) गरी गाउँपालिकाको आगामी पाँच वर्षको विकास योजना तर्जुमा गर्नु हो। यस आवधिक योजनाको अरु सहयोगी उद्देश्यहरु यसप्रकार रहेकाछन:-

- गाउँपालिकाको आर्थिक, सामाजिक, भौगोलिक, वातावरणीय, वित्तीय वस्तुस्थितिबारे अध्ययन गर्ने।
- गाउँपालिकाको दीर्घकालीन सोंच निर्धारण/परिमार्जन/पुनरावलोकन गरी लक्ष्य, उद्देश्य, नतिजा र कार्यक्रम निर्धारण गर्ने।
- क्षेत्रगत योजना र कार्यक्रमहरु पहिचान एवं प्राथमिकीकरण गरी गाउँपालिकाको ५ वर्षे योजना तयार गर्ने।
- गाउँ विकासको पाँच वर्षे नतिजाखाका तयारी गर्ने।

## १.४ योजना तर्जुमाका आधारहरु

संविधानका निर्देशक सिद्धान्त, नीतिहरु र संबिधानको अनुसूची ८ र ९ मा दिइएको एकल तथा साझा अधिकारहरु नै योजना तर्जुमाका मूल आधारहरु हुन्। संघीय मन्त्रिपरिषदबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्य विस्तृतीकरण प्रतिवेदनले अझ बाढि आधारहरु प्रस्तुत गरेकोछ। यसका साथै १५ औ राष्ट्रिय योजनामा "समृद्व नेपाल, सुखी नेपाली" भनी तय भएको दीर्घकालीन सोंच, दीगो विकास लक्ष्य र यी सबैमा अन्तर्निहित समावेशीकरण, लैङ्गिक समता, सामाजिक विभेद र बञ्चितीकरणको अन्त्य, वातावरणीय सन्तुलन, हरित विकास, विपद् व्यवस्थापन तथा झन राम्रो र बलियो बनाउने अवधारणा, पुनर्लाभ, सामुदायिक उत्थानशीलता, विकासमा सन्तुलन, दीगो र सहभागितामूलक विकास, सुशासन, आदि पक्षहरुलाई यो आवधिक योजना तर्जुमाका आधार मानिएकोछ। साथै हेलम्बु गाउँपालिकाको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र गाउँपालिकाबाट जारी भएका ऐन, कानून, नियम र निर्देशिकाहरुलाई पनि आधारका रुपमा लिईएकोछ। साथै, २०१५ पछिको भूकम्प र त्यस पश्चातका पुनर्लाभको प्रगति र मुद्दाहरूबारे तथ्याङ्क र जानकारी सङ्कलन, समुदायहरूको विकासका प्राथमिकताहरू सङ्कलन गर्न र प्रमुख विकास मुद्दाहरू बुझ्न सबै वडाहरूमा लक्षित समूहछलफल (FGDs) गरियो।

साथै यस आवधिक योजना तर्जुमा गर्न JICA/PPRRको प्राविधिक सहयोगमा कार्यकारी समितिका सदस्यहरूलाई योजना प्रक्रिया, विपद् तथा जलवायु जोखिम न्यूनीकरणको मूल प्रवाहीकरण, गाउँ विकास योजनाहरूमा उत्थानशीलताको सुनिस्चितता र पुनर्लाभका प्राथमिकताहरूको बारेमा अभिमुखीकरण र प्रशिक्षण कार्य सम्पन्न गरियो।

आवधिक योजनाको प्रमुख उद्देश्य भनेको गाउँको आर्थिक तथा सामाजिक क्षेत्रको विकास गरी जनताको जीवनस्तरमा सकरात्मक परिवर्तन ल्याउनु हो। तसर्थ योजना तर्जुमा गर्दा नेपालको संविधानका अतिरिक्त आर्थिक, सामाजिक क्षेत्रसंग सम्बन्धित बिभिन्न ऐन, नियम र नीतिको कार्यान्वयन तथा उद्देश्य हासिल गर्ने पक्षलाई ध्यान दिइएकोछ। हेलम्बु गाउँपालिका २०७२को भूकम्प र त्यस पछिका

मेलम्ची बाढी र पहिरोबाट धेरै जनधनको क्षति व्यहोरेकोले अवको दिनमा अर्थतन्त्र र समाजलाई उत्थानशील बनाउदै झन बलियो बनाउने अवधारणा र उच्च उत्थानशीलतालाई समेत आत्मसात् गरिएकोछ। यस योजना तर्जुमा गर्दा राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ ले तोकेको प्रक्रियालाई अनुसरण गरिएकोछ। UNDRRको अनुसार उत्थानशीलता नीति अनुसार जोखिममा परेको क्षेत्र तथा समुदाय वा समाजको जोखिमको प्रतिरोध, अवशोषण, समायोजन, अनुकूलन, रूपान्तरण र जोखिमको प्रभावबाट पुनर्लाभ गर्ने क्षमताको बिकास गर्ने कुराहरुलाई समेत ध्यानमा राखिएकोछ। यो योजना तयारीको लागि निम्न लिखित पक्षहरुलाई मुख्य आधार मानिएको छ।

१) नेपालको संविधान
२) विद्यमान ऐन नियमहरु
३) विद्यमान राष्ट्रिय तथा प्रादेशिक नीति
४) राष्ट्रिय/प्रादेशिक/स्थानीय तहको दीर्घकालीन सोंच
५) राष्ट्रिय/प्रादेशिक आवधिक योजना
६) दीगो विकास लक्ष्य
७) राष्ट्रिय तथा प्रादेशिक सरकारका मार्गनिर्देशन
८) स्थानीय तहको प्रमुख समस्या र सम्भावना
९) स्थानीय तहमा सहभागी दलहरुको घोषणापत्रहरु

## १.५ योजना तर्जुमा कार्यको मुख्य कार्यक्षेत्र

आवधिक योजनामा देहाय बमोजिमका क्षेत्रहरुलाई समेटेर योजनाहरु समावेश गरिएकाछन्।

**गाउँपालिकाको दीर्घकालीन योजनाको प्रारुप**

यसभित्र गाउँपालिकाको दीर्घकालीन सोंच, ध्येय, लक्ष्य, उद्देश्यहरु र विकासका प्राथमिकताहरु साथै हेलम्बु गाउँपालिकाभित्रका सवलता, दुर्वलता, सम्भावना र चुनौतीहरुको विश्लेषण सहित प्रस्तुत गरिएकोछ।

**भौतिक विकास योजना**

स्थानीय यातायात पूर्वाधार, सिंचाइ, विद्युत र वैकल्पिक उर्जा, भवन निर्माण, सामाजिक पूर्वाधार, पर्यटन, कृषि तथा औद्योगिक पूर्वाधारहरुलाई समेटेर भौतिक उत्थानशीलता र अझ बलियो बनाउने निति सहित भौतिक विकास योजना प्रस्तुत गरिएकोछ।

**आर्थिक विकास योजना**

यस योजना अन्तर्गत कृषि, पशुपालन, वनमा आधारित उत्थानशील आर्थिक पुनर्लाभका क्रियाकलाप, खनिज सम्पदा, भूमि व्यवस्था, खाद्य सुरक्षा, उद्योग, वाणिज्य, आपूर्ति र पर्यटनमा आधारित आर्थिक पुनर्लाभका क्रियाकलाप, घरेलु तथा साना उद्यम र सहकारी विकासका कार्यक्रमहरुलाई समेटेर आर्थिक विकास क्षेत्रको योजना तयार गरिएकोछ।

**सामाजिक विकास योजना**

सामाजिक विकास योजना अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ, वसाइसराई व्यवस्थापन, जनताको सामाजिक सम्पत्तिमा पहुँच, सामुदायिक स्रोत विकास, लैङ्गिक, जातिगत, बालविकास, वृद्ध, असहाय, दलित, अपाङ्गहरुको सामाजिक अधिकार र सहभागिता सुनिश्चित गर्ने सामाजिक सुरक्षाका कार्यक्रमहरु, समुदायिक सञ्जाल तथा क्षमता विकास, युवा तथा खेलकुद विकासका कार्यक्रमहरु समेटिएकाछन्।

**वन, वातावरण तथा विपद् व्यवस्थापन योजना**

यस अन्तर्गत वन संरक्षण र उपयोग, प्राकृतिक वातावरण संरक्षण, सरसफाइ तथा फोहोर व्यवस्थापन, नदी नियन्त्रण, भू-क्षय नियन्त्रण, आदि कार्यक्रमहरु समेटिएकाछन्। जोखिमयुक्त स्थानहरुको पहिचान गरी भूकम्प, आगलागी, बाढी, पहिरो, सुख्खा खडेरी र महामारी जस्ता विपद्हरुको पूर्वतयारी, सूचना प्रणालीको विकास, विपद् पश्चात उद्धार र पुनःर्स्थापना तथा पुनर्लाभका कार्यक्रमहरुलाई समावेश गरी यस क्षेत्रको योजना तयार गरिएकोछ।

**वित्तीय व्यवस्थापन योजना**

यस योजना अन्तर्गत गाउँपालिकाको आय-व्ययको विश्लेषणका आधारमा योजना अवधीको लागि आय र व्ययको प्रक्षेपण गरिनुका साथै गाउँपालिकाको बजेटको क्षेत्रगत बाँडफाँट, आन्तरिक राजश्व वृद्धिका योजना, नीजि क्षेत्र र सहकारीको योगदान, अन्तर सरकारी वित्तीय बाँडफाँट र व्यवस्थापनको योजनालाई समेटिएकोछ।

**सुशासन र संस्थागत विकास योजना**

गाउँपालिकामा शान्ति, सुरक्षा, न्याय प्रणाली, वित्तीय अनुशासन, सेवा प्रवाहको सहजता, स्वच्छ र प्रभावकारी सेवा, असल शासन प्रवर्द्धन,लेखा र अभिलेखहरुको प्रभावकारी व्यवस्थापन, स्थानीय स्रोत तथा साधनको प्रभावकारी उपयोग, अन्य संस्थाहरुसँगको साझेदारी र सञ्जाल, कर्मचारी र जनशक्ति व्यवस्थापन, अभिप्रेरणा र सुदृढीकरण, विकासको ढाँचा र कार्यविधिको विकास, जस्ता कार्यक्रमहरु समेटिएकाछन्।

**अन्तरसम्बन्धित विषयहरुको योजना**

यस अन्तर्गत माथि उल्लेखित योजनाहरुसँग अन्तरसम्बन्धित विषयहरु - तथ्याङ्क प्रणाली, गरिबी निवारण, श्रम तथा रोजगारी, जनशक्ति तथा उद्यमशीलता विकास, अनुसन्धान र विकास, समता र समावेशीकरण, सामाजिक सुधार, सामाजिक सांस्कृतिक विविधता, सामुदायिक साझेदारी र गैरसरकारी संस्थाहरुसंगको सहकार्य जस्ता विषयहरु समेटिएकाछन्।

**योजना तथा कार्यक्रम कार्यान्वयन योजना**

यस योजनामा विभिन्न विषयक्षेत्रगत योजनाहरुको वर्गीकरण गरी गाउँपालिका, वडा, प्रदेश र संघीय कार्यक्रमहरुसँग तादात्म्यता र जिम्मेवारी बाँडफाँट गरी कार्यक्रम कार्यान्वयनको ढाँचा प्रस्तुत गरिएकोछ भने विकास निर्माण र गाउँपालिकाबाट प्रवाह हुने सेवाहरुको अनुगमन र मूल्याङ्कनको योजना प्रस्तुत गरिएकोछ।

## १.६ आवधिक योजना तर्जुमाका सीमाहरु

आवधिक योजना तयार गर्दा देहाय बमोजिम सीमाहरुलाई मध्यनजर गरिएकोछ।

- नयाँ संरचना अनुसार गाउँपालिकाहरुको गठन भई एक कार्यकाल पुरा भएता पनि पालिकामा एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणालीको विकास अभावमा लामो समयको प्रवृत्तिगत विश्लेषण गर्न नसकिएको।
- वडा भेलामा सहभागीहरुको विचार प्रतिनिधिमुलक रुपमा आवधिक योजनामा समावेश भएको।
- स्रोत साधन र समयको सीमितताको कारणले वडाबासीहरुका सम्पूर्ण अपेक्षा र आकांक्षाहरु योजनामा समेट्न नसकिएको।
- यो आवधिक योजना हेलम्बु गाउँपालिकाको प्रथम आवधिक योजना भएकोले कतिपय द्वितीय स्रोतबाट प्राप्त हुनुपर्ने तथ्याङ्कहरु पर्याप्त रुपमा उपलब्ध हुन नसकेको।
- हेलम्बु गाउँपालिकाका विभिन्न कार्यक्रमहरु दीर्घकालीन प्रकृतिका र विस्तृत परियोजना प्रतिवेदनको आवश्यकता पर्ने खालका भएकाले परियोजनागत विस्तृत लगानी योजना गर्न तत्काल सम्भव नभएको।

# परिच्छेद २: हेलम्बु गाउँपालिकाको वस्तुगत अवस्था

## २.१ भौगोलिक अवस्था, राजनीतिक र प्रशासनिक संरचना

यस गाउँपालिकाको नाम साबिक हेलम्बु गाबिस वडा नं. १सँग सम्बन्धित रहेकोछ भने यो नामले गाउँ मात्र नभएर भेगको प्रतिनिधित्व गर्दछ। यो पालिकामा अधिकांश ह्योल्मो जातिका मानिसहरुको बसोबास भएको कारण हेलम्बु नामकरण गरिएको अनुमान रहेकोछ। यस गाउँपालिकामा रहेका ७ वटा वडाहरु सबैको भौगोलिक स्वरूप उस्तै रहेको पाइन्छ। वडा नं. १ र २ उत्तरी भागमा पर्दछन् र यी वडाहरुमा हिमपात हुने क्षेत्रहरु समायोजन भएकाछन् भने अन्य वडामा मध्ये र तल्लो तटीय भूगोल रहेको देखिन्छ। यस गाउँपालिकालाई मेलम्ची नदीले उपत्यकाकाको रुपमा परिणत गरेकोछ र गाउँपालिकालाई प्रमुख रुपमा बिभाजन गरेकोछ।

यो गाउँपालिका सिन्धुपाल्चोक जिल्लाको उत्तर पश्चिमी भागमा अवस्थितछ। यस गाउँपालिकामा ७ वटा वडा रहेकाछन्। यो गाउँपालिका साबिकका हेलम्बु, किउल, पाल्चोक, इचोक र महाँकाल गाविसहरु मिलाएर निर्माण गरिएको हो। यस गाउँपालिकाको उत्तरमा रसुवा जिल्ला, दक्षिणमा मेलम्ची नगरपालिका, पश्चिममा नुवाकोट जिल्ला र पूर्वमा पाँचपोखरी गाउँपालिका रहेकोछ। मेलम्ची नदीले इचोक, महाँकाल एक तर्फ तथा हेलम्बु, किउल र पाल्चोकलाई अर्कातर्फमा बिभाजन गरेको पाइन्छ।

### २.१.१ प्राकृतिक तथा साँस्कृतिक सम्पदा

यस गाउँपालिकाको अधिकांश क्षेत्रमा वन सम्पदा रहेको देखिन्छ। सामुदायिक वन, नीजि वन, सरकारी वनहरू यस क्षेत्रमा पर्दछन्। यस गाउँपालिकाको ठूलो भू-भाग लाङटाङ राष्ट्रिय निकुन्जमा पर्दछ र यहाँ सल्लो, चिलाउने, उत्तिस आदि रुख मुख्यतः पाइन्छ भने माथिल्लो भू-भागमा गुराँस र खयर लगायतका काठहरु पनि पाउँदछन्।

यस गाउँपालिकामा ६०% ह्योल्मो जातीका मानिसहरुको बसोवास रहेको पाइन्छ। त्यसै गरी शेर्पा, तामाङ, क्षेत्री, बाहुन, कामी, दमाई, सार्की लगायतका जातिहरुको पनि बसोबास रहेको देखिन्छ। यस गाउँपालिकाका प्रमुख चाडहरु दशैं, तिहार, ल्होसार, छेजु, नारा, तिज, माघेसंक्रान्ति आदि रहेकाछन् भने सातधारे, कोट, कुबिण्डे र डुप्चे जात्राहरु पनि सबै समुदायले मनाउने गरेको पाइन्छ। यस गाउँपालिकामा रेड पाण्डा, हिउँ चितुवा जस्ता अति दुर्लभ प्रजातिका जनावरहरु पाइन्छ भने मृग, बंदेल, बाँदर, घोरल लगायत २०० बढी प्रजातिको चराहरु पनि रहेको पाइन्छ।

### २.१.२ जनसांख्यिक अवस्था

यस गाउँपालिकामा पार्श्वचित्रका निम्ति २०७५ मा पनि जनसंख्या सर्वेक्षण गरिएको थियो। त्यसैगरी २०७८ जनगणनाको प्रारम्भिक प्रतिवेदन पनि प्रकासित भईसकेकोछ। तलको तालिकामा यस गाउँपालिकाको तुलनात्मक जनसाङ्ख्यिकी विवरण प्रस्तुत गरिएकोछ।

| जनसंख्या | राष्ट्रजनगणना २०६८ | गाउँपालिका घरधुरी सर्वेक्षण २०७५ | राष्ट्रजनगणना २०७८ |
|---|---|---|---|
| परिवार संख्या | ४,२०३ | ४२८४ | ४६९० |
| महिला | ९,१०७ | ११५२० | ८७१६ |
| पुरुष | ८,५६४ | ११६०२ | ८७८१ |
| जम्मा | १७,६७१ | २१८५३ | १७४९७ |

*सौजन्यः हेलम्बु गाउँपालिका पर्श्वचित्र-२०७५, राष्ट्र जनगणना २०६८ र २०७८*

त्यसैगरी हेलम्बु गाउँपालिका पर्श्वचित्र - २०७५ र जनगणना २०७८ अनुसार तुलनात्मक जनसंख्या विवरण निम्न अनुसार रहेको पाइन्छ। घरधुरीको हिसाबले २०७५ सालमा वडा नं. ६ मा सर्वाधिक ७१६ घरधुरी रहेको थियो भने वडा ३ मा न्यून ४९० घरधुरी रहेको थियो।

| वडा नं | २०७५ घरधुरी सर्वेक्षण | | | २०७८ राष्ट्रिय जनगणना | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | १५४० | १६०५ | ३१५४ | ११९९ | १११२ | २३११ |
| २ | १८९१ | १९८५ | ३८७६ | १३९९ | १३५१ | २७५० |
| ३ | १२३४ | १२३६ | २४७० | ९४२ | ९८७ | १९२९ |
| ४ | १३४६ | १३९४ | २७४० | ९९० | १०६७ | २०५७ |
| ५ | १४६० | १४८६ | २९४६ | १३०० | १३३३ | २६३३ |
| ६ | १६९४ | १६३३ | ३३२७ | १४६१ | १३६१ | २८२२ |
| ७ | १६३४ | १७१५ | ३३४९ | १४९० | १५०५ | २९९५ |
| **जम्मा** | **१०७९९** | **११०५४** | **२१८५३** | **८७८१** | **८७१६** | **१७४९७** |

त्यसैगरी २०७८ राष्ट्रिय जनगणना अनुसार उमेर गत विवरण निम्न अनुसारको रहेकोछ । यस तथ्याङ्कमा पनि युवाको जनसंख्या सर्वाधिक (१५ – ५९ वर्षको ६१.२ प्रतिशत) रहेको देखिन्छ भने वृद्धको संख्या घट्दो देखिन्छ ।

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| ००-०४ | ६८८ | ५८५ | १२७३ | ७.३ |
| ०५-०९ | ७६८ | ७४३ | १५११ | ८.६ |
| १०-१४ | ७४४ | ८१४ | १५५८ | ८.९ |
| १५-१९ | ७२५ | ८०३ | १५२८ | ८.७ |
| २०-२४ | ७२३ | ७३४ | १४५७ | ८.३ |
| २५-२९ | ६९८ | ६४७ | १३४५ | ७.७ |
| ३०-३४ | ५९९ | ५६२ | ११६१ | ६.६ |
| ३५-३९ | ५२१ | ५५४ | १०७५ | ६.१ |
| ४०-४४ | ५०९ | ५९९ | १०५३ | ६.१ |
| ४५-४९ | ५१२ | ४८० | ९९२ | ५.७ |
| ५०-५४ | ५४८ | ५२७ | १०७५ | ६.१ |
| ५५-५९ | ४६० | ४३५ | ८९५ | ५.१ |
| ६०-६४ | ४२५ | ४०८ | ८३३ | ४.८ |
| ६५-६९ | २९४ | २८१ | ५७५ | ३.३ |
| ७०-७४ | २७६ | २६३ | ५३९ | ३.१ |
| ७५-७९ | १५३ | १७३ | ३२६ | १.९ |
| ८०-८४ | ८३ | ८८ | १७१ | १.० |
| ८५-८९ | ४२ | ४७ | ८९ | ०.५ |
| ९०-९४ | १० | १५ | २५ | ०.१ |
| ९५+ | ३ | १३ | १६ | ०.१ |
| **जम्मा** | **८७८१** | **८७१६** | **१७४९७** | **१००.०** |

त्यसैगरी २०७८ जनगणनाको प्रकाशित प्रारम्भिक प्रतिवेदन अनुसार गाउँपालिकाको समग्र उमेर समूह जनसंख्या देहायको चित्रमा देखाईएकोछ ।




## २.२ आर्थिक विकासको अवस्था

### २.२.१ कृषि तथा खाद्य सुरक्षा

यस गाउँपालिकाको अधिकांश जमिनमा भिरपाखा रहेकोछ र नदीको थुप्रै उर्वर भूमि पनि रहेकोछ। जस्तै पाल्चोक शेरा फाँट, गिरीखेत, अमिलो पानी, महाँकालको शेर, इचोकको गोहरे फाँट, महाँकाल फाँटहरु रहेकाछन्। तर २०७८ सालको बाढीले थुप्रै क्षति भएर कृषि उर्वर जमिनमा कमी आएको पाइन्छ। हेलम्बु गाउँपालिका आलुको लागि प्रख्यात रहेको पाइन्छ भने तरकारी खेतीमा पनि आर्थिक विकास निर्भर हुँदै गरेको पाइन्छ। त्यसैगरी किवी जस्ता फलहरुको खेती पनि भैरहेकोछ। खेतीको हिसाबले माथिल्लो भेगमा तोरी, आलु, तरकारी खेती आदि हुन्छ भने मध्ये भागमा मकै र कोदोको बढी खेती हुन्छ। केहि तल्लो फाँटहरुमा धान, मकै, गहुँ, कोदो आदि खेत हुन्छ। याहाँको अधिकांश खेती निर्बाहमुखी हो भने व्यावसायिक खेती प्रणालीमा बृद्धि भैरहेको देखिन्छ। पशुपालनकाबारेमा २०७५को अध्ययन अनुसार १,०७७ गाई रहेकोछ भने २,०६९ भैँसी र बाख्रा ५,५०३ रहेको उल्लेखछ।

खाद्य सुरक्षाको हिसाबमा आफ्नो कमाई नै नहुने परिवार संख्या २३० रहेको देखिन्छ, आफ्नो कमाइले तीन महिना मात्र खान पुग्ने परिवार संख्या १,५४९ छ। त्यसैगरी ६ महिना खाना पुग्ने परिवारको संख्या ७६१ रहेकोछ र नौ महिना खान पुग्ने ३६२ परिवार र १ वर्ष सम्म पुग्ने परिवार संख्या ८२४ घरधुरी रहेकोछ। आफ्नो उब्जनीलाई आफ्नो खपत अलवा १४९ परिवारले बिक्रि गरी आर्थिक लाभ लिने गरेको पाइन्छ।

### २.२.२ संस्कृति तथा पर्यटन

हेलम्बु गाउँपालिकाले आफ्नो आर्थिक विकासको लागि पर्यटनक्षेत्रलाई शिर्ष स्थानमा राखेको देखिन्छ। गाउँपालिकाकै खर्चमा सुरुवात गरिएको ६० किमी लम्बाई भएको "ग्रेट ट्रेल" निर्माणको लागि बाहिरी श्रोतको जुटाई पूर्णता दिने गाउँपालिकाको योजना रहेकोछ। त्यसैगरी यस गाउँपालिका हुँदै गोसाइँकुण्ड जाने पदमार्ग रहेको कारण पर्यटक ठूलो मात्रामा भित्रिने गरेको पाइन्छ। बौद्ध धर्मालम्बीका लागि हेलम्बु निकै आकर्षित गन्तव्य रहेकोछ। यस स्थलमा विभिन्न समयमा विभिन्न बौद्ध धर्मगुरुहरुले ध्यान गर्ने गरेको किम्बदन्ती रहेको पाईन्छ र त्यसै अनुरुप गुरु रिन्पोचेको सालिक लगायत यहाँ थुप्रै गुम्बा र मानेहरु रहेकाछन्। हिन्दु धर्मालम्बीहरुको लागि महत्त्वपूर्ण मानिने पलान्चोक भगवती भने दैनिक रुपमा सर्वाधिक आन्तरिक पर्यटक भित्र्याउने गन्तव्य रहेको देखिन्छ।

त्यस बाहेक गाउँपालिकामा आमायाङ्ग्री, मेलम्ची घ्याङ्, शेर्माथाङ्, नाँगी डाँडा आदि थुप्रै स्थलहरु कला, संस्कृति तथा मनोरम दृश्यका लागि प्रख्यात रहेको पाइन्छ। २०७८ सालको बाढी अगाडि मेलम्ची किनारमा थुप्रै संख्यामा ट्राउट माछा फर्महरु रहेका थिए जुन बाढीले बिनाश गरेको थियो। अझै पनि माथिल्लो भेगहरुमा ट्राउट माछा फर्मको व्यवासय गर्न प्रयत्न भईरहेको र उत्साहित युवाहरु लागीरहेको देखिन्छ।

यो गाउँपालिका ह्योल्मो जातिको मौलिक कला तथा संस्कृतिको लागि प्रख्यात रहेको पाइन्छ । माथिल्लो भूभागमा ह्योल्मो, तामाङ्ग जातिको बर्चस्व रहेको पाइन्छ भने तल्लो भेगमा विशेषगरी ब्राह्मण र क्षेत्री जातिको बसोबास रहेको पाइन्छ । मिश्रित समुदाय रहेको यस गाउँपालिकाको विभिन्न स्थलहरुमा विभिन्न संस्कृतिहरुको झलक देख्न सकिन्छ ।

### २.२.३ उद्योग, व्यापार, व्यवसाय र आपूर्ति

यस गाउँपालिकामा कुनै पनि ठूलो उद्योग छैन भने केहि घरेलु उद्योगहरु आम्दानीका श्रोतका रुपमा विकास भएकाछन् । व्यापारिक केन्द्रका रुपमा शेरा, चनौटे, ग्याल्थुम आदि रहेकाछन् भने आपूर्तिका लागि मुख्य बजार मेलम्ची बजार रहेकोछ । याहाँ दिनहुँ काठमाण्डौंबाट गाडी आउने जाने भएकाले यस गाउँपालिकामा खाद्यान्न तथा अन्य सामग्री काठमाण्डौंबाट समेत ढुवानी गर्ने गरेको पाइन्छ ।

### २.२.४ आम्दानी, रोजगारी र वित्तीय सेवा

यस गाउँपालिकाको आम्दानीको मुख्य श्रोत कृषि रहेको पाइन्छ । माथिल्लो भेगका पर्यटकीय स्थलहरुमा सामुदायिक रुपले होम्स्टे सञ्चालन गरी पर्यटनबाट आम्दानी गर्ने गरेको पाइन्छ भने तल्लो भेगमा तरकारी खेती, माछा पालन आदि गर्ने गरेको पाइन्छ । पशुपालन पनि आम्दानीको श्रोत रहेकोछ जसमा माथिल्ला भेगमा चौरी, भेडा पाल्ने गरिन्छ भने तल्लो भेगतिर गाई तथा भैंसी पालन हुने गरेको देखिन्छ । २०७५को घरधुरी सर्वेक्षणका अनुसार यस गाउँपालिकामा करिब ५०% भन्दा बढी जनसंख्या आर्थिक रुपले सक्षम रहेकोछ । आर्थिक रुपले सक्रिय महिला समूहहरु पनि ठूलो संख्यामा रहेको पाइन्छ ।

वित्तीय संस्थाको जानकारी अनुसार वडा नं. २ मा मेगा बैंकको शाखा रहेको पाइन्छ ।

### २.२.५ सहकारी

यस गाउँपालिकाको वडा नं. २ मा ४ वटा सहकारी रहेको पाइन्छ भने वडा नं. ७ मा पनि २ सहकारी संस्था रहेकोछ । त्यसैगरी अन्य थुप्रै सहकारी संस्थाबाट गाउँपालिकाका स्थानीयहरुले सेवा प्राप्त गरेको अवस्थाछ ।

## २.३ सामाजिक विकासको अवस्था

### २.३.१ खानेपानी तथा सरसफाइ



स्रोत: हेलम्बु गाउँपालिकाको पर्श्वचित्र २०७५

काठमाण्डौं उपत्यकालाई लक्षित विकास गरिएको मेलम्ची खानेपानी योजना यस गाउँपालिकामा पर्दछ । यस गाउँपालिकामा २०६८को जनगणना अनुसार पाइपको माध्यमबाट खानेपानी प्रयोग गर्ने जनसंख्याको अनुपात उच्चतम रहेको पाइन्छ। करिब ३,४०० घरधुरी पाइपमा निर्भर रहेकाछन् भने २,८०० घरधुरी धारामा भर परेकाछन् र अन्य खोल्सा, नदि आदि श्रोत रहेको पाइन्छ । त्यसैगरी खानेपानीको श्रोतको सम्बन्धमा अधिकांश घरपरिवार पाइपमै निर्भरछन् । ती बाहेक खुल्ला श्रोतमा पनि १२० परिवार निर्भर रहेको पाइन्छ । यस गाउँपालिकामा सरसफाइको सन्दर्भमा ३,०७४ परिवारको पक्कि शौचालय रहेको पाइन्छ भने १,२१० परिवारको कच्ची रहेको पाइन्छ । तर १,१४४ घरधुरीमा भने शौचालय छैन । शौचालय प्राप्त मध्ये ७२२ सेफ्टी टंकी भएको, साधारण शौचालय २,२०४छ भने २४ घरधुरीले शौचालयको प्रकार खुलाएका छैनन् ।

त्यसैगरी घरायसी फोहोरहरु घरमै व्यावास्थापन गर्ने गरेको देखिन्छ। केहि घरहरुमा चाहिँ मलका रुपमा प्रयोग गरिएको देखिन्छ। सहरीकरणको अवस्था तीव्र अझै भई नसकेको कारण फोहोर मैला व्यवस्थापनमा खासै चुनौती देखिदैन, तर केहि बजार क्षेत्रमा भने ढलको आवश्यकता महसुस भएको पाइन्छ।

### २.३.२ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

यस गाउँपालिकामा आमा समूहहरु बलियो रहेको देखिन्छ। केहि स्थलहरुमा आमा समूहहरुको अगुवाईमा शेर्माथाङ जस्ता बस्तीहरु पूर्ण रुपमा सहाकारीमा परिणत भएको पाइएकोछ। यस गाउँपालिकाको लैङ्गिक अनुपात २०६८ मा ९४% रहेको थियो भने २०७५को घरधुरी सर्वेक्षण अनुसार ९९% रहेको देखिन्छ। यसको मतलव गाउँमा पुरुषको भन्दा महिलाको संख्या बढि देखिन्छ। यस गाउँपालिकामा महिला हिंसाका घटना कमछन् भने महिला लक्षित अभिमुखीकरण कार्यक्रम तथा स्वास्थ्य शिबिरको आवश्यकता महसुस भएकोछ।

सबै जाति समान अधिकार तथा समान सवल र सक्षम रहेको देखिन्छ भने समावेशीकरणको स्थिति उत्साहजनक देखिन्छ। मिश्रित समुदाय रहेका यो गाउँपालिकामा सबै सामाजिक कार्यमा न्यायोचित सहभागिता हुने गरेको देखिन्छ।

### २.३.३ युवा, खेलकुद तथा कला

यस गाउँपालिकामा विभिन्न खेलमैदानहरु रहेको देखिन्छ। वडा नं. ४ मा चिलाउने घारी र डाँडा टोल गरी २ खेल मैदान रहेको पाइन्छ। वडा नं. ५ मा पनि छ्युमीचौर खेलमैदान रहेको पाइन्छ। अधिकांश विद्यालयका प्राङ्गणलाई खेलमैदानका रुपमा विकास गर्न सकिने देखिन्छ भने सार्वजनिकस्थलमा खेलमैदान पनि निर्माण गरिएको देखिन्छ। जिल्लास्तरीय तथा गाउँपालिकास्तरीय फुटबल खेल प्रतियोगिता आयोजना भई रहेको देखिन्छ भने स्थानीयहरुको खेल प्रति उत्सुक्ता र सहभागिताले खेल विकासमा प्रचुर सम्भावना देखिएको छ।

कलाको दृष्टिकोणले पनि यो गाउँपालिका सबल रहेको देखिन्छ। यस गाउँपालिकामा शेर्माथान, मेलम्ची घ्याङ्ग जस्ता विभिन्न मौलिक ह्योल्मो, शेर्पा, तामांग जातका कला तथा संस्कृति झल्किने बस्तीहरु रहेकाछन्।

## २.४ पूर्वाधार तथा शहरी विकासको अवस्था

### २.४.१ सडक, पुल तथा यातायात

यस गाउँपालिकाको अधिकांश बस्तीमा मोटर बाटोको पहुँच पुगेकोछ भने केहि नयाँ योजनाहरुको माग भएको पाइन्छ। यस पालिकाको पार्श्वचित्र अनुसार वडा १ मा ३ मोटर बाटो तथा ८ झोलुङ्गे पुलहरू रहेकाछन्। यातायातका हिसाबले बाढीका बखत नियमित चल्ने गरेको काठमाण्डौं देखिको सार्वजनिक यातायातमा रोक लाग्ने गरेको देखिन्छ। वडा नं. २ मा करिब १० मोटर बाटो रहेकाछन् भने करिब ६ झोलुङ्गे पुल रहेकाछन्। त्यसैगरी यातायातको सन्दर्भमा काठमाण्डौंबाट हरेक दिन एकवटा गाडी आउने तथा एकवटा जाने गरेको देखिन्छ। वर्षायाममा बाहेक सेर्माथाङ् सम्म गाडी पुग्ने गरेको देखिन्छ। वडा नं. ३ मा १० मोटरबाटो रहेकाछन् भने ३ झोलुङ्गे पुल रहेको पाइन्छ। यस वडामा पनि काठमाण्डौं बाट एकवटा गाडी दैनिक सञ्चालनमा रहेको पाइन्छ। वडा नं. ४ मा ४ वटा मोटर बाटो रहेकाछन् भने ३ झोलुङ्गे पुल रहेकाछन्। यातायातका हिसाबले अन्य वडाहरु तिर लाग्ने सबै गाडी यो वडा हुँदै जाने हुनाले थुप्रै गाडीको सेवा उपलब्ध रहेको पाईन्छ। वडा नं. ५ मा भने १० सडक रहेकाछन् र २ झोलुङ्गे पुल रहेकाछन्। यातायातका सम्बन्धमा हाल वडा नं. ५ सुरुङ्सम्म गाडी चल्ने गरेको देखिन्छ। वडा नं. ६ मा ५ मोटरबाटो रहेको विवरण पाइन्छ भने ५ झोलुङ्गे पुल रहेको पाइन्छ। त्यसैगरी वडा नं. ७ मा ५ सडक रहेकाछन् भने ५ झोलुङ्गे पुल रहेकाछन्।

### २.४.२ विद्युत तथा वैकल्पिक उर्जा

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ का अनुसार ४,६३२ घरधुरी बत्तीका लागि बिजुलीमै निर्भर रहेकाछन् भने सोलार ४७ घरधुरीमा जडित देखिन्छ। त्यसैगरी इन्धनको रुपमा भने ११ घरधुरी बिजुलीमा निर्भर रहेक पाइन्छ।

**बत्तिको श्रोतको आधारमा घरधुरी**

| वार्ड नं. | विद्युत | सोलार | मट्टीतेल | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | ७०६ | ३ | ० | ० | ७०९ |
| २ | ७६९ | ६ | ७ | ० | ७८२ |
| ३ | ५३३ | ४ | ० | ० | ५३७ |
| ४ | ५४६ | ३ | ० | ० | ५४९ |
| ५ | ६०६ | ४ | ० | ० | ६१० |
| ६ | ७४० | २१ | १ | ० | ७६२ |
| ७ | ७३२ | ६ | ० | ३ | ७४१ |
| कुल | ४६३२ | ४७ | ८ | ३ | ४६९० |

*श्रोतः राष्ट्रिय जनगणना २०७८, केन्द्रिय तथ्याङ्क कार्यालय*

### २.४.३ सूचना, संचार तथा प्रविधि

यस गाउँपालिकामा २०७८ जनगणना अनुसार रेडियो प्रयोगकर्ता २,१६९, टिभी प्रयोगकर्ता २,२१२ छ जुन २०६८ मा १,१३० थियो। त्यसरी नै कम्प्युटर-ल्यापटप पाउने घरपरिवार १३४ रहेकोछ जुन २०६८ मा २७ रहेको थियो। अहिले ५४८ घरधुरीमा नेटको व्यवस्था रहेको पाइन्छ भने ३,९५२ घरपरिवारसँग टेलिफोन वा मोवाइल फोन सेवा उपलब्ध रहेको पाइन्छ। २२६ घरधुरी भने माथि उल्लेखित सम्पूर्ण सेवाबाट बञ्चित रहेको देखिन्छ।

### २.४.४ मानव संशाधन

यस गाउँपालिकामा निर्वाचित जनप्रतिनिधिहरु बाहेक प्राशासनिक संरचनाको रुपमा कर्मचारी संयन्त्रछ जस अनुसार प्राबिधिक तर्फ ९ र अप्राबिधिक तर्फ १६ गरी २५ जनाको दरबन्दी छ। यसमा प्रमुख प्रशासकीय अधिकृत, प्राविधिक शाखामा एक ईन्जिनियर, सव-ईन्जिनियर र अ. सव-ईन्जिनियर रहेकाछन् भने शिक्षा शाखा, प्रशासनिक शाखामा १-१ अधिकृतको दरबन्दी रहेको पाइन्छ। हरेक वडामा सचिवको दरबन्दी रहेकोछ भने कर्मचारीको अभावले केहि सचिवले २ वटा वडाको काम धानिरहेको  पाइन्छ। त्यसैगरी गाउँपालिकामा विभिन्न विषयगत समितिहरु गठन गरिएकाछन् भने प्राशानिक सहजताका लागि आवश्यक अरु समितिहरु पनि गठन गरिएकाछन।

# परिच्छेद ३: सोंच तथा विकासको अवधारणा

## ३.१ संघीय तथा प्रादेशिक योजना अन्तर-आवद्धता

नेपालको संविधान र कानूनमा व्यवस्था भएबमोजिम स्थानीय तहले आफनो अधिकार क्षेत्रभित्र रहेको विषय र क्षेत्रलाई समेट्ने गरी स्थानीय तहको आर्थिक सामजिक विकासको लागि आवधिक योजना तर्जुमा गर्ने कानूनी प्रावधानछ। यसै अनुरुप यो आवधिक योजना तर्जुमा कार्य अगाडि बढेको हो। यो आवधिक योजना तर्जुमा गर्दा संघीय योजना र प्रदेश सरकारको आवधिक योजनासँग तादम्यता कायम गरिएकोछ। राष्ट्रिय योजना आयोगले स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ मा समाहित मार्ग निर्देसित खाकाको आधारमा यो आवधिक योजना तर्जुमा गरिएकोछ। संघ, प्रदेश र स्थानीय तहको योजना अन्तर-आवद्धतालाई माथिको चित्रबाट स्पष्ट गरिएकोछ।

तस्बिर १ संघ, प्रदेश र स्थानीय तहको आबधिक योजना बीचको अन्तरसम्बन्ध




## ३.२ दीर्घकालीन सोंच

दीर्घकालीन सोंच वर्तमानको अवस्थाबाट निश्चित अवधिमा भविश्यमा पुग्न सकिने एक ईच्छित अवस्था हो। यसको लागि गाउँपालिकामा उपलब्ध स्रोत, साधन संभाव्यतालाई सदुपयोग गर्दै पालिकाको मुख्य समस्या र चुनौतीलाई सामना गर्न तयार बनाउन सक्नु पर्दछ। दीर्घकालीन सोंच एक आवधिक योजनामा मात्र प्राप्त गर्न सकिने सोंच नभएतापनि आवधिक योजनाले यसलाई अगाडि बढाउन मद्दत गर्दछ।

स्थानीय तहको सोंच निर्धारण गर्दा राष्ट्रिय र बागमती प्रदेशको दीर्घकालीन सोंचलाई पनि आत्मसात् गर्न सक्नु पर्दछ। यसले समग्र संघ र सम्बन्धित प्रदेशको योजनाका उद्देश्य र लक्ष्यमा सहयोग पुर्‍याउँदछ। त्यसैले हेलम्बु गाउँपालिकाको योजना तर्जुमा गर्दा संघीय सरकारले तर्जुमा गरेको १५औ राष्ट्रिय योजनाको दीर्घकालीन सोंच *"समृद्ध नेपाल, सुखी नेपाली"* त्यसमा अन्तर्निहित लक्ष्य, उद्देश्य र रणनीति आदिलाई पनि ध्यान दिइएकोछ। त्यस्तै गरी बागमती प्रदेशको दीर्घकालीन सोंच *"सुसांस्कृतिक र सुखी जनता; समाजवाद उन्मुख समृद्ध प्रदेश"*,लक्ष्य, उद्देश्य र रणनीतिलाई पनि आधार मानिएकोछ। हेलम्बु गाउँपालिकाको सम्भावना तथा अग्रणी क्षेत्रको आधारमा सबल र समृद्ध गाउँपालिकाको विकासको लागि गाउँसभाले निम्न उल्लेखित दीर्घकालीन सोंच तय गरेकोछ।

**"हेलम्बु गाउँपालिकाको अभियान, नमुना गाउँपालिकाको निर्माण"**

यो गाउँपालिका कृषि उत्पादनमा खास गरी आलु, सिमी,लेकाली सिमी, फलफूल तरकारी र किवी, कागती जस्ता फलफूल र पशुपालनको अत्यन्तै सम्भावना रहेकोछ। यहाँको अर्गानिक उत्पादनलाई राजधानी काठमाण्डौजस्ता शहरहरुमा निकासी गरी ठूलै आर्थिक उपार्जन गर्न सकिन्छ। यहाँको हावापानीमा कृषिमा उद्यमशिलता र व्यवसायिकरण प्रमुख सम्भावना रहेको हुँदा कृषि क्षेत्रको विकासबाट गाउँपालिकाको पहिचान र समृद्धिको आधार बन्न सक्दछ। त्यसैले कृषि उत्पादनको लागि पनि यो गाउँपालिका उर्वर भूमिमा गनिन्छ। यो गाउँपालिका प्रकृतिक सम्पदाले धनि र सुन्दर गाउँपालिका हो। यो गाउँपालिकाभित्र विभिन्न स्थानमा भएका पर्यटकीय क्षेत्रहरुको विकास गर्न सकिएमा पर्यटनबाट पनि रोजगारी बृद्धि गर्न सकिन्छ।

गाउँपालिकाको मुख्य आम्दानीको स्रोत नै पर्यटन हो। सम्बृद्धिलाई डोर्‍याउने सबैभन्दा महत्वपूर्ण बिषय भनेको पूर्बाधार नै हो। त्यसैले गाउँपालिकाका सबै वडा र टोलहरुसम्म बाह्रै महिना आवागमन हुन सक्ने सडक यातायातले गाउँको विकासमा महत्वपूर्ण भूमिका खेल्ने हुँदा गाउँको दीर्घकालीन सोंचमा पूर्बाधार विकासलाई जोड दिएकोछ। साथै, भूकम्प, बाढी र पहिरोबाट प्राप्त विपद्को अनुभवका आधारमा हेलम्बु गाउँपालिकाले सबैक्षेत्रमा विपद् तथा जलवायु जोखिम न्यूनीकरणलाई विकासको मूलप्रवाहमा ल्याउने र विभिन्न नीति तथा परियोजनाहरू मार्फत उत्थानशिल समुदाय निर्माणलाई सम्बोधन गर्ने छ। ती उन्नत मूर्त तथा अमूर्त कार्यहरूद्वारा यस हेलम्बु गाउँपालिका नेपालको ***नमुना गाउँपालिका*** हुन सक्छ, जसको लागि सबैको सहयोग तथा सहकार्यको जरुरी रहन्छ।

### ३.३ दीर्घकालीन सोंचका प्राथमिकताका क्षेत्रहरु

दीर्घकालीन सोंचले जलवायु संबेदनशिल विकासमा समेटेका क्षेत्रहरुलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| कृषि विकास | पर्यटन |
|---|---|
| • पकेट क्षेत्र विकास: (आलु, सिमी रलेकाली सिमी)<br>• व्यवसायिक कृषि तथा पशुपालन;दुग्ध परिकारहरु उत्पादन<br>• सहज बजार पहुँच र उचित मूल्य निर्धारण<br>• कृषि सामाग्री, मल, बिज, प्रविधि, तालिम र सहज ऋणको व्यवस्था | • "द ग्रेट ट्रेल" केन्द्रित पर्यटन विकास<br>• मूर्त तथा अमूर्त पर्यटन<br>• सास्कृतीक पर्यटन र ह्योल्मो सम्पदा मार्ग<br>• पर्यटन पूर्वाधार विकास<br>• नीजि क्षेत्रलाई लगानीको लागि आकर्षित गर्ने<br>• आवश्यक तालिमहरु प्रदान गरी दक्ष जनशक्ति तयार गर्ने र क्षमता अभिवृद्धि गर्ने |
| **पूर्वाधार विकास** | **सामाजिक विकास** |
| • सडक, यातायात र पुलपलेसा<br>• सिंचाइ पूर्वाधार विकास तथा बस्ती विकास | • शिक्षा तथा स्वास्थ्यको पूर्वाधार विकास र स्तरोन्नति<br>• स्वच्छ खानेपानीको उचित व्यवस्थापन |

### ३.४ समष्टिगत लक्ष्य

गाउँपालिकाको समग्र विकासका लागि कृषिको आधुनीकरण गर्दै आर्थिक पुनर्लाभ एवं सामाजिक रुपान्तरण, वन, वातावरण एवं दीगो पूर्वाधारहरुको विकास, स्वालम्बी एवं आत्मनिर्भर नागरिक तयार गरी सभ्य, सुसंस्कृत, सुशासनयुक्त उत्थानशील समाजको निर्माण गर्ने मुख्य लक्ष्य निर्धारण गरिएकोछ।

***गाउँपालिकाको विद्यमान स्रोत, साधन र सम्पदाको प्रयोग गरी आर्थिक वृद्धि गरी जलवायु परिवर्तन अनुकुल तथा दीगो पुर्वाधारहरु विकास गर्ने।***

### ३.५ समष्टिगत उद्देश्य

गाउँपालिकाको सबै क्षेत्र र पक्षको यथार्थ वस्तुस्थिति विश्लेषण गरी दीर्घकालीन रुपमा गाउँपालिकालाई कस्तो स्थानीय तहको रुपमा विकास गर्ने र आगामी पाँच वर्षको गाउँपालिकाको विकास योजना तर्जुमा गर्ने मूल उद्देश्य रहेको यस आवधिक योजनाको अन्य विशिष्ट उद्देश्यहरु निम्न प्रकार रहेकाछन्।

१) व्यवसायिक कृषि तथा पशुपालन र उद्योग व्यवसायका माध्यमद्वारा रोजगारी र आयमा वृद्धि गर्नु।
२) आधारभूत स्वास्थ्य र सरसफाइ तथा गुणस्तरीय शिक्षाका माध्यमबाट समावेशी विकास गर्नु।
३) वातावरणमैत्री, दीगो र उन्नत भौतिक पूर्वाधारहरुको विकास गर्नु।
४) वन तथा प्राकृतिक स्रोत साधनहरुको दीगो उपयोग मार्फत उत्थानशील आर्थिक विकास गर्नु।
५) संस्थागत सुशासन कायम गरी प्रभावकारी सेवा प्रवाह गर्नु।

### ३.६ समष्टिगत नीति तथा रणानीतिहरु

- वन सम्पदामा आधारित र पर्यटन केन्द्रित उद्योग स्थापना गरी स्थानीय रोजगारीको उत्थान गर्ने
- शिक्षा तथा स्वास्थ्यका आवश्यक पुर्वाधारहरु विकास गरी समतामूलक विकासका लागि सिमान्तकृत समुदायको आर्थिक विकास गर्ने
- यातायात तथा सिंचाइ पूर्वाधार विकास गरी र सामुदायिक उत्थान्शिलता सहित आर्थिक क्रियाकलाप वृद्धि गर्ने
- विपद्को जोखिम न्यूनीकरण गरी दीगो र उत्थानशिल पुर्वाधारहरु निर्माण गर्ने
- गाउँपालिकामा चुस्त तथा विश्वश्नीय सेवा तथा सुविधाहरु व्यवस्थापन गराउने

## ३.७ समष्टिगत कार्यनीतिहरु

यस आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य र उद्देश्यहरु प्राप्त गर्नेको लागि निम्न बमोजिमका कार्यनीतिहरु प्रस्ताव गरिएको छः

- प्राकृतिक श्रोतमा आधारित आर्थिक उत्पादनका अवसरहरुको अत्यधिक उपयोग गरिनेछ।
- आकर्षक पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धनका साथै उद्यम, व्यापार तथा व्यवसायको विकास गरिनेछ।
- सामुदायिक उत्थानशील परियोजनाहरू (CRPs) र समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरू मार्फत सामुदायको समग्र बिकासलाई झन राम्रो र बलियो (BBB) उत्थानशीलतालाई प्रोत्साहित गर्दै लगिनेछ।
- गरिब, द्वन्द्वबाट प्रभावित र सिमान्तकृत वर्गका बालबालिकालाई निःशुल्क पठनपाठन गराउन नीजि , संस्थागत र सामुदायिक विद्यालयहरुसँग सहकार्य गरिनेछ।
- सामाजिक सुरक्षा तथा समावेशीतालाई सुनिश्चिच गरिनेछ।
- गाउँपालिकाको भौतिक विकासमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नता बढाउँदै लगिनेछ।
- सबै क्षेत्र र उप-क्षेत्रहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (GESI)लाई विकासको मूल प्रवाहमा ल्याई सामाजिक सुरक्षा र समावेशीता सुनिश्चित गरिनेछ।
- यायाताय, जलश्रोत, संचार तथा बस्ती विकास लगायत पूर्वाधारको विकास गरिनेछ।
- सामुदायिक आवश्यकताहरू र विपन्न समूहहरू (DAGs)को प्राथमिकताहरूलाई सम्बोधन गर्न महिला, अपाङ्गता भएका व्यक्तिहरू (PWDs), अल्पसंख्यक जाति समूहहरू, वृद्धहरू र युवाहरूको लागि कार्यक्रमहरु समावेश गरिनेछ।
- वन, वातावरण संरक्षण तथा जैविक विविधता कायम गर्दै विपद् जोखिम न्यूनीकरणबाट विकास र वातावरण बिच सन्तुलन कायम गरिनेछ।
- वातावरण संरक्षण सम्बन्धी प्रष्ट नीति निर्माण गरिनेछ।
- विकास कार्यको प्रभावकारीता र सेवा प्रवाह सदृढ गरी सुशासन अभिवृद्धि गरिनेछ।
- मानवपूँजी निर्माण र सशक्तीकरण गर्न गाउँपालिकाका शिक्षित युवाहरुलाई सामाजिक परिचालनमा संलग्न गराईनेछ।
- लक्षित समूह लक्षित कार्यक्रमहरुमा गाउँपालिकाले अनुदान वृद्धि गर्दै लगिनेछ।
- नीजि क्षेत्रको लगानीलाई आकर्षित गरी सार्वजनिक नीजि साझेदारी (PUBLIC PRIVATE PARTNERSHIP)को सिद्धान्त अनुरुप विकास कार्य सञ्चालन गरिनेछ।
- गाउँपालिकाको भौतिक र आर्थिक तथा सामाजिक विकास आयोजनाहरूमा उपभोक्ता समितिको लागत, सहभागिता र संलग्नतामा वृद्धि गरिनेछ।
- सबै क्षेत्र र उप-क्षेत्रहरूमा पुनर्लाभ र विपद् तथा जलवायु जोखिम न्यूनीकरण प्राथमिकताहरू समावेश गरी भविष्यमा हुने विपदबाट हुने आर्थिक तथा मानवीय क्षतिलाई कम गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।
- विपद् पूर्व सामान्य दिनहरूमा उत्थानशील समाज निर्माण गर्न अग्रगामी कार्यहरूलाई प्रथमिकतामा राखिनेछ।
- सामुदायिक, वडा र गाउँपालिकास्तरमा DRR क्षमता विकास र संस्थागत सेटअपहरू प्रवर्द्धन गर्दै लगिनेछ।
- भविष्यका प्रकोपहरू विरुद्ध विपन्न समूह (DAGs)को क्षमता विकास प्रवर्द्धनमा थप जोड दिंदै अझ राम्रो र बलियो पुनर्लाभ र विकास निर्माण प्रक्रियाहरूमा संकटाशन्न समूहहरुको सहभागितालाई अधिकतम बनाईनेछ।

उपरोक्त लक्ष्य तथा उद्देश्य हासिल गर्नको लागि विषयक्षेत्रगत रुपमा कार्यक्रम र क्रियाकलापहरु तय गरिएको छ। समग्रमा गाउँपालिका गौरवका कार्यक्रमहरु अनुसूची १ मा र विषयक्षेत्रगर कार्यक्रमहरु अनुसूची २ मा दिईएको छ।

## ३.८ स्थानीय तहको समष्टिगत अर्थतन्त्र

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, वन, जल, पर्यटन, तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। हालसम्म राष्ट्रिय राजमार्गसँग पहुँच नभएको, ग्रामीण परिवेश भएको, विकट पहाडी भूगोल र व्यापारिक तथा आर्थिक गतिविधिहरु अत्यन्तै सिमित भएकोले यस गाउँपालिकाको आम्दानीका आन्तरिक स्रोतहरु अत्यन्त न्यूनछन। गाउँपालिकाका सबै वडाहरूमा बाह्रै महिना मजबुत नभएको सडक सञ्जालको पहुँचको असहजीकरणको कारण कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएतापनि गाउँपालिकामा अन्य उद्योग धन्दाको विकास हुन सकेको छैन। यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन। प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता, धार्मिक स्थल एवं साँस्कृतिक विविधताले भरीपूर्ण रहेका कारण जिल्लाको आकर्षण गन्तव्यहरू मध्ये यो गाउँपालिका पनि एक हो। यसकारण यो गाउँपालिकालाई पर्यटकीय हिसाबले

माथी उकास्न सकिन्छ। जसले गाउँपालिकाको आर्थिक क्षेत्रमा ठूलो सहयोग पुग्नेछ। गाउँपालिकामा स्थानीयस्तरमा सञ्चालनमा रहेका उद्योग, व्यवसाय तथा व्यापारले पनि गाउँपालिकाको आर्थतन्त्रमा सहयोगी भूमिका निर्वाह गरेकोछ। गाउँपालिकाको अर्को महत्वपूर्ण आर्थिक स्रोत भनेको राजस्व हो। गाउँपालिकामा राजश्वको हिसाबले त्यति धेरै रकम भने संकलन हुने गरको देखिदैन। यसको साथसाथै गाउँपालिकाको आम्दानीको प्रमुख स्रोत संघीय तथा प्रदेश सरकाबाट प्राप्त हुने गरेको रकमले पनि गाउँपालिकाको समग्र अर्थतन्त्रताई प्रत्येक्ष प्रभाव पारेकोछ।

राष्ट्रिय राजमार्गसँग पहुँच नभएको, ग्रामीण परिवेश भएको, विकट पहाडी भूगोल र व्यापारिक तथा आर्थिक गतिविधिहरु अत्यन्तै सिमित भएकोले यस गाउँपालिकाको आम्दानीका आन्तरिक स्रोतहरु अत्यन्त न्यूनछन्। गाउँपालिकाको आन्तरिक आयको स्रोतहरुमा राजश्व र गैर राजश्व कर रहेकाछन्। मालपोत कर, वडा कार्यालयहरुबाट प्राप्त राजश्व र गाउँपालिकाले संकलन गरेको प्रशासनिक शुल्क मात्र देखिन्छ। यसबाट के देखिन्छ भने गाउँपालिका पूर्णतया संघ र प्रदेश सरकारबाट प्राप्त हुने शसर्त र निशर्त समपुरक, अनुदानमा निर्भरछ।

### ३.९ सम्भाव्य स्रोतको अनुमान, प्रक्षेपण र क्षेत्रगत बाँडफाँड

गाउँपालिकाको वित्तीय स्रोत भनेको राजश्व कर र गैर राजश्व कर हो। यसको साथै संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य विकास साझेदारबाट प्राप्त हुने सहयोग रकम नै गाउँपालिकाको प्रमुख वित्तीय स्रोतहरु हुन्। यस आवधिक योजनामा गाउँपालिकाले निम्न बमोजिम बिभिन्न वित्तीय स्रोतहरु पहिचान गरी परिचालन गरिनेछ।

गाउँपालिकाको मुख्य वित्तीय स्रोतहरु निम्नछन्।

१) गाउँपालिकाको आन्तरिक स्रोतः गाउँलिकाबाट उठाईने राजश्व र गैर राजश्व
२) संघ र प्रदेशबाट रोयल्टी बाँडफाँड बापत प्रप्त हुने रकम
३) संघीय सरकारबाट प्राप्त हुने अनुदानः वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजश्व बाँडफाँड
४) प्रदेश सरकारबाट प्राप्तहुने अनुदानः वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान र राजश्व बाँडफाँड
५) सवारी साधन करको बँडाफँड
६) विशेष कार्यक्रम
७) संघ/संस्थागत
८) विकास साझेदार/बैदेशिक सहायता

### ३.१० आयको वस्तुगत अवस्था, विश्लेषण र प्रक्षेपण

| सी.नं. | बजेटका श्रोतहरु | आ. व. | | बार्षिक प्रक्षेपण (आर्थिक वर्ष अनुसार रकम (रु. हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | २०७७ /७८ | २०७८/७९ | २०७९ /८० | २०८० /८१ | २०८१ /८२ | २०८२ /८३ | २०८३ /८४ |
| १ | आय | ४२५४३८ | ४८९३२७ | ४७३२२४ | ५०३८४३ | ५३७१५६ | ५७३४१६ | ६१२८९९ |
| २ | राजश्व | १०५६८८ | १०५७७२ | १०९३५६ | ११३२४९ | ११७४८२ | १२२०८८ | १२७१०६ |
| ३ | आन्तरिक श्रोत | ६५०० | ६५०० | ७१५० | ७८६५ | ८६५२ | ९५१७ | १०४६८ |
| | नगद | ६५०० | ६५०० | | | | | |
| | नगद ऋण | | | | | | | |
| ४ | राजश्व बांडफांडबाट प्राप्त रकम | ९९१८८ | ९९२७२ | १०२२०६ | १०५३८४ | १०८८३० | ११२५७२ | ११६६३७ |
| ४.१.१ | राजश्व बांडफांड - संघिय सरकार | ७४७४७ | ७५२०० | ७५७२६ | ७६२५६ | ७६७९० | ७७३२८ | ७७८६९ |
| ४.१.२ | राजश्व बांडफांड - प्रदेश सरकार | २४४४१ | २४०७२ | २६४७९ | २९१२७ | ३२०४० | ३५२४४ | ३८७६८ |
| ५ | अन्तर सरकारी वित्तीय हस्तान्तरण | ३११३४५ | ३५९२०१ | ३६३८६८ | ३९०५९५ | ४१९६७५ | ४५१३२७ | ४८५७९३ |
| ५.१ | संघिय सरकार | २७१००० | ३०५२०० | ३०७७४० | ३३२१४५ | ३५८६९४ | ३८७५८६ | ४१९०३८ |
| ५.१.१ | सशर्त अनुदान चालु | १५३१०० | १६७७९५ | १८४५७५ | २०३०३२ | २२३३३५ | २४५६६९ | २७०२३६ |
| ५.१.२ | समानिकरण अनुदान | ११०४०० | ११३३०० | ११८९६५ | १२४९१३ | १३११५९ | १३७७१७ | १४४६०३ |
| ५.१.३ | समपुरक अनुदान | | ४२०० | ४२०० | ४२०० | ४२०० | ४२०० | ४२०० |
| ५.१.४ | विशेष अनुदान | ७५०० | १२५००. | | | | | |
| ५.१.५ | प्रधानमन्त्री रोजगार कार्यक्रम | | ७४०५. | | | | | |
| ५.२ | प्रदेश सरकार | ४०३४५ | ५४००१ | ५६१२९ | ५८४४९ | ६०९८१ | ६३७४२ | ६६७५५ |
| ५.२.१ | सशर्त अनुदान चालु | २००२५ | १४५९२ | १६०५१ | १७६५६ | १९४२२ | २१३६४ | २३५०१ |
| ५.२.२ | समानिकरण अनुदान | ९९९४ | ९५५२ | १०२२१ | १०९३६ | ११७०२ | १२५२१ | १३३९७ |
| ५.२.३ | समपुरक अनुदान | ५३२६ | २९८५७ | २९८५७ | २९८५७ | २९८५७ | २९८५७ | २९८५७ |
| ५.२.४ | विशेष अनुदान | ५००० | | ० | ० | ० | ० | ० |
| ६ | गत वर्षको नगत मौज्दात | ८४०५ | २४३५४ | | | | | |

### ३.११ वित्तीय हस्तान्तरण

१) प्रत्येक आर्थिक वर्षका लागि यस गाउँपालिकाले नेपाल सरकारबाट समानीकरण अनुदान, सर्शत अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्नेछ । संघबाट प्राप्त हुने अनुदानको रकम औषतमा वार्षिक १५%को दरले वृद्धि हुने प्रक्षेपण गरिएकोछ ।

२) नेपाल सरकारबाट प्राप्त हुने विशेष अनुदान र समपूरक अनुदान आर्थिक वर्ष शुरु भए पछि परियोजना प्रस्तावको आधारमा संघीय अर्थ मन्त्रालयद्वारा निर्णय गरिने हुँदा प्रारम्भिक अनुमान सम्म मात्र गरिएकोछ । साथै समपूरक अनुदान परियोजना लागतको अधिकतम ४०% सम्म प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले परियोजना लागतको ६०% रकम स्वलगानी गर्नु पर्ने हुन्छ ।

३) प्रदेश सरकारबाट समेत गाउँपालिकाले समानीकरण अनुदान, सर्शत अनुदान, विशेष अनुदान र समपूरक अनुदान, राजस्व बाँडफाँटको रकम प्राप्त गर्दछ । प्रदेश सरकारको आ.व. २०७८/०७९ का लागि उपलब्ध बजेट सीमालाई आधार मानी समानीकरण अनुदान तर्फ औषतमा १०% वार्षिक वृद्धि प्रक्षेपण गरिएकोछ ।

४) वैदेशिक अनुदान तर्फ नेपाल सरकारले सम्झौता गरेर मात्र गाउँपालिकाले वैदेशिक सहायता प्राप्त गर्न सक्ने हुँदा गाउँपालिकाले संघीय अर्थ मन्त्रालयको संयोजनमा क्षेत्रगत आधारमा केहि वैदेशिक अनुदान प्राप्त हुने अनुमान गरिएकोछ ।

५) वैदेशिक ऋणको हकमा अन्तर्राष्ट्रिय विकास सहायता नीति बमोजिम ऋण सहायताको रकम, व्याजदर, भुक्तानी सम्बन्धी शर्तहरू सहित स्थानीय तहसँगै सहायक ऋण सम्झौता गरेर मात्र गाउँपालिकालाई वैदेशिक ऋण उपलब्ध हुनसक्ने प्रावधान रहेकोछ । यस प्रावधान बमोजिमको वैदेशिक ऋण गाउँपालिकाको आवधिक योजनामा प्राप्त गर्ने अनुमान गरिएको छैन ।

**गाउँपालिकाको संचित कोषमा जम्मा हुने अन्य रकमहरू**

१) आन्तरिक राजस्व तर्फ हालको न्यून प्राप्तिलाई क्रमिक रुपमा वृद्धि गर्ने प्रक्षेपण गरिएकोछ । यसका लागि सम्भाव्यताको आधारमा नयाँ स्रोत तथा दायरामा बिस्तार गरिनेछ ।

२) आवधिक योजना अवधिमा स्थानीय संचित कोष अन्तर्गत विशेष आयोजना सञ्चालनका लागि प्राप्त हुन सक्ने अन्य रकमहरू अनुमानित रुपमा प्रक्षेपण गरिएकोछ ।

३) आर्थिक वर्षको अन्तमा उपलब्ध रकम खर्च हुन नसकी बाँकी रही नयाँ आर्थिक वर्षमा जिम्मेवारी सर्ने नगद मौज्दात रकम पनि उपयोग गर्न सकिने हुँदा नगद मौज्दात वार्षिक बजेटमा हुने वृद्धिको आधारमा प्रक्षेपण गरिएकोछ ।

**गाउँपालिकाको संचित कोष वाहिर संघ र प्रदेशबाट प्रत्यायोजन हुने रकमहरू**

१) संघको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत सामाजिक सुरक्षा कार्यक्रमका लागि प्राप्त हुने रकम, संघीय निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम अन्तर्गतका क्षेत्रगत कार्यक्रमहरूलाई आवधिक योजनाको परिधिभित्र समावेश गरिएकोछ ।

२) यसै गरी प्रदेशको वार्षिक कार्यक्रम तथा बजेटबाट गाउँपालिकालाई प्रत्यायोजित गरिने कार्यक्रमहरू अन्तर्गत प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम लगायत प्रदेश निकायहरूबाट प्रत्यायोजन भई आउने क्षेत्रगत कार्यक्रमहरूलाई पनि आवधिक योजनाको परिधिभित्र समावेश गरिएकोछ ।

### ३.१२ व्यय विवरण

यस गाउँपालिकाको व्यय विरण तलको तालिकामा ५-वर्षे प्रेक्षेपण सहित प्रस्तुत गरिएकोछ ।

| २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | ५ वर्षको कुल व्यय |
|---|---|---|---|---|---|
| ५२९५४७.५ | ६२०४३१ | ७३५५३४.७ | ८८१८२०.५ | १०६८३०८ | ३८३५६४२ |

***रु हजारमा*

त्यसैगरी सो तथ्याङ्कलाई तलको तस्बिरमा पनि देखाइएकोछ ।



# परिच्छेद ४: आर्थिक विकास क्षेत्र

## ४.१ भूमि व्यवस्थापन तथा भूउपयोग

### ४.१.१ पृष्ठभूमि

भूमिको वर्गीकरण, समुचित उपयोग र प्रभावकारी व्यवस्थापनको माध्यमबाट अधिकतम र दीगो लाभ हासिल गर्न नेपाल सरकाले भू-उपयोग नीति २०७२" र भू-उपयोग ऐन, २०७६ लागु भएकोछ। हेलम्बु गाउँपालिकाको कृषियोग्य जमिन, वन जंगल, सरकारी, सार्वजनिक जग्गा तथा बिभिन्न प्राकृतिक श्रोतहरुको संरक्षण र व्यवस्थापनको लागि भू-उपयोग नीति र ऐनको कार्यान्वयन निक्कै महत्वपूर्ण रहेकोछ।

### ४.१.२ प्रमुख समस्याहरु

यस गाउँपालिकाको प्रमुख समस्या विपद् रहेको कारण खोला बेसीमा रहेका अधिकांश कृषि तथा आवासीय क्षेत्र जोखिमयुक्त रहेकाछन्। त्यसैगरी बस्ती स्थानन्तरण गर्ने तथा विपद् प्रभावितहरुको उचित व्यवस्थापन गर्न सकिएको छैन। यस गाउँपालिकामा वन क्षेत्र धेरै रहेकाछन् र सो क्षेत्रको उचित रेखांकन तथा व्यवस्थापन गरिएको छैन। त्यसैगरी गाउँपालिकाको आफ्नै भू-उपयोग नीति लागु गरी सहि वर्गीकरण गरिएको छैन।

### ४.१.३ अवसर तथा चुनौतीहरु

गाउँपालिकामा विद्यमान जमिनको विशेषतालाई ध्यानमा राखेर भू-उपयोग ऐन २०७६को पूर्ण कार्यान्वयनको लागि गाउँपालिकाले भू-उपयोग योजना तर्जुमा गरी गाउँपालिकाभित्रका कृषि र वन क्षेत्रको संरक्षण र दीगो विकास गर्न सकिने देखिन्छ। गाउँपालिकामा मुख्य बस्ती तथा साना बजार केन्द्रहरु विकसित हुदै गएकोछ। यसरी विकसित भएका बस्तीहरुमा समयमै बस्तीको मापदण्ड र संहिता लागु गर्नु गाउँपालिकाको चुनौती हो। २०७२ सालको महाभूकम्प पछि विकास गर्न प्रयास गरिएका एकीकृत बस्तीहरुलाई पनि व्यवस्थित तरिकाबाट निर्माण गर्नु र गराउनु चुनौती रहेकोछ। बजारकेन्द्र तथा सेवाकेन्द्र रहेको स्थानहरुमा बढ्दै गएको अव्यवस्थित बसोबास र बढेर गएको जग्गाको मुल्य, खेतीयोग्य जमिनको खण्डीकरण, गाउँपालिका र अन्य सम्बन्धित निकायहरुबाट नियन्त्रण र नियमनको कमी तथा भू-उपयोग ऐन, २०७६ को पूर्ण कार्यान्वयन गर्न र गराउन चुनौती रहेकोछ।

### ४.१.४ सोंच

हेलम्बुको समृद्धि मापन, उचित भूमि व्यवस्थापन

### ४.१.५ लक्ष्य

व्यवस्थित भू-उपयोग योजना तर्जुमा मार्फत भूमिको दीगो संरक्षण र व्यवस्थापन गर्ने।

### ४.१.६ उद्देश्य

भू-उपयोग योजनाका मुख्य उद्देश्यहरु निम्न बमोजिम रहेको छः

- जमिनको विशेषता अनुकुल जमिनको उपयोग गर्ने
- कृषि र वन क्षेत्रको संरक्षण गर्ने।
- व्यवस्थित बस्ती विकास गर्ने।

#### ४.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| भू-उपयोग ऐन, २०७६को आधारमा गाउँपालिकाको भू-उपयोग नीतिको कार्यविधी तयार गर्ने | • जमिनको विशेषता अनुसार भू-उपयोगको वर्गीकरण गरिनेछ।<br>• कृषि क्षेत्रमा जग्गा विकास र अन्य कार्यक्रमहरु निषेध गरिनेछ।<br>• बस्ती क्षेत्रमा औधोगिक र अन्य गतिविधिहरु निषेध गरिनेछ।<br>• तोकिएको भू-उपयोग क्षेत्रहरुमा अन्य गतिविधिहरु निषेध गरिनेछ। |
| व्यवस्थित बस्ती विकास गर्ने | • बस्ती विकासका उपयुक्त क्षेत्रहरुको पहिचान र किटान गरिनेछ।<br>• बाढि तथा पहिरो जोखिम क्षेत्रको पहिचान गरी सुरक्षित बस्ती निर्माण गर्ने निति लिइनेछ।<br>• बस्ती तथा पुर्बाधार निर्माण कार्यलाई अझ बलियो र वातावरणमैत्री बनाइनेछ। |
| कृषि र वन क्षेत्रको संरक्षण गर्ने | • कृषियोग्य जमिनहरुमा भइरहेको घडेरी र बस्ती विकासलाई नियन्त्रण र नियमन गरिनेछ।<br>• कृषि क्षेत्रमा निर्माण गतिविधिहरु निषेध गरिनेछ।<br>• वन क्षेत्रमा अन्य गतिविधिहरु निषेध गरिनेछ।<br>• वन बिनास नियन्त्रण गरिनेछ।<br>• वन क्षेत्रमा वृक्षारोपण गरिनेछ। |

#### ४.१.८ प्रमुख कार्यक्रमहरु

- भूमि वर्गीकरण कार्यक्रम
- भूमि बैंक स्थापना
- स्थानीय भू-उपयोग परिषद् गठन
- भू-उपयोग कार्यान्वयन समिति गठन
- भू-उपयोग योजना तर्जुमा
- ल्यान्ड पुलिङ्ग (जग्गा एकिकरण) मार्फत डेभ्लप्मेन्ट प्रोग्राम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ४.१.९ उपलव्धीहरु

- भू-उपयोग योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ।
- जथाभावि रुपमा बस्ती विकास नियन्त्रण हुनेछ।
- कृषियोग्य जमिनको संरक्षण हुनेछ।
- बस्ती व्यवस्थित र उत्थानशील भएको हुनेछ।
- भू-उपयोगका क्षेत्रहरु निर्धारण भएको हुनेछ।

### ४.२ कृषि तथा पशुपंक्षी पालन

#### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले खाद्य सम्बन्धी अधिकारलाई मौलिक हकका रुपमा प्रत्याभूत गरेकोछ। यसै सन्दर्भमा, बिभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै प्रमुख खाद्यान्न, फलफूल, तरकारी र माछा-मासु उत्पादनमा आत्मनिर्भर्ताका लागि कृषिमा नीतिगत, संरचनात्मक र संस्थागत सुधारको आवश्यकताछ। खाद्यसुरक्षाको हिसाबमा आफ्नो कमाई नै नहुने परिवार संख्या २३० रहेको पाइन्छ, आफ्नो कमाइले तीन महिनामात्र खान पुग्ने १,५४९ परिवार संख्याछ। त्यसैगरी ६ महिना खाना पुग्ने परिवारको संख्या ७६१ रहेकोछ र ९ महिना खान पुग्ने ३६२ परिवार र १ वर्ष सम्म पुग्ने परिवार संख्या ८२४ रहेकोछ। आफ्नो उब्जनीलाई आफ्नो खपत अलवा १४९ परिवारले अन्यत्र बिक्रि गरी आर्थिक लाभ लिने गरेको पाइन्छ।

### ४.२.२ प्रमुख समस्या

हेलम्बु गाउँपालिकाभित्र रहेको खेतबारीको उचित उपयोग गर्न नसक्नु, कृषि उपजहरुको हालको उत्पादकत्वमा बृद्धि गर्न नसक्नु, कृषि पूर्वाधारमा सरकारी क्षेत्रको लागनी न्यून हुनु, उत्पादन गर्ने सबै जिमिग कृषकको पहुँच तथा स्वामित्वमा नहुनु, अप्ठ्यारो भू-अवस्था र कमजोर ग्रामीण पूर्वाधार, कृषिमाभित्रन नसकेको प्रविधि र आधुनिकीकरण, विउ विजन, किटनासक विषाधिको सहि उपयोगमा कमी, कृषिको व्यवसायिकरण नहुनु, जीविकोपार्जन खेती/परम्परागत खेतीबाट माथि उठ्न नसक्नु यहाँको प्रमुख समस्याहरु हुन्। थप रूपमा, मानिसहरू सामूहिक कृषि र यस्तै कार्यहरूबाट पृथक हुने प्रवृत्ति भएकाले सजिलै विपद्को चपेटामा पर्न सक्ने र सामाजिक सम्बन्धबाट अलग हुन सक्ने खतरा रहेकोछ।

### ४.२.३ अवसर तथा चुनौतीहरु

आलुखेती, धान, मकै, कोदो, गहु र अरु खाद्य बालीको बिउ उत्पादन, चिया खेती, अदुवा, वेसार, लसुन, मसला बाली, कागती खेती, सुन्तला, जुनार, किवी, स्याउ, आरु, नास्पाती, खुर्सानी, स्ट्राबेरी, अम्बा, केरा खेती, पिडालु, सखरखण्ड, तरुल उत्पादनका लागि उपर्युक्त जमिन तथा हावापानी रहेकोछ। त्यसैगरी बाख्रापालन, गाई भैंसी पालन, भेडा पालन, याक, चौरी पालन, भोटेकुकुर पालन, बुंगुर पालन, पन्छी पालन व्यवसाय (लोकल कुखुरा ब्रोइलर, लेयेर्स, गिरिराज, बट्टाई, कालिज र हास पालन) गर्न उत्साहित जनशक्ति र उपर्युक्त चरणक्षेत्र रहेको पाईन्छ। माछापालन (रेन्वो ट्रौट, सालमोन) गर्न प्रसस्त शुद्ध पानीको पनि उपलब्धता रहेको छ। यहाँ उत्पादित कृषि तथा पशुजन्य उत्पादन तथा सामाग्रीहरुको बजार व्यव्सथापन नजिकको मेलम्ची, चौतारा र संघीय राजधानी काठमाडौंमा सजिलैसँग खपत हुन सक्ने अवसर रहेकोछ।

व्यावसायिक तथा जैविक कृषि विकास गर्नु, सामुदायिक कृषि समूहहरूद्वारा सामूहिक कृषि कार्यहरूलाई प्रोत्साहित गर्न, उन्नत मल बिउ र प्रविधि ल्याउनु, कृषिलाई आकर्षक र सम्मानित पेशाको रुपमा विकास गर्नु, बाली विविधीकरण र संघनीकरण गर्नु, कृषियोग्य जमिनमा सिंचाइको व्यवस्था गर्नु, व्यवसायिक पशुपालन गर्नु, खाद्य व्यवहारमा सुधार गरी स्थानीय उत्पादनको उपभोग प्रवृत्ति बढाउनु, कृषिका पकेट क्षेत्रमा यातायात पहुँच पुर्‍याउनु आदि प्रमुख चुनौतीहरु हुन। त्यस्तै गरेर कृषि भूमिको सहि व्यवस्थापन गरी तुलनात्मक लाभ लिन सक्नु र आवश्यक यातायात पूर्वाधार विकास गरी बजार सम्म बस्तु पुर्‍याउनु जस्ता चुनौतीहरु गाउँपालिकामा रहेकाछन्।

### ४.२.४ सोंच

आत्मनिर्भर खाद्य र पूर्ण खाद्य सुरक्षा

### ४.२.५ लक्ष्य

व्यवसायिक कृषि, पशुपंक्षीपालनद्वारा खाद्य र पोषण सुरक्षा तथा रोजगारीको सृजना गरी उत्थानशील र समृद्ध गाउँपालिका बनाउन योगदान पुर्‍याउने।

### ४.२.६ उद्देश्य

कृषि र पशुपालनको आधुनिकीकरण र सामुदायिक उत्थानशील परियोजनाहरू प्रवर्द्धन गरी किसानको जीवनस्तरमा सुधार गर्नु।

### ४.२.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| व्यवसायिक कृषि र पशुपालनको प्रवर्द्धन गर्ने | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कृषि विकास तथा कृषि उत्पादन व्यवस्थापनको लागि व्यवसायिक खेतीमा युवाहरुको सहभागिता बढाउन युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।<br>• परम्परागत र निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायिकरण एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रुपान्तरण गरिनेछ।<br>• कृषकहरुलाई कृषि उत्पादनको समुचित मूल्य प्राप्त गराउनका लागि कृषि उत्पादन संकलन केन्द्र स्थापना गरिनेछ।<br>• नेपाल सरकारको नीति बमोजिम बाली विमा कार्यक्रमलाई प्रचार प्रसार गरी र प्रभावकारी उपयोग गर्ने वातावरण बनाइनेछ।<br>• आधुनिक कृषि औजार उपकरण प्रयोगलाई प्रोत्साहन गरिनेछ।<br>• कृषि तथ्याङ्क अध्यावधिक गर्ने कार्यक्रम ल्याइनेछ।<br>• जैविक कृषि प्रणालीलाई प्रोत्साहित गरिनेछ।<br>• उच्च भू-धरातलमा हुने भेडा, च्याङग्रा जस्ता पशुपालनका लागि चरन र खर्कहरूको विकास गरिनेछ।<br>• व्यावसायिक रुपमा कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई सहकारीसँग आवद्ध गरी वित्तीय पहुँच, उत्पादित<br>• सामाग्रीको सङ्कलन र भण्डारणमा सहयोग पुऱ्याइनेछ।<br>• कृषि प्रसार सेवालाई कृषकहरूको घर आँगनसम्म पुऱ्याइनेछ। |
| कृषि, पशु तथा पंक्षी जन्य उत्पादनलाई मुल्य श्रृंखलामा आवद्व गर्ने | • उच्च मूल्यका कृषि तथा पशुजन्य उत्पादन गर्नलाई प्रोत्साहित गरिनेछ।<br>• कृषि तथा पशुपंक्षीजन्य मूल्य श्रृङ्खला सम्बन्धी कृषकहरूलाई तालिम दिइनेछ।<br>• व्यावसायिक रूपमा खेतीको सम्भावना रहेका जडिवुट्टीहरूको व्यावसायिक उत्पादन, सङ्कलन र प्रारम्भिक प्रशोधनमा प्रोत्साहन गरिनेछ।<br>• उच्च मूल्य बाली उत्पादन गरी मूल्य श्रृङ्खलामा आवद्ध गर्न कृषकहरूलाई अनुसन्धान केन्द्र र शिक्षण संस्थाहरूसँग आवद्ध गराइनेछ।<br>• प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी र व्यवस्थित गराइनेछ।<br>• पशुपालन (चौरी, भेडा, च्याङ्ग्रा) लाई बढी उत्पादनमुखी र व्यवसायिक बनाउन गोठ सुधार कार्यक्रम लागु गरिनेछ।<br>• पशु विमा कार्यक्रम र पशुखोप कार्यक्रमलाई प्रभावकारी बनाइनेछ।<br>• कुखुरापालन, बंगुरपालन तथा मासुजन्य उत्पादनमा आत्मनिर्भर बन्नका लागि आवश्यक मापदण्ड तयार गरी सो अनुसारको कार्ययोजना लागु गरिनेछ।<br>• उपयुक्त स्थानमा दुग्ध चिस्यान केन्द्रहरु स्थापना गर्न सार्वजनिक-नीजि साझेदारीलाई प्रोत्साहन गरिनेछ। |
| स्थानीय विशिष्टिकृत उत्पादनको ब्राण्डिङ र बजारीकरण गर्ने | • हावापानी र माटोको विविधता अनुकुलका स्थानीय उच्च मूल्यका प्रतिस्पर्धी उत्पादनहरूको विकास गरी बजारीकरण गरिनेछ।<br>• स्थानीय उत्पादनको प्रदर्शन र बजारीकरणको लागि हाट बजार प्रणालीलाई प्रोत्साहन गरिनेछ।<br>• स्थानीयता दर्शाउने विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरी बजारीकरण गरिनेछ।<br>• उत्पादनकोलेवलिङ, व्राण्डिङ र बजारीकरणमा कृषक समूह र सहकारी संस्थाहरूलाई सहयोग पुऱ्याइनेछ। |

### ४.२.८ प्रमुख कार्यक्रमहरु

- पशुपालन तथा कृषि सम्बन्धी विभिन्न तालिम तथा अनुदान
- वडास्तरीय चिस्यान केन्द्रहरु निर्माण
- प्रांगारिक मल विकास गर्ने तथा कृषक प्रोत्साहन कार्यक्रमहरु

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ४.२.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| असर १: कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमुलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ। | कृषिक्षेत्रमा संलग्न घरपरिवार (कृषि र पशुपन्छी पालन) | संख्या | १२३४ | १२५० | १२६० | १२७५ | १२८५ | १३०० |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | १८६११ | १८८०० | १९००० | १९२०० | १९२५० | १९४५० |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ५७१ | ५९० | ६१० | ६५० | ६७५ | ७०० |
| कृषि उपजको व्यवसायिकरण र उत्पादन वृद्धि भएको हुनेछ। | तरकारी उत्पादन | मे.ट. | ३० | ५० | ८० | १०० | १२५ | १५० |
| | फलफूल उत्पादन | मे.ट. | ५ | १० | १५ | २० | २५ | ३० |
| | दुध उत्पादन | टन | १.५ | १.८ | ३.० | ४.० | ४.५ | ५.० |
| | दुग्ध चिस्यान केन्द्र / संकलन केन्द्र | संख्या | २ | ५ | ६ | ६ | ६ | ७ |
| आधुनिक पशुपालन व्यवसायको माध्यमबाट पशुजन्य उत्पादनमा आत्मनिर्भर भएको हुनेछ। | स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ९१ | १०९ | १३१ | १५७ | १८९ | २२६ |

### ४.२.१० अपेक्षित उपलब्धी

- पालिका चामल, दाल, तेल, कफी, गहु, मकै, कोदो जस्ता खाद्य वस्तुमा आत्मनिर्भर हुनेछ।
- मासु माछामा हेलम्बु गाउपालिका आत्मनिर्भर हुनेछ।
- हेलम्बुमा बाजो, जग्गा हुने छैन।
- कृषि कलेज स्थापना भएको हुनेछ।
- बजार व्यवस्थापनको लागि हाट बजारको निर्माण हुनेछ।
- वालीनाली तथा पशुपंचीको विमा हुनेछ।
- खेतीयोग्य जमिन बनाइनेछ।
- किवी विकास तथा प्रवर्द्धन कार्यक्रम गरिनेछ।
- पर्याप्त घाँस उत्पादन भएको हुनेछ।
- हेलम्बुमा उत्पादन भएका कृषि सामग्रीको Branding गरिएको हुनेछ।

## ४.३ उद्योग, व्यापार र आपूर्ति

### ४.३.१ पृष्ठभूमि

उद्योग, व्यापार र आपूर्ति आर्थिक विकासको प्रमुख आधार हो र रोजगारीसँग पनि प्रत्यक्ष जोडिएको हुन्छ । हेलम्बु गाउँपालिकामा हालसम्म कुनै पनि ठूला तथा मझौला उद्योग धन्दाहरु सञ्चालनमा छैनन् र सिमित मात्रामा घरेलु तथा कुटिर उद्योगहरु सञ्चालनमा रहेकाछन् । यो गाउँपालिकामा जनसंख्या कम रहेको कारण व्यापार, व्यवसाय तथा आपूर्तिका हिसाबले प्रभावकारी नभए पनि नेपालको संविधानमा उल्लेख भएबमोजिम उपभोक्ताको हकको सुनिश्चिचता गर्न प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक र गुणस्तरहीन वस्तु वा सेवाबाट क्षति पुगेको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हकको व्यवस्था गरे सो अनुरुप प्रत्याभूति गराउन सक्नु पर्दछ । दुर्गम तथा ग्रामीणक्षेत्र लगायत मुलुकभर नागरिकको दैनिक जीवनयापनमा अत्यावश्यक वस्तु तथा सेवाको सहज र निर्वाध आपूर्ति सुनिश्चिच गर्नु राज्यको दायित्व हो साथै कालोबजारी एकाधिकार, कृत्रिम अभाव सृजना, प्रतिस्पर्धा नियन्त्रण जस्ता कार्यको पूर्ण अन्त्य गर्दै राष्ट्रिय अर्थतन्त्रलाई प्रतिस्पर्धी बनाई व्यापारिक स्वच्छता र अनुशासन कायम गरी उपभोक्ताको हकहित संरक्षण गर्ने राज्यको नीति रहेको छ । यसका लागि उपभोक्ता संरक्षण ऐन लगायतका कानूनी व्यवस्था गरिएको छ ।

हेलम्बु गाउँपलिकामा दैनिक घरयासी उपभोगका सामाग्री, निर्माण सामाग्री, औषधी, ईन्धन, लत्ताकपडा, भाँडाकुडा, शृंगार सामाग्री, ईलेक्ट्रोनिक्स आदि लगायतका सामाग्रीहरुको आयत जिल्ला सदरमुकाम, काठमाण्डौ र चिनको सिमावर्ती बजार केरूङबाट हुने भएकोले गाउँपालिकामा यस्ता सामानहरुको यथोचित आपूर्ति र वितरणमा गाउँपालिकाले ध्यान दिनु जरुरी रहेको छ । यस्ता अधिकांश सरसामानहरु नीजि क्षेत्रबाट आपूर्ती हुने र स्थानीयवासीहरुको दैनिक जीवन र स्वास्थ्यसँग समेत प्रत्यक्ष सरोकार राख्ने भएकोले उक्त सामानहरुको कालोबजारी, जथाभावी मूल्य निर्धारण, अनावश्यक भण्डार, गुणस्तर आदिमा समेत गाउँपालिकाबाट नियमित रुपमा अनुगमन गर्नुपर्ने छ । यो गाउँपालिकामा सञ्चालित व्यापार व्यवसाय तथा सान उद्योगहरुको संख्या करिब २०० भन्दा बढी रहेको छ । ति बाहेक केहि गापामा दर्ता प्रक्रियामा रहेकाछन् ।

### ४.३.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा ठूला उद्योगहरु नहुनु र भएका उद्योगहरु पनि दर्ता/नीतिगत दायरामा नआउनु, सडक सञ्जलको अवस्था कमजोर हुनु जस्ता समस्याहरु रहेका छन् । त्यसैगरी यहाँ उद्योग र उद्यमशिलताको कमीका साथै औद्योगिक पूर्वाधारको पनि कमी रहेको छ । यहाँ औद्योगिक ग्राम स्थापना भएको छैन भने जनशक्ति तथा व्यावसायिक दक्षताको पनि अभाव रहेको छ । त्यसैगरी यस गाउँपालिकामा व्यापार व्यवसायको आकार पनि सानो रहेकोछ भने बाह्य बजारसँग पनि पहुँच अभाव रहेको देखिन्छ ।

### ४.३.३ अवसर तथा चुनौतीहरु

यस गाउँपालिकामा कृषि, वन र जडीबुटी जन्य उद्योगको सम्भावना सहित उद्योग, उर्जा, पर्यटन आदि क्षेत्रमा वाह्य लगानीको संभावना रहेको छ । यस गाउँपालिकाले उद्यमशिलाता विकास गरी एक गाउँपालिका एक औद्योगिक ग्रामको नीति अपनाएकोछ र रहेको युवा जनशक्तिको सदुपयोग गर्न सक्ने अवसर रहेको छ । यस गाउँपालिकामा वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त युवाको विप्रेषण आय, सीप र उद्यमशिलताको प्रयोग गर्न गराउन चुनौतीपूर्ण रहेकोछ भने वित्तीय पहुँच वृद्धि गरी लगानीको वातावरण सृजना गर्न पनि कठिन छ । त्यसैगरी दुर्लभ र महत्वपूर्ण जडिवुट्टीहरूको अव्यवस्थित सङ्कलन र प्रशोधन बिना निकासीले उद्योगमा चुनौती सृजना गरेको छ ।

### ४.३.४ सोंच

गाउँपालिकाको आर्थिक समृद्धिको आधार, उद्योग, आपूर्ति र व्यापार

### ४.३.५ लक्ष्य

गाउँपालिकाको आपूर्ति र व्यापार व्यसाय सुदृढ बनाई उद्योग स्थापनामा प्रोत्साहन गर्ने

### ४.३.६ उद्देश्य

उद्योग, व्यापार र व्यवसायको विकास गरी आय र रोजगारी वृद्धि गर्नु ।

### ४.३.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| उद्यमशीलताको प्रवर्द्धन गरी लघु तथा घरेलु उद्योगको विकास तथा बिस्तार गर्ने। | • गाउँपालिकाभित्र लघु र घरेलु उद्योग व्यवसाय स्थापनालाई प्रोत्साहन गर्न नीतिगत एवं कानूनी व्यवस्था गरिनेछ।<br>• स्थानीयस्तरमा लगानी वातावरण निर्माण गर्नका साथै सार्वजनिक नीजि साझेदारीलाई प्रेत्साहित गरिनेछ।<br>• स्थानीयस्तरमा उद्यमशिलता विकासका लागि उपयुक्त व्यक्तिहरूकोछनौट गरी सीप विकास एवं उद्यमशिलता तालिम प्रदान गरी आय र रोजगारीसँग आवद्ध गराइनेछ।<br>• औद्योगिक ग्राम लगायतका औद्योगिक पूर्वाधारको विकास गरिनेछ।<br>• वैदेशिक रोजगारबाट फर्किएका युवाहरूलाई उद्योग व्यवसाय सञ्चालन गर्न वित्तीय पहुँच लगायत अन्य सहुलियत प्रदान गरिनेछ।<br>• तालिम प्राप्त जनशक्तिलाई स्किम धितोका आधारमा समूह जमानीमा वित्तीय संस्थाबाट कर्जा उपलब्ध गराउन सहजीकरण गरिनेछ।<br>• स्थानीय सीप र कच्चा पदार्थमा आधारित श्रममूलक उद्योगलाई प्रोत्साहन गरिनेछ।<br>• परम्परागत रुपमा चलिरहेका स्थानीय पहिचानजन्य उद्योगहरूलाई नयाँ प्रविधिसँग आवद्ध गरी व्यवसायिक्ता अभिवृद्धि गरिनेछ।<br>• महिला उद्यमीहरूद्वारा सञ्चालित उद्यमलाई विशेष प्राथमिकता र प्रोत्साहन दिइनेछ।<br>• स्थानीय कच्चा पदार्थमा आधारित आलु, कफि, जडिवुट्टी आदिलाई स्थानीय तहमा नै प्रशोधन,लेवलिङ, व्राण्डिङ तथा प्याकेजिङ गरी बिक्री वितरण गर्न प्रोत्साहित गरिनेछ।<br>• स्थानीय अर्थतन्त्रलाई सशक्त बनाउन विद्यालयका विद्यार्थीहरूका लागि स्थानीयस्तरमा जुत्ता उत्पादन गरिनेछ। |
| व्यापार व्यवसायको विकास र बिस्तार गर्ने। | • सबै व्यापार व्यवसायको तथ्याङ्क सङ्कलन गरी वार्षिक रुपमा अध्यावधिक गरिनेछ।<br>• स्थानीय उत्पादनलाई आन्तरिक बजारसम्म पहुँच बढाउन सबै वडामा नियमित हाट बजारको व्यवस्था गरिनेछ।<br>• मूल्यलाई व्यवस्थित गर्न मूल्यसूची राख्ने र नियमित अनुगमन र नियमन गरिनेछ।<br>• अत्यावश्क वस्तुहररूको निर्वाध आपूर्तिको सुनिश्चितता गर्दै कृतिम अभाव, कालो बजारी जस्ता अनियमितता नियन्त्रण गरिनेछ।<br>• खाद्य सुरक्षा र पोषणको प्रत्याभूति गराउन सहकारी तथा नीजि क्षेत्र मार्फत स्थानीय उत्पादनलाई वढावादिदै नियमित आपूर्तिको व्यवस्था गरिनेछ।<br>• पोषण सुरक्षाका लागि खाद्य व्यवहारमा परिवर्तन गरी स्थानीय पोषणयुक्त खाद्य पदार्थको उपयोगलाई प्रोत्साहित गरिनेछ।<br>• सबै खालका व्यापार व्यवसायलाई करको दायरामा समेटिनेछ। |

### ४.३.८ प्रमुख कार्यक्रमहरु

- स्थानीय माग तथा उत्पादन अनुसारको उद्योग निर्माण, जनशक्ति तालिम तथा प्रोत्साहन
- वैदेशिक रोजगारीबाट फर्केकाहरुको सिप अनुरुप गाउँपालिकाद्वारा प्रोत्साहन कार्यक्रम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ४.३.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कृषि, पशु जन्य औद्योगिक तथा पर्यटकीय उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तर र उपयोगमा वृद्धि गरी रोजगारीको सुनिश्चिता तथा खाद्द सुरक्षा मा सुधार | आर्थिक प्रतिष्ठान | सङ्ख्या | ४३९ | ५२० | ५६५ | ५९० | ६२५ | ६७५ |
| | उत्पादनशील उद्द्योग | सङ्ख्या | ६३ | १२५ | १४० | १५५ | १६० | १७५ |
| | जनशक्ति तालिम प्राप्त व्यक्ति | जना | ११११२ | ११५० | १२०० | १२५० | १३०० | १३५० |
| | वैदेशिक रोजगारीमा गएकाको सङ्ख्या | सङ्ख्या | १३३० | १२०० | ११५० | ११०० | १००० | ७०० |
| कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमुलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | १८६११ | १८८०० | १९००० | १९२०० | १९२५० | १९४५० |
| | उद्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ५७१ | ५९० | ६१० | ६५० | ६७५ | ७०० |

#### ४.३.१० अपेक्षित उपलव्धीहरु

- वैदेशिक रोजगारीमा जाने संख्या कम हुने।
- नयाँ साना तथा मध्यम उद्योगहरु स्थापना र सञ्चालन भएको हुने।
- दक्ष जनशक्तिको संख्या अभिवृद्धि भई उद्यमशिलता विकास हुने।

## ४.४ श्रम तथा रोजगारी

#### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले श्रम तथा रोजगारीको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ। नेपाल सरकारले बि. सं. २०८० सालसम्म बाध्यात्मक रुपमा कामका लागि विदेश जानु पर्ने स्थितिको सबै नेपालीका निम्ति अन्त्य हुने घोषणा गरेको छ। यो घोषणालाई टेकेर देशभित्र रोजगारीका अवसरहरु सृजना गरी कार्यशील जनशक्तिलाई राष्ट्रिय हितमा प्रयोग गर्नु पर्ने आवश्यकता खड्केको छ। नेपालको कुल जनसंख्याको आर्थिक रुपमा सक्रिय जनसंख्या करिब ५७% रहेको छ। श्रम तथा रोगारीलाई व्यवस्थित गर्न राष्ट्रिय रोगार, २०७१ लागु गरेकोछ भने बैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने सम्बन्धी नीर्देशिका, २०७२ लागु गरेको छ। यसले श्रम तथा रोजगारी गरेर खानेहरुलाई महत्वपूर्ण टेवा पुगेता पनि पुर्णरुपमा व्यवहारमा उतार्न सके श्रम तथा रोजगारीको क्षेत्रमा कोषेढुँङ्गा साबित हुनेछ।

#### ४.४.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा ठूला उद्योगहरुको र आन्तरिक रोजगारीको अभाव प्रमुख समस्या रहेका छन्। वैदेशिक रोजगारीको बढ्दो क्रम तथा स्वरोजगारको न्यून अवसर अन्य समस्याहरु हुन्।

#### ४.४.३ अवसर तथा चुनौतीहरु

**अवसर**

यस गाउँपालिकामा औद्योगिक आर्थिक गतिविधिहरु बढ्दै गएको र पर्यटन, कृषि, निजि सेवा क्षेत्रमा सामुदायिक लगानी बढीरहेको पाइन्छ। त्यसैगरी राष्ट्रिय रोजगार नीति २०७१ लागु गर्ने आवश्यकताले अवसर प्रदान गरेको छ।

**चुनौतीहरु**

त्यसैगरी आर्थिक रुपमा सक्रिय जनसंख्यालाई स्थानीयस्तरमै रोजगारीका अवसरहरु सृजना गर्नु चुनौतीपूर्ण रहेको छ। त्यसैगरी श्रम शक्तिको माग र आपूर्ति बीचको सन्तुलन मिलाउनु पनि कठिनछ र अन्तरराष्ट्रिय श्रम बजारको पहिचान गर्न सकिएको छैन। यहाँ विप्रेषणको उत्पादनमुलक क्षेत्रमा लगानी बढाउन र तालिम प्राप्त जनशक्तिको निम्ति सहि कामको उपलव्धता गराउन पनि चुनौतीपूर्ण छ। त्यसैगरी रोजगारीको अवसर सम्बन्धी सूचनामा रोजगारी चाहने मानिसको पहुँच स्थापित गर्न र वैदेशिक रोजगारीमा घरेलु कामदार पठाउने सम्बन्धी नीर्देशिका, २०७२ लागु गर्न पनि चुनौतीपूर्ण रहेको छ।

### ४.४.४ सोंच

स्थानीयको रोजगारीको बृद्धि; हेलम्बु गाउँपालिकाको समृद्धि।

### ४.४.५ लक्ष्य

स्थानीय तथा बाह्यबजारको माग सम्बोधन गर्ने गरी दक्ष तथा सिपयूक्त मानव संसाधनको विकास गरी रोजगारी एवम् स्वरोजगारका उपयोग हुने स्थिति वनाउने।

### ४.४.६ उद्देश्य

- गाउँपालिकामा आवश्यक श्रमशक्ति तयार गरी स्थनीयस्तरमा नै रोजगारीका अवसर सृजना गर्नु
- व्यवसायिक सिपमूलक तालिमका अवसरहरु बृद्धि गर्दै प्रतिस्पर्धी श्रमशक्तिको विकास गर्नु

### ४.४.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| श्रमिकको हक र अधिकारको कानूनी तथा आर्थिक आधार तयार गर्ने। | • राष्ट्रिय रोजगार नीतिका आधारमा पालिकाकले रोजगारीको हक सम्बन्धी प्रावधान कार्यन्वयन गरिनेछ।<br>• सामाजिक सुरक्षा योजनाको प्रभाकरी कार्यन्वयन गरिनेछ।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सफल बनाउन पालीका, नीजि क्षेत्र र सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरिने। |
| लगानीमैत्री वातावरण सृजना गरी नीजि तथा सामुदायिक/ सहकारीको माध्यमद्वारा रोजगारीका अवसर निर्माण गर्ने। | • रोजगार केन्द्रलाई स्थानीय तहमा बिस्तार गरी रोजगारीको अवसर बढाईनेछ।<br>• उद्योग (साना तथा मझौला), पर्यटन, तथा कृषिमा लगानी बिस्तार गरी रोजगारीका अवसर मा बद्धि गरिनेछ। |
| प्राविधिक शिक्षा, व्यवसायिक तालिम तथा सिपको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन गर्ने। | • गाउँपालिकामा कम्तिमा एउटा प्राविधिक तथा सिप विकास केन्द्र स्थापन गरिनेछ। |

### ४.४.८ प्रमुख कार्यक्रमहरु

- युवा, महिला तथा पिछडीएको वर्ग लक्षित प्रशिक्षण कार्यक्रमहरु
- बेरोजगारी निर्मुल पार्न विशेष कार्यक्रमहरु
- स्वरोजगारी र उद्यमशिलता विकास गर्ने कार्यक्रम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ४.४.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| कृषि, पशु जन्य औद्योगिक तथा पर्यटकीय उत्पादन एवं उत्पादनशील सेवा सुविधाको उपलब्धता गुणस्तर र उपयोगमा वृद्धि गरी रोजगारीको सुनिश्चिता तथा खाद्द सुरक्षा मा सुधार | बेरोजगारी | प्रतिशत | १८ | १७ | १५ | १० | ५ | २ |
| | वैदेशिक रोजगारीमा गएकाको सङ्ख्या | सङ्ख्या | १३३० | १२०० | १००० | ११ | १००० | ७०० |
| कृषि, पशु, व्यवसायिक र पर्यटकीय लगायतका उत्पादनमुलक सेवा तथा सुविधाको उपलब्धता, गुणस्तर र उपयोगमा वृद्धि भएको हुनेछ | कृषि क्षेत्रमा संलग्न घरपरिवार (कृषि र पशुपंची पालन) | सङ्ख्या | १२३४ | १७५० | २०६० | २५०० | ३००० | ३६०० |
| | गैर कृषि पेशा (उद्यम, व्यापार र जागिर) मा निर्भर | जनसंख्या | १८६११ | १८८०० | १९००० | १९२०० | १९२५० | १९४५० |
| | उद्द्योग तथा व्यवसायमा संलग्न व्यक्ति | जना | ५७१ | ७८८ | १०९५ | १२३५ | १५८० | १८२० |

### ४.४.१० अपेक्षित उपलब्धी

- ७०% आर्थिक रुपमा सक्रिय जनसंख्यालाई रोजगारीको सृजना हुनेछ ।
- श्रमिकहरुको श्रम, मर्यादा, सम्मान, र जीवनस्तर बढेको हुनेछ ।
- श्रम र कामदार प्रति असल सम्बन्ध स्थापन हुनेछ ।

## ४.५ वैंक, वित्तीय संस्था र सहकारी

### ४.५.१ पृष्ठभूमि

राष्ट्रियस्तरका वाणिज्य बैंक, विकास बैंक र वित्तीय संस्थाहरुको सञ्चालन अनुमति, नियमन, अनुगमन र मूल्याङ्कन नेपाल राष्ट्र बैंक मार्फत हुने भएतापनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले सहकारी संस्था सम्बन्धी नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन; गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन; सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन; सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँग समन्वय र सहकार्य; सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान; स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि; स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास गर्न सक्ने अधिकार प्रदान गरेको छ । स्थानीयस्तरको व्यापार व्यवसाय र आर्थिक बृद्धिमा बैंक, वित्तीय संस्था, सहकारीहरुको महत्वपूर्ण योगदान रहदै आएको छ । हेलम्बु पूर्णरुपमा ग्रामिण परिवेश भएको गाउँपालिका हो । यहाँका मानिसहरुको जीविकोपार्जनको कृषि नै मुख्य पेशा हो । ठूला बजार केन्द्र, उद्योग, कलकारखाना नभएकोले बैंक तथा सहकारीहरुको खासै विकास हुन सकेको छैन । यस गाउँपालिकामा बिभिन्न उपभोक्ता समिति र कृषक समूह, बचत समूह सञ्चालनमा रहेकाछन् जसले गर्दा गाउँपालिकाको वडा र टोलहरुमा केहि हदसम्म वित्तीय पहुँच पुगेको छ ।

### ४.५.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा सिमित संख्यामा बैंक, सहकारी तथा वित्तीय संस्थाहरु रहेकाछन् र हरेक क्षेत्रका स्थानीयको पहुँचमा अझै आइसकेको अवस्था छैन। त्यसैगरी वित्तीय साक्षरता पनि न्यून रहेको देखिन्छ।

### ४.५.३ अवसरहरु तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा सहकारी क्षेत्रमा उद्यमशीलता विकासका लागि संघ र प्रदेश स्तरका निकायहरूबाट सहयोग उपलब्ध हुनुले लघु विकासको अवसर सृजना गरेको छ। त्यसैगरी स्थानीय कृषक, सिमान्तकृत र पिछडिएका वर्गहरुको स्थानीय वित्तीय संस्थाहरुमा पहुँच पुग्नुले पनि विकासका नयाँ अवसर सृजना गरेको छ।

**चुनौतीहरु**

तर बैंक तथा वित्तीय संस्थाको झन्झटिलो ऋण लगानी प्रक्रियाले गर्दा स्थानीय कृषक, सिमान्तकृत तथा पिछडिएको वर्गको पहुँचमा ल्याउनु पनि चुनौतीपूर्ण रहेकोछ र सहकारीहरुको उच्च ब्याजदरले पनि ऋण प्रक्रियामा चुनौती खडा गरेको छ। भौगोलिक तथा आर्थिक कठिनाईहरुले बैंकिङ्ग तथा वित्तीय सेवा बिस्तार गर्न चुनौती दिएकोछ भने बैंक, वित्तीय संस्था र सहकारी संस्थाहरूलाई उत्पादनशील क्षेत्रमा लगानी प्रवर्द्धन गर्न पनि कठिन छ।

### ४.५.४ सोंच

आर्थिक संस्थाहरुबाट पुँजी वृद्धि, स्थानीयहरुको आर्थिक समृद्धि

### ४.५.५ लक्ष्य

सहकारी तथा वित्तीय संस्थाको पहुँच वृद्धि गरी आर्थिक समृद्धि र सामाजिक रुपान्तरण गर्ने।

### ४.५.६ उद्देश्य

- वित्तीय तथा बैंकिङ सेवाको पहुँच बढाउनु।
- सहकारी क्षेत्रलाई सवल, प्रतिस्पर्धात्मक एवं व्यवसायिक बनाइ उत्पादनशील क्षेत्रमा उपयोग गर्नु।
- सहकारिमा आधारित कृषि उद्योग तथा व्यवसायको बिस्तार गरी गाउँपालिकाको आर्थिक रुपान्तरणमा योगदान पुऱ्याउनु।

### ४.५.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकामा वित्तीय तथा बैंकिङ सेवाको बिस्तार गर्ने | • गाउँपालिकाको केन्द्र र अन्य बजार क्षेत्रहरूमा वित्तीय तथा बैंकिङ्ग संस्थाहरू स्थापना तथा बिस्तार गरिनेछ।<br>• वचत तथा ऋण सहकारी संस्था र वित्तीय तथा बैंकिङ् संस्थाहरूका वीचमा स्वस्थ प्रतिस्पर्धामा सहजीकरण गरिनेछ।<br>• वचत तथा ऋण सहकारी संस्था र वित्तीय तथा बैंकिङ्ग संस्थाहरूबाट सेवाग्राहीहरूलाई दिइने वित्तीय सेवाको पहुँच तथा व्याजदरलाई मनासिव तुल्याउन गाउँपालिकाद्वारा पहल गरिनेछ।<br>• उद्योग तथा व्यवसायमा हुने कर्जा लगानीलाई सुरक्षण गर्न आवश्यक समन्वय गरिनेछ।<br>• उद्योग व्यवसाय, कृषि, पशुपालन आदि व्यावसायिक क्षेत्रमा वीमाको व्यवस्था मिलाईनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| सहकारी क्षेत्रलाई उत्पादनशील क्षेत्रमा क्रियाशिल तुल्याउने | • कृषि र बनजन्य कच्चा पदार्थमा आधारित उद्योगहरुको सवामा सहकारिको भूमिका अभिबृद्धि गरिनेछ।<br>• सहकारी क्षेत्र अन्तर्गत सम्भाव्य उत्पादन क्षेत्र तथा उपक्षेत्र र सेवा क्षेत्रको पहिचान गरी सहकारीको लगानी परिचालन गरिनेछ।<br>• सहकारी खेती तथा सहकारी सिंचाइलाई प्रवर्द्धन गरिनेछ।<br>• उत्पादन तथा सेवालाई बजारीकरण गर्न सहकारी संस्थाहरूको क्षमता विकास गरिनेछ।<br>• सहकारी क्षेत्रमा आवश्यक सीप तथा उद्यमशीलताको विकास गरी आय आर्जन तथा रोजगारीका अवसरहरूको बिस्तार गरिनेछ।<br>• सहकारी लगानीलाई बढी मूल्य शृंखला (Value Chain) अभिवृद्धि हुने आर्थिक क्रियाकलापहरू सञ्चालन गरिनेछ।<br>• विद्यमान आर्थिक अवसरहरूको बिस्तार गर्न सहकारी क्षेत्र, सार्वजनिक क्षेत्र र नीजि क्षेत्र वीचको साझेदारी विकास गरिनेछ। |
| सहकारी तथा वित्तीय क्षेत्रमा अनुशासन कायम गर्ने | • सहकारी सम्बन्धी आवश्यक नीति, कानून, कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>• सहकारी शिक्षा तथा अभिमुखीकरणद्वारा गाउँबासीमा सहकारीको आधारभूत सिद्धान्त र मूल्यबारे जागरण गरिनेछ।<br>• गाउँहरुमा वित्तीय साक्षरता सम्बन्धी तालिम सञ्चालन गरिनेछ।<br>• सहकारी सम्बन्धी जागरणका लागि जानकारीमूलक पुस्तिकाहरू प्रकाशन, तथा वितरण गरिनेछ।<br>• सहकारी क्षेत्रको संस्थागत क्षमताको विकास गरिनेछ।<br>• सहकारी संस्थाहरूको सू-सञ्चालनमा सघाउन गाउँपालिकाद्वारा नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी तुल्याइने छ। |

### ४.५.८ प्रमुख कार्यक्रमहरु

- वित्तीय सेवा प्रवर्द्धन गर्न नीतिगत व्यवस्थापन
- सहकारी अनुगमन तथा व्यवस्थापन कार्यक्रम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ४.५.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| वित्तीय सेवा तथा सुविधाको पहुँचमा अभिवृद्धि हुनेछ | सञ्चालनमा रहेको बैंक शाखा तथा वित्तीय सेवा प्रदायक | संख्या | ७ | ८ | १० | १२ | १५ | १७ |
| | बैंकमा खाता हुने तथा सेवा उपयोग गर्ने परिवार | संख्या | २५३० | ३२०० | ३८०० | ४६०० | ५८०० | ७००० |

### ४.५.१० अपेक्षित उपलव्धी

- बैंक, वित्तीय संस्था र सहकारीहरुको संख्यामा बृद्धि भएको हुनेछ।
- बैक तथा वित्तीय संस्थामा खाता भएको घरपरिवार ७५% पुगेको हुनेछ।
- सहकारीहरुको ८०% लगानी उत्पादनशील क्षेत्रमा भएको हुनेछ।
- स्थानीय निवासीको वित्तीय साक्षरतामा अभिवृद्धि भएको हुनेछ।
- गाउँघरमा चर्को व्याजदरमा ऋण लगानी गर्ने साहु महाजनहरु निरुत्साहित र निर्मुल भएका हुनेछन्।
- स्थानीय युवाहरुले सहकारी सम्बन्धी तालिम प्राप्त गरेका हुनेछन्।

## ४.६ पर्यटन विकास

### ४.६.१ पृष्ठभूमि

देशको भौगोलिक अवस्थिति तथा जमिनको बनावटको कारण हरेक स्थलको पर्यटकीय महत्त्व रहेको पाइन्छ। देशले आफ्नो आर्थिक विकासको प्राथमिक क्षेत्रको रुपमा पर्यटनलाई पनि पहिचान गरेको छ। विभिन्न हिमाली चुचुरा, मनोरम दृश्य लगायत अन्य पर्यटकीय सम्भावना बोकेको यो देशको मुख्य पर्यटकीय स्थलहरु प्राकृतिक मात्र नभई मानव निर्मित पनि रहेको पाइन्छ। पर्यटन उद्योग यस गाउँपालिकाको प्रमुख आर्थिक श्रोतका रुपमा विकास हुने देखिन्छ। यस गाउँपालिकामा पर्यटनको प्रचुर सम्भावनाहरुलाई मध्यनजर गरेर देशकै भिन्न ग्रेट ट्रेलको निर्माण कार्य सुरु भएकोछ भने प्राकृतिक रुपले मनोरम तथा ह्योल्मो जातिको मौलिक संस्कृति सहितका थुप्रै बस्ती देख्न पाइन्छ। सेर्माथाङ्, मेलम्ची घ्यांग लगायत अन्य थुप्रै बस्ती यस गाउँपालिकामा रहेको पाइन्छ। त्यसैगरी आमा यांग्री, गुरु रिन्पोचे सालिक लगायत थुप्रै गुम्बाहरु रहेको यस गाउँपालिकाको मुख्य आकर्षण भनेको गोसाइँकुण्ड जाने पदमार्गको कारण रहेको छ। त्यसैगरी पलान्चोक भगवती जस्तो मुख्य मन्दिर पनि उपस्थित रहेको पाइन्छ।

### ४.६.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा पर्यटकीय पूर्वाधारको कमी हुनुको साथै पर्यटकीय गुरुयोजना पनि तयार नभएको पाइन्छ। त्यसैगरी पर्यटकीय स्थलहरुको संरक्षण तथा प्रचारको कमी देखिएको छ। सामुदायिक पर्यटन र होमस्टे व्यवसायमा संलग्न सामुदायिक समूहहरूको क्षमता विकास गर्न आवश्यक छ।

### ४.६.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा रहेको ट्रेकिंग रुट गोसाईकुण्ड गन्जला पास लामतांग-मेलम्ची घ्याँग- सेमीसिदांग-भेमाथांग-ढुपू-आमायाँग्री ट्रेकिंग रुटले पर्यटक आकर्षण गर्ने अवसर प्रदान गरेकोछ भने ८५० मीटर-६००० मि. सम्म भू-भाग भएको हेलम्बु ग्रेटट्रेल पनि (सेमीसिदांग-लाङ्टाङ्ग) निर्माणाधीन रहेको पाइन्छ। त्यसैगरी बौद्धिक धर्मावलम्बीहरुका निम्ति महत्त्वपूर्ण गुम्बाहरु तथा गुरु रिन्पोचे, मिलारेप्पाको तपोभूमि जस्ता आकर्षणहरु रहेका छन्। JICA/PPRRको सहयोगमा सञ्चालित नमुना परियोजनाहरूमा आधारित होमस्टे व्यवसायलाई विभिन्न पर्यटकीय स्थानहरूमा बिस्तार गर्न सक्ने सम्भावना छ।

**चुनौतीहरु**

यस गाउँपालिकामा पर्यटन सम्बन्धी स्थानीय नीतिगत तथा कानूनी व्यवस्थाको कमी तथा आवश्यक पूर्वाधारहरुको कमीले गर्दा चुनौती उत्पन्न भएको पाइन्छ। त्यसैगरी स्थानीय पदमार्गहरुलाई लोप हुँदै जानुबाट रोक्न पनि कठिन रहेकोछ र पर्यटकीय उपजहरूको विविधीकरण गर्नु पनि चुनौतीपूर्ण छ। त्यसैगरी गन्तव्यहरूको विकास गर्न र स्थानीय संस्कृतिलाई पर्यटन विकाससँग आवद्ध गर्न पनि चुनौतीका रुपमा रहेका छन्।

### ४.६.४ सोंच

पर्यटनमा बृद्धि; गाउँपालिकाको समृद्धि

### ४.६.५ लक्ष्य

पर्यटकीय क्षेत्रको विकास गरी महत्वपूर्ण पर्यटकीय स्थानको रुपमा परिचित गराउने।

### ४.६.६ उद्देश्यहरु

- आन्तरिक बाह्य पर्यटकहरुलाई आकर्षित गर्न भौतिक पूर्वाधारको विकास गर्नु।
- पर्यटनलाई रोजगारीसँग जोडेर आर्थिक बृद्धि गर्नु।
- स्थानीय कला, संस्कृति र प्राकृतिक विविधताको संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्नु।

### ४.६.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पर्यटकीय क्षेत्रको पहिचान र विकास गर्ने | • पर्यटन गुरुयोजना तयार गरी लागु गरिनेछ<br>• पर्यटनको समभाव्यता भएका; पार्वती कुण्ड, तामाङ समपदा मार्ग, तातोपानिको विकासको लागि पूर्वाधार निर्माण गरिनेछ।<br>• होमस्टे व्यवसायमा संलग्न गर्ने व्यक्तिहरूको समूह स्थापना र क्षमता विकासलाई प्रोत्साहन गर्दै होमस्टेको प्रवर्द्धन र विकास गर्ने।<br>• पर्यटकीय पदमार्गसँग जोडिने गाउँपालिकाका वीच पर्यटन विकास र लगानीमा समन्वय र साझेदारी गरिनेछ।<br>• पर्यटकीय क्षेत्रहरूमा पूर्वाधारहरूको विकास र बिस्तार गरिनेछ।<br>• गाउँपालिकामा एउटा पर्यटकीय सूचनाकेन्द्र स्थापना गरिनेछ।<br>• पर्यापर्यटन, साहसिक पर्यटन, प्याराग्लाइडिङ तथा साँस्कृतिक, धार्मिक पर्यटनको विकास गरिनेछ |
| पर्यटक संख्या, वसाई अवधि र खर्च गराईमा वृद्धि गर्ने | • पर्यटकीय उपजको विविधीकरण गरिनेछ।<br>• पर्यटकीयस्तरका होटल र होमस्टेको विकास र बिस्तार गरिनेछ।<br>• पर्यटक गाइड, भरिया, कुक, वेटर आदिलाई कामको प्रकृति अनुसार तालिम दिइनेछ।<br>• पर्यटकको लागि सम्वद्ध संघसंस्थाहरूसँग समन्वय गरी आवश्यक सुरक्षाको व्यवस्था गरिनेछ।<br>• पर्यटन विकासमा नीजिक्षेत्रको लगानी आकर्षित गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ। |
| मौलिक कला तथा सस्कृतिक पहिचानलाई संरक्षण गर्दै पर्यटनसँग आवद्ध गर्ने। | • स्थानीय पहिचान दर्शाउने कला सँस्कृतिको विकास गरी पर्यटनसँग आवद्ध गरिनेछ।<br>• स्थानीय विशिष्ट पहिचान झल्किने खालका उत्पादनहरूको प्रवर्द्धन गर्दै आय आर्जनका लागि उपयुक्त स्थानहरूमा कोशेली घरको स्थापना गरिनेछ।<br>• लोक भाषा, संस्कृति, कला, धार्मिक साँस्कृतिकस्थल आदिको संरक्षण र प्रवर्द्धन गरिनेछ।<br>• स्थानीय बाटो घाटो एवं पर्यटकीय पदमार्ग, विश्राम स्थल, होटल तथा होमस्टे, साँस्कृतिक एवं धार्मिक स्थल आदिको पूर्ण सरसफाइ गरिनेछ।<br>• हेलम्बु गाउँपालिकाको 'होमस्टे सञ्चालन निर्देशिका–२०८० बमोजिम होमस्टे सञ्चालन गर्न उद्यमीहरूलाई सशक्त र प्रोत्साहित गरिनेछ।<br>• सामुदायिक उत्थानशीलतालाई सुदृढ गर्नका लागि हेलम्बुका विभिन्न सांस्कृतिक/जातीय समूहहरूद्वारा समुदायमा आधारित होमस्टे सञ्चालनहरू बिस्तार गर्न समेत प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ। |

### ४.६.८ प्रमुख कार्यक्रमहरु

- पर्यटकीयस्थल तथा सम्बन्धित जलवायु तथा विपद् सम्बेदनशील पूर्वाधार विकास
- पर्यटन विकास गुरुयोजना तर्जुमा तथा कार्यन्वयन
- नवीन पर्यटकीय योजनाहरु विकास तथा कार्यन्वयन

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ४.६.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पर्यटकीय पूर्वाधार, सेवा तथा सुबिधाको प्रवर्द्धन भई पर्यटकको आगमनमा वृद्धि हुनेछ | व्यवस्थित पर्यटकीयस्थल | संख्या | २२ | २६ | ३२ | ३८ | ४६ | ५५ |
| | व्यवस्थित होमस्ते र पर्यटकीय गाउँ | संख्या | २ | २ | ३ | ३ | ४ | ५ |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (वाह्य) | संख्या | १६०० | ३१०० | ५३०० | ७६०० | ८८०० | १०००० |
| | भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक) | संख्या | २५०० | ५३५० | ८९०० | १२५६० | १६३९० | २०००० |
| | पर्यटक, सेवामुलक व्यवसायमा संलग्न व्यक्ति | संख्या | ८९० | १०६८ | १२८२ | १५३८ | १८४६ | २२१५ |

### ४.६.१० अपेक्षित उपलब्धी

- पर्यटन गुरुयोजनाको तर्जुमा भै कार्यान्वयनको शुरुवात भएको हुनेछ।
- नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान र पूर्वाधार विकास भएको हुनेछ।
- स्थानीय कला, संस्कृति र मठमन्दिरहरुको संरक्षण र सम्वर्द्धन भएको हुनेछ।
- स्थानीयस्तरको पर्यटन सूचना केन्द्रको स्थापन भएको हुनेछ।
- पर्यटन आवगमनमा बृद्धि भएको हुनेछ।
- पर्यटकीय होटल र होमस्टेहरुको पूर्वाधार निर्माण भएको हुनेछ।
- स्थानीयले आतिथ्य व्यवस्थापन, होटल व्यवस्थापन, सुरक्षा जस्ता विषयमा तालिम प्राप्त गरेका हुनेछन्।
- नयाँ पदमार्गको पहिचान भै पूर्वाधार निर्माण भएको हुनेछ।
- पर्यटनक्षेत्रमा लगानी आकर्षित भएको हुनेछ।

# परिच्छेद ५: सामाजिक क्षेत्र

## ५.१ शिक्षा

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले हरेक नगरिकलाई आधारभूत शिक्षा अनिवार्य तथा निशुल्ल पाउने प्रत्याभूती गरेको छ। त्यस्तै गरेर माध्यामिक तहसम्म निशुल्क शिक्षा पाउने हकको प्रत्याभूती गरेको छ। बैज्ञानिक, प्राविधिक, व्यवसायिक, सिपमुलक शिक्षा मार्फत दक्ष जनशक्ति उत्पादन गर्ने राज्यको नीति रहेको छ। यो नीतिगत प्रावधानलाई स्थानीय सरकारले पनि आत्मसात् गर्दै जानु पर्ने र प्रादेशिक तथा संघीय लक्ष्य तथा उद्देश्यलाई सहयोग पुग्न जान्छ। हेलम्बु गाउँपालिकामा २०६८ सम्ममा पूर्ण साक्षर ८ हजार ५ सय ९८ जना मात्र पढ्न र लेख्न सक्ने रहेकाछन् भने ८०५ जनाले पढ्न र लेख्न सक्ने छैन। हेलम्बु गाउँपालिकामा २०६८ सम्ममा ५ देखि २५ वर्ष उमेर समूहका कुल ४ हजार ८३३ जनसङ्ख्यामध्ये २ हजार २६७ पुरुष र २ हजार ५६६ महिला विद्यालयमा पढ्दै आएका थिए। त्यसैगरी विद्यालयमा उपस्थित नभएका सोही उमेर समूहका कुल २ हजार ११४ जनसङ्ख्यामध्ये ९ सय ८३ पुरुष र १ हजार १ सय ३१ महिला विद्यालयमा उपस्थित छैनन्। विद्यालय जाने पुरुष र महिलाको अनुपात ०.८८ रहेकोछ भने विद्यालय नजानेको अनुपात ०.८७ रहेको छ। त्यसैगरी अहिलेको परिपेक्षमा ३३ वटा सामुदायिक विद्यालय र २ वटा मात्र संस्थागत विद्यालयहरु रहेको र प्राविधिक धारको विद्यालय रहेको (T-SEE) पाइन्छ। त्यसैगरी भर्नादर उच्च रहेको (करिब ९५%) र विद्यार्थी छाड्ने दर न्यून रहेको पाइन्छ। त्यसैगरी मेलम्चीघ्याङ्ग विद्यालयले जिल्लामै उत्कृस्ट नतिजा ल्याउन सफल भएकोछ भने प्रोत्साहन भत्ता, अवकास कोष, खाजा कार्यक्रम आदिको विकास भएको पाइन्छ।

### ५.१.२ प्रमुख समस्याहरु

यस गाउँपालिकाको माध्यमिक र सो भन्दा माथिको शिक्षा लिन टाढाको दुरी तय गर्नु पर्ने समस्या रहेईछ भने शुन्य दरबन्दीको विद्यालयहरु पनि रहेको पाइन्छ। त्यसैगरी विषयगत शिक्षकको अभाव रहेको र दरबन्दीको पूर्णता नभएको पाइन्छ। यस गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा हरेक मौसममा विद्यालय बस चल्न नसक्ने अवस्थाछ भने विद्यालयहरुमा विषयगत प्रयोगशाला र पुस्तकालयको पनि व्यवस्थापन नरहेको पाइन्छ।

त्यसैगरी शिक्षक क्षमता विकास न्यून रहेको (नियमित/आवधिक) र आवश्यकता अनुसारको प्राविधिक धारको विद्यालय नभएको पाइन्छ।

### ५.१.३ अवसर र चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा उच्च शिक्षा अध्ययनको अवसर रहेकोछ भने शिक्षामा संघसंस्थाहरुको सहयोग हुने गरेको पाईन्छ। त्यसैगरी गाउँपालिकाको अधिकांश स्थलहरुमा नेटवर्कको उपलब्धताछ जसले गर्दा अनलाईन शिक्षाको अवसर दिएको छ। मौलिक संस्कृति र सिपको संरक्षण गर्न माध्यमिक तहमै ह्योल्मो भाषा तथा संस्कृत भाषा अध्ययनको मौका प्रदान भएको छ। त्यसैगरी केहि विद्यालयहरुमा नर्स सेवा उपलब्ध भएको पाइन्छ।

**चुनौतीहरु**

यस गाउँपालिकाको भौगोलिक कठिनाईका कारण शैक्षिक संस्थाको भौतिक संरचनामा तथा पहुँचमा प्रत्यक्ष असर गरेको पाइन्छ। प्राकृतिक प्रकोपको रोकथामबाट शिक्षा क्षेत्रलाई सुरक्षित पार्न पनि चुनौती उत्पन्न भएकोछ भने समग्र स्थानीयहरुको आर्थिक स्थिति उत्थान गरी बालबालिकालाई शिक्षामा पूर्ण रुपमा केन्द्रित गराउन पनि चुनौतीपूर्ण छ। त्यसैगरी बदलिदो समयमा आवश्यक IT आधारित शिक्षा प्रदान गर्न पनि धैरै कठिन भएको छ।

### ५.१.४ सोंच

दक्ष जनशक्तिको लागि गुणस्तरीय शिक्षा।

### ५.१.५ लक्ष्य

दक्ष मानव संसाधनको विकास गरी गाउँपालिकाको समृद्धिको आधार तयार गर्ने।

### ५.१.६ उद्देश्य

गुणस्तरीय शिक्षामा सबै वर्ग एवम् समुदायको समतामूलक पहुँच पुऱ्याउनु र प्रविधिक, व्यवसायिक, सिपयुक्त एवम् व्यवहारिक शिक्षाको विकास एवम् बिस्तार गर्नु।

### ५.१.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत सुविधा सहितको शैक्षिक पूर्वाधारको विकास गर्ने। | • गाउँपालिकाको सामाजिक विकास समिति अन्तर्गत सरोकारवाला समेतको सहभागिता हुने गरी शिक्षा विकास उपसमिति गठन गरी शैक्षिक विकासमा कृयाशील गराइनेछ।<br>• विद्यालय शैक्षिक विकासका लागि व्यवस्थापन समितिको क्षमता विकास गरी शैक्षिक गुणस्तर वृद्धि गरिनेछ।<br>• खेलकुद मैदान, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव, पुस्तकालय, पठन पाठन शैक्षिक सामग्री, महिला र अपाङ्गतामैत्री संरचना आदि जस्ता शैक्षिक पूर्वाधारको विकास गरिनेछ।<br>• दरबन्दी अनुसार विषयगत शिक्षकहरूको पदपूर्ति गरिनेछ।<br>• सबै विद्यालयलाई वालमैत्री तथा अपाङ्गतामैत्री बनाइने छ।<br>• विद्यालय शिक्षालाई सूचना प्रविधिसँग आवद्ध गरी विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाइने छ।<br>• गुणस्तरीय शिक्षाको अवसर बिस्तार गरिनेछ। |
| शिक्षामा समतामूलक पहुँच स्थापित गर्ने। | • विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय शिक्षामा आवद्ध गर्न आमा समूह, नागरिक समाज उन्मुख संघसंस्था, सामुदायिक संस्था, गैसस परिचालन गरिनेछ।<br>• अभिभावकमा शैक्षिक चेतना बिस्तार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विपन्न दलित तथा पिछडिएका जाति तथा समुदायका बालबालिकाहरूलाई विद्यालयमा आकर्षण, टिकाउ र सिकाईमा सहयोग पुग्ने गरी पोसाक, दिवा खाजा, छात्रवृत्ति, शैक्षिक सामग्री लगायतका विशेष उत्प्रेरणात्मक कार्यक्रम सञ्चालन गरिनेछ।<br>• स्थानीय पहिचान दर्शाउने पाठ्य सामग्रीको विकास गरी लागु गरिनेछ।<br>• वालिका शिक्षालाई प्रोत्साहित गर्न महिलामैत्री शौचालय, स्यानिटरी प्याडको उपलब्धता र व्यवस्थापनको समुचित व्यवस्था गरिनेछ।<br>• वाल विकास केन्द्रलाई औपचारिक शिक्षा प्रणालीमा आवद्ध गरिनेछ। |
| शिक्षण सिकाई दर बढाउने। | • शिक्षक तालिम र पुनर्ताजगी तालिम उपलब्ध गराइने छ।<br>• शैक्षिक सामग्रीको उपलब्धता र प्रयोग बढाइने छ।<br>• विद्यालयमा सिकाई वातावरण अनुसार कक्षा कोठाको व्यवस्थापन मिलाउँदै लगिने छ।<br>• शिक्षाको स्तर उन्नतीको लागि अंग्रेजी भाषालाई प्राथमिकतामा राखेर अध्यापन गराइने छ।<br>• शिक्षण सिकाईमा सहयोग पुग्ने अतिरिक्त क्रियाकलाप र प्रयोगात्मक शिक्षालाई बढावा दिइने छ।<br>• सिकाईको अभिवृद्धि गर्न शिक्षक उपस्थिति, शिक्षण शैली, सिकाई परीक्षण, सिक्ने र सिकाउने वातावरण जस्ता पक्षहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण गरिनेछ। |

| रणनीति | कार्यनीति |
|---|---|
| प्राविधिक तथा व्यावसायिक शिक्षाको विकास र बिस्तार गर्ने। | • स्थानीय आवश्यकतामा आधारित वहुप्राविधिक विद्यालयको (इन्जिरियरिङ, वन, वन्यजन्तु, जडिवुट्टी तथा पर्यटन) स्थापना गरिनेछ।<br>• विद्यालय शिक्षामा जिवनोपयोगी व्यवहारिक ज्ञान सिकाउने शैक्षिक कार्यक्रमहरू आवद्ध गरिनेछ।<br>• विद्यालय शिक्षा पुरा नगरेका किशोर किशोरीहरूलाई विद्यालय केन्द्रित व्यावसायिक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ।<br>• अनौपचारिक शिक्षा तथा जीवनोपयोगी शिक्षाको बिस्तार गरिनेछ।<br>• विद्यालय केन्द्रीत अनौपचारिक शिक्षा अभियान सञ्चालन गरिनेछ।<br>• डिजिटल साक्षरताको नीति अवलम्बन गरिनेछ।<br>• अनौपचारिक शिक्षाको पाठ्यक्रमलाई जिवनोपयोगी बनाइने छ।<br>• साक्षरता कार्यक्रममा गैर सरकारी संस्थाहरूको परिचालन र समन्वय गरिनेछ।<br>• सबै विद्यालयको स्थानीय पाठ्यक्रममा DRR र CCA शिक्षालाई समावेश गरिनेछ। |

### ५.१.८ प्रमुख कार्यक्रमहरु

- शैक्षिक संस्थाहरुको भौतिक तथा शैक्षिक स्तरोन्नति
- प्राविधिक शिक्षा प्रोत्साहन कार्यक्रम
- उच्च शिक्षा हासिल गर्न जेहेन्दार विद्यार्थी प्रोत्साहन

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ५.१.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक विवरण | इकाई | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण | १५ देखि ६० सम्मको साक्षर जनसंख्या | प्रतिशत | ८१ .४५ | ८५ | ८७ | ९० | ९३ | ९५ |
| | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ७५५ | ११५० | १४८० | १८०० | २५०० | ३००० |
| | उच्चा शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ८४४ | १०८० | १२०० | १४५० | १६६० | २००० |
| | स्नातक तह उतीर्ण गर्ने महिला | संख्या | ३४९ | ४५० | ५८० | ६५० | ८६० | १००० |

| नतिजा शृंखला | सूचक विवरण | इकाई | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ०७८/७९ | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| जीवन उपयोगी गुणस्तरीय आधारभूत प्राविधिक तथा उच्च शिक्षामा सम्वेशी समतामूलक पहुँच वृद्धि भयी दक्ष जनशक्ति उत्पादन भएको हुनेछ | स्नातक तह उतिर्ण जनसंख्या | संख्या | ६३३ | ७५० | ९०० | १२०० | १६०० | २००० |
| | कृषि बिज्ञान सम्बन्धी अध्यनरत विद्यार्थी | संख्या | ४५ | ६५ | ८५ | ११० | १६० | २०० |
| | सूचना प्रविधि सम्बन्धी अद्यांरत विद्यार्थी | संख्या | १६ | ६० | ११० | १६० | २२० | २८० |
| | व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएको विद्यालय | संख्या | १८ | २५ | ३० | ३५ | ४० | ४५ |

#### ५.१.१० अपेक्षित उपलव्धी

- एक घर एक स्नातक तह उत्तीर्ण भएको हुनेछ
- विद्यालय शिक्षामा १००% पहुँच भएको हुनेछ
- लोक सेवा आयोगको परीक्षामा कम्तिमा ५% उत्तीर्ण भएको हुनेछ
- गुणस्तरीय, प्रविधिमैत्री, बालमैत्री, अन्तरराष्ट्रियस्तरको शिक्षा प्रदान गरेको हुनेछ
- कम्तिमा १५% जनशक्ति दक्ष्य भएको हुनेछ
- देशकै हिमाली शैक्षिक हव निर्माण भएको हुनेछ

## ५.२ स्वास्थ्य तथा पोषण

### ५.२.१ पृष्ठभूमि

स्वास्थ्य सेवा र उपयुक्त पोषण मानव जीवनको आधआरभूत आवश्यकता हो । स्वस्थ मानिसले नै समृद्ध मुलुकको निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवामा समतामूलक पहुँच सुनिश्चिच गर्नु राज्यको दायित्व हो । देश विकासमा स्वस्थ र उत्पादनशील नागरिकको महत्वलाई दृष्टिगत गरी नेपालको संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने मौलिक हकको व्यवस्था गरेको छ । यसै सन्दर्भमा लोक कल्याणकारी राज्यको अवधारणा अनुरुप स्वास्थ्य क्षेत्रलाई नाफामूलकबाट क्रमश: सेवामूलक क्षेत्रमा रुपान्तरण गर्दै लैजानुपर्ने आवश्यक छ । यस परिप्रेक्षमा नेपालले बिभिन्न समयमा गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धता, नेपाल सरकारका विद्यमान नीति एवम् स्वास्थ्य तथा पोषण क्षेत्रका प्रमुख समस्या, चुनौती तथा अवसरलाई समेत आधार बनाउँदै दीगो विकास लक्ष्य हासिल गर्ने राष्ट्रिय कार्यसूची रहेको छ । नागरिकलाई स्वास्थ्य बनाउन आधुनिक चिकित्सा, आयुर्वेदिक, प्राकृतिक, होमियोपेथिक चिकित्सा क्षेत्र, स्वास्थ्य सुशासन र अनुसन्धानमा लगानी बढाउन आवश्यक देखिएको छ । स्वास्थ्यलाई प्रभावकारी बनाउन अर्को महत्वपूर्ण सूचक खाद्य सुरक्षा हो । आफ्नो उत्पादनले बाह महिना खाद्यन्न पुग्ने परिवार संख्या र बाह महिना भन्दा कम समयको लागि खाद्यन्न पुग्ने घरपरिवर संख्याले पनि व्यक्तिको स्वास्थ्यगत अवस्थालाई निर्धारित गर्दछ । यस गाउँपालिकाको सबै वडाहरुमा स्वास्थ्य संस्थाको पहुँच भएको र बर्थिंग सेन्टरको पनि व्यवस्थापन भएको पाइन्छ । त्यसैगरी यहाँ रहेको नि:शुल्क एम्बुलेन्स सेवा र सुत्केरी आमाहरुलाई प्रदान गरिने पोषण खर्चले सहजता प्रदान गरेको छ ।

### ५.२.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा स्वास्थ्य सेवाको विषयमा चेतनाको कमी, सबै संस्थाहरुको पक्की भवन नरहेको र दरबन्दी अनुसारको कर्मचारी नरहेको समस्याहरु छन् । त्यसैगरी गाउँपालिकास्तरको अस्पताल नरहेको र सबै संस्थामा इन्टरनेट सुबिधा

नरहेको पाइन्छ। त्यसैगरी स्वास्थ्य संस्थामा स्वास्थ्य सेवा दिन आवश्यक सामग्री नभएको र "ख" वर्गको एम्बुलेन्सहरु नरहेको पाइन्छ।

### ५.२.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकाको विद्यालयहरुमा नर्स सेवा उपलब्ध भएका कारण बालबालिकालाई केहि हद सम्म स्वास्थ्य सेवाको नजिक पहुँचको अवसर रहेको छ। त्यसैगरी राष्ट्रिय नीति अन्तर्गत निर्माण हुने स्थानीय तहको अस्पतालले विस्तृत स्वास्थ्य सेवाको अवसर उजागर गर्नेछ भने राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमले केहि हद सम्म राहत प्रदान गरेको छ। त्यसैगरी गाउँपालिकाले औषधि नि:शुल्क रुपमा प्रदान गरिरहेको निरन्तर कार्यक्रमले पनि सुलभ स्वास्थ्य कार्यक्रमको अवसर प्रदान गरेकोछ र धैरै गैर सरकारी संघ-संस्थाहरुले पनि स्वास्थ्य क्षेत्रमा योगदान गर्दै आएको अवस्था देखिन्छ।

**चुनौतीहरु**

दिर्घ रोगीहरुलाई नियमित रुपमा निरन्तरता दिनु आर्थिक बन्देजका कारण चुनौतिपूर्ण रहेकोछ र एम्बुलेन्स सेवालाई सुलभ र सहज बनाउन पनि भौगोलिक चुनौतीहरु रहेको छ। त्यसैगरी गाउँपालिकामा महामारीको सामना गर्न पर्याप्त संरचना नभएको कारण चुनौती उत्पन्न भएको देखिन्छ भने विभिन्न दुर्गम भेगहरुमा स्थानीयहरुलाई स्वास्थ्य सेवाको उपस्थितिको महसुस गराउन पनि चुनौतीपूर्ण छ।

### ५.२.४ सोंच

स्वास्थ्य नागरिक गुणस्तरीय जनजीवन।

### ५.२.५ लक्ष्य

सबैको पहुँचमा गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध भएको हुने।

### ५.२.६ उद्देश्य

- आधारभूत स्वास्थ्य सेवामा निशुल्क र सर्वसुलभ पहुँच सुनिश्चिच गर्नु।
- गुणस्तरीय स्वास्थ्य सेवा, पोषण र खाद्य सुरक्षालाई सबैको पहुँचमा पुऱ्याउनु।

### ५.२.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आधारभूत स्वास्थ्यमा समतामूलक पहुँच सुनिश्चित गर्ने। | • आधारभूत स्वास्थ्य सेवाहरुलाई निशुल्क रुपमा सबै पालिकावसीहरुको पहुँचमा बिस्तार गरिनेछ।<br>• विपन्न र बञ्चितिमा परेका समुदायको स्वास्थ्य सेवा प्राप्तिमा देखिएका अवरोधहरू हटाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन विशेष व्यवस्था गरिनेछ।<br>• सबै स्वास्थ्य संस्थाहरूमा नियमित जाँच सहितको प्रसुती सेवा (Birthing center) उपलब्ध गराइनेछ।<br>• स्वास्थ्य संस्था केन्द्रीत विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य सेवा सञ्चालन गरिनेछ।<br>• वाल, मातृ तथा शिशु स्वास्थ्य सम्बन्धी खोप कार्यक्रम प्रभावकारी बनाई लक्षित समूहलाई शतप्रतिशत पूर्णखोपको व्यवस्थालाई दीगोपन प्रदान गर्ने।<br>• पालिकाभित्र घरमा सुत्केरी हुने दरलाई शुन्यतामा पुऱ्याउने र संस्थागत सुत्केरी दर शतप्रतिशत बनाउने।<br>• सम्पूर्ण वडालाई पोषणमैत्री वडा बनाउने।<br>• पूर्ण सरसफाइ पालिका घोषणा गरिने।<br>• स्वास्थ्य शिक्षा तथा प्रमाणपत्रतह र नर्सिङ्ग सेवामा ५० जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ।<br>• स्वास्थ्य संस्थाहरूमा परिवार नियोजन अन्तर्गत स्थायी र अस्थायी साधनको उपयोगमा वृद्धि गरिने तथा मातृ स्वास्थ्य आदि सेवा सुदृढ गरिनेछ।<br>• सम्पूर्ण सेवाहरुमा CPR बढाउने। |

| रणनीति | कार्यनीति |
|---|---|
| | • स्वास्थ्य बीमाको पहुँच सबै घरपरिवारमा पुऱ्याईनेछ।<br>• अति विपन्न समुदायलाई स्वास्थ्य बीमा सम्बन्धी अनुदान सहयोग उपलब्ध गराइने छ।<br>• स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाक्षेत्रमा कार्यरत संस्था र निकायहरूबिच समन्वय गरिनेछ।<br>• स्वास्थ्य, पोषण र खाद्य सुरक्षा जस्ता अन्तर सम्बन्धीत विषयहरूमा कार्यक्रमगत आवद्धता सुदृढ गरिनेछ। |
| रिफरल स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउने। | • आवश्यक औषधि, उपकरण, प्रविधि र दक्ष स्वास्थ्य कर्मी सहितको सेवालाई बिस्तार गरिनेछ।<br>• गाउँपालिकामा कम्तिमा १५ बेडको अस्पताल स्थापना गरिनेछ।<br>• विशेषज्ञ अस्पतालबाट पालिका अस्पताल केन्द्रित विशेषज्ञ घुम्ती सेवा सञ्चालन गरी रिफरल स्वास्थ्य सेवाको पहुँच बढाइनेछ।<br>• जटिल प्रवितिका विरामीहरुलाई माथिल्लो स्वास्थ्य केन्द्रमा सिफारिस गरिनेछ।<br>• भरपर्दो र नियमित एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्था मिलाईनेछ। |
| वैकल्पीक स्वास्थ्य सेवाको प्रवर्द्धन गर्ने। | • आयुर्वेद चिकित्सा पद्धतिलाई स्वास्थ्य सेवाभित्र आवद्ध गरी एकीकृत स्वास्थ्य सेवा प्रदान गरिनेछ।<br>• परम्परागत रुपमा स्वास्थ्य सेवा प्रदान गर्ने धामी, झाँक्री, लामा लगायतलाई तालिम प्रदान गरी आधुनिक चिकित्सा पद्धतिसँग समेत आवद्ध गराइनेछ।<br>• जडिवुटीमा आधारित परम्परागत स्वास्थ्य उपचार पद्धतिलाई आधुनिक आयुर्वेद प्रणालीसँग आवद्ध गरिनेछ।<br>• होमियोप्याथी, प्राकृतिक चिकित्सा, फिजियो थेरापी, अकुपंचर जस्ता वैकल्पिक स्वास्थ्य सेवा बिस्तार गरिनेछ। |
| स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षाबारे चेतना अभिवृद्धि गर्ने। | • बहुक्षेत्रीय पोषण कार्यक्रमलाई स्वास्थ्यसँग आबद्ध गरी गाउँपालिकामा सञ्चालन गरिनेछ।<br>• विद्यालय तहमा विद्यालय स्वास्थ्य, पोषण तथा खाद्य सुरक्षा जस्था कार्यक्रम सञ्चालन गरिनेछ।<br>• समुदाय तहसम्म स्वास्थ्य, पोषण र खाद्य सुरक्षा सम्बन्धी चेतना अभिवृद्धिको कार्यक्रम पुऱ्याईनेछ।<br>• आमा समूह र समुदायमा आधारित संघ संस्था, क्लव तथा गैर सरकारी संस्था समेतको सहकार्यमा खाद्य व्यवहार सुधार, पोषण तथा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृद्धि गरिनेछ।<br>• अति कुपोषणमा परेका महिला तथा बाल बालिकाहरूलाई पोषण सम्बन्धी उपचारात्मक सेवा उपलब्ध गराइनेछ।<br>• दीर्घ रोग र रोगीको सम्बन्धमा जनचेतना मुलको कार्यक्रम सञ्चालन गरेनेछ।<br>• स्वास्थ्य आहार र बानी व्यवहारको बारेमा चेतनामुलक कार्यक्र सञ्चालन गरिनेछ। |

#### ५.२.८ प्रमुख कार्यक्रमहरु

- स्वास्थ्य संस्थाहरुको भौतिक तथा मानव संसाधनको वृद्धि गर्ने
- स्वास्थ्य सेवामा पहुँच वृद्धि गरी सुलभता प्रदान गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ५.२.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | २०७९/८० | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ |
| आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण | प्राथमिक स्वास्थ्य केन्द्र/अस्पताल पुग्न लाग्ने औसत समय | मिनेट | ३२ | २५ | २० | १५ | १५ | १० |
| गुणस्तरीय आधारभूत स्वास्थ्य सेवाको पहुँच अविवृद्धि भइ मातृ शिशु तथा बाल मृत्यु दर घटी स्वास्थ्य समाजको सृजना भएको हुनेछ | परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | ५४ | ६० | ६५ | ७५ | ८५ | ९५ |

#### ५.२.१० अपेक्षित उपलब्धी

- एक स्वास्थ्य संस्था एक डाक्टरको व्यवस्था भएको हुनेछ।
- गाउपालिकाभित्र ५० जना डाक्टर उत्पादन हुनेछ।
- सबै स्वास्थ्य संस्थामा मन्त्रालयको मापदण्ड अनुसारको भौतिक संरचना तयार हुनेछ।
- पालिकामा ५ ० शैयाको सुबिधा सम्पन्न अस्पताल निर्माण भएको हुनेछ।
- सबै हेलम्बुको नागरिकको निशुल्क उपचारको व्यवस्था गरिनेछ।

## ५.३ युवा तथा खेलकुद

#### ५.३.१ पृष्ठभूमि

युवाशक्ति राष्ट्र विकासको संबाहक हो। युवाशक्तिको विकास र परिचालनबाट नै राष्ट्रको विकास सम्भव छ। त्यसकारण नेपालको संविधानले युवाहरुको विकास गरी उनीहरुलाई राष्ट्रको समग्र विकासमा परिचालन गर्ने नीति लिएको छ। राष्ट्रिय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्ने संवैधानिक व्यवस्था रहेको छ। संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्को प्रस्ताव नं. २२५०ले दीगो विकास लक्ष्य र युथ भिजन-२०२५ले युवाको विकास र सहभागितामा जोड दिएको छ। उद्यमशील युवा मुलुकको विकासका संबाहक हुन। खेलकुद शारीरिक तथा मानसिक विकासको महत्वपूर्ण माध्यम समेत हो। त्यसैले युवा तथा खेलकुदको विकास बिना गाउँपालिकामा विकास निर्माण र नविनतम कार्यहरु सम्भव हुदैन।

स्थानीय रुपमा गाउँपालिकामा पालिकास्तरीय खेलमैदानको व्यवस्थापन छैन। प्रायः सबै विद्यालयमा पनि खेल मैदना रहेको पाईन्छ। तर पनि गाउँमा खेलकुदको विकास भएको खासै देखिदैन। कतिपय विद्यालयहरुले आन्तरिक रुपमा विद्यालयस्तरीय खेलहरु खेलाउँदै आएको पाईन्छ। तर पालिकामा हालसम्म कुनै पनि जिल्ला, प्रदेश तथा राष्ट्रियस्तरका क्लव तथा खेलाडीहरु छैनन्। युवाहरु त्यसैगरी कुलतमा लागेर दुर्वेशन गर्न सुरु गर्दछन् भने न्यून रोजगारी भएको यो देशबाट बाहिरको बाटो रोज्ने गरेको पाइन्छ।

### ५.३.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा खेलकुद पूर्वाधारको कमी प्रमुख समस्या रहेको छ। त्यसैगेरी युवा जनशक्तिको वैदेशिक रोजगारीमा जानेक्रम बढेकोले गर्दा खेलकुद बिकासमा कमी आउंदै गरेको पाइन्छ। त्यसरी नै खेलकुद क्षेत्रमा लगानी पनि न्यायोचित नरहेको देखिन्छ। गाउँपालिकामा रहेका युवाहरुको पनि बेरोजगारीको समस्याका कारण दुर्व्यसनको दर पनि बढ्दै गएको पाइन्छ।

### ५.३.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा युवा विकासका लागि संवैधानिक व्यवस्था लागु हुनुले र स्थानीय तहमा रोजगार र स्वरोजगारका अवसर अभिवृद्धिका लागि सरकारको उच्च प्राथमिकता रहनुले विकासको अवसर प्रदान गरेको छ। त्यसैगरी बिभिन्न युवा लक्षित उद्यमविकास तथा स्वरोजगारमुलक कार्यक्रमहरु सञ्चालनमा रहेकाछन् र गाउँपालिकाले खेलकुद विकासमा छुट्टै जिम्मेवारी पाउनुले थप युवालक्षित विकासको अवसर सृजना गरेको छन्।

**चुनौतीहरु**

यस गाउँपालिकामा राष्ट्रका अन्य क्षेत्रहरु झैँ युवाहरु गाउँबाट पलायन रोक्नु र युवामैत्री लगानीका अवसर बढाउनु चुनौतीपूर्ण रहेका छन्। त्यसैगरी उद्योग, उद्यम र वित्तीय स्रोतमा युवाको सहज पहुँच सुनिश्चित गर्नु, खेलकुदमा व्यवसायिकताको विकास गर्न खेलकुदको संस्थागत विकास र सुशासन कायम गर्न पनि कठिन छ। त्यहि सन्दर्भमा युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्न नसक्नु र खेलकुद पूर्वाधारको निर्माण गर्न पनि चुनौतीपूर्ण रहेको छ।

### ५.३.४ सोंच

युवाको पौरख; हेलम्बुको गौरव

### ५.३.५ लक्ष्य

युवा जनशक्तिको माध्यामबाट गाउँपालिकाको समृद्धिमा योगदान पुर्‍याएको हुने।

### ५.३.६ उद्देश्य

- युवाशक्तिलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नु।
- खेलकुदको विकासबाट स्वास्थ्य, सिर्जनशील र अनुशासित युवाहरु निर्माण गर्नु।

### ५.३.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| युवाहरूको क्षमता विकास गरी रोजगारीको अभिवृद्धि गर्ने | • युवाहरूलाई उनीहरूको अभिरुचि अनुसारको सिपमूलक तालिम दिईने छ।<br>• युवाहरूलाई उद्यम व्यवसायका लागि सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन वित्तीय संस्थाहरूसँग सहजीकरण गरिनेछ।<br>• युवाहरूको दक्षता र क्षामताका आधारमा उद्यमशील, रोजगारमुलक र स्वरोजगारीमा आवद्ध गराइने छ।<br>• युवाहरूलाई दुर्व्यवसनीबाट रोकी उत्पादनसील कार्यमा संलग्न गराउन प्रोत्साहित गरिनेछ। |
| खेलकुद पूर्वाधारको विकास गर्ने | • खेलकुद विकासका लागि गाउँपालिका स्तरीय कभर्ड हल र खेल मैदान निर्माण गरिनेछ।<br>• प्रत्येक वडामा एक एक वटा खेल मैदान निर्माण वा स्तरोन्नति गरिनेछ।<br>• विद्यालय स्तर देखि नै खेलकुद विकासका लागि हरेक विद्यालयमा खेल मैदानको व्यवस्था गर्न सहयोग गरिनेछ।<br>• गाउँपालिका स्तरीय अन्तर विद्यालय खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ।<br>• उत्कृष्ट खेलाडीलाई जिल्लास्तरीय प्रतियोगितामा भाग लिन प्रोत्साहित गरिनेछ।<br>• विद्यालय स्तरमा खेलकुद शिक्षकको क्षमता विकास गरिनेछ।<br>• परम्परागत खेकुदको पहिचान र प्रवर्द्धन गरिनेछ। |

#### ५.३.८ प्रमुख कार्यक्रमहरु

- युवा उद्यमशिलतालाई विशेष प्राथमिकता दिई वैदेशिक रोजगारी निरुत्साहित गर्ने कार्यक्रमहरु
- युवाहरुको मानसिक तथा शारीरिक चुस्तताका लागि खेलकुद तथा अभिवृद्धि कार्यक्रम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

#### ५.३.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आत्मनिर्भर तथा सिर्जनशील युवाशक्तिको विकास तथा उत्पादनमुलक कार्यमा युवा सहभागिता वृद्धि भएको हुनेछ । | बैदेशिक रोजगारीमा गएका युवा | संख्या | १७८६ | १५०० | १३०० | १२०० | १००० | ८०० |
| | युवा क्लब, सञ्जाल तथा संस्था | संख्या | १५ | २० | २५ | ३० | ३५ | ३५ |
| | उद्यम, व्यवसाय र स्वरोजगारीमा संलग्न युवा | संख्या | २७९८ | २९०० | ३०५० | ३२०० | ३६०० | ४००० |

#### ५.३.१० अपेक्षित उपलव्धी

- युवा सञ्जाल निर्माण भएको हुने।
- गाउँपालिका स्तरीय खेलकुद मैदानको स्तरोन्नती भएको हुनेछ ।
- पालिकामा १ वटा कभर्डहल निर्माण भएको हुनेछ ।
- सबै माध्यमिक विद्यालयमा खेलकुद शिक्षक र खेलकुदका सामग्रीहरुको व्यवस्था भएको हुनेछ ।
- वार्षिक रुपमा अन्तर विद्यालय खेलकुद प्रतियोगिताहरु आयोजना भएको हुनेछ ।
- युवाहरुले उद्यमशिलता तालिम प्राप्त गरेका हुनेछन।
- स्थानीय क्लबहरुको क्षमता अभिवृद्धि भएको हुनेछ ।
- युवाहरुले उद्यम र स्वरोजगारको लागि सहुलियत रुपमा ऋण प्राप्त गरेका हुनेछन् ।

## ५.४ खानेपानी तथा सरसफाइ

#### ५.४.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेकोछ भने स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राखेको छ । साथै, अन्तर्राष्ट्रिय रुपमा समेत दीगो विकास लक्ष्यले खानेपानी तथा सरसफाइ सम्बन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । जसले खानेपानीको कारण उत्पन्न हुने रोगको प्रकोपबाट मानव स्वास्थ्य सहयोग पुग्ने र समग्र स्वास्थ्य स्थितिमा सुधार गर्न सकिन्छ । त्यसकारण पनि खानेपानी तथा सरसफाइ मानव जीवनयापनको अत्यावश्यक आधार हो ।

हेलम्बुको खानेपानीको मुख्य स्रोत धाराको पानी हो । गाउँपालिकामा ९७.९% घरधुरीले धाराको पानी प्रयोग गर्दछन् । जसमा ६४.१% घरधुरीले सार्बजनिक धारा र बाँकी २६% घरपरिवारले नीजि धारा प्रयोग गर्दछन् । उमालेर पानि शुद्धीकरण गर्ने घरपरिवार ६१.३% रहेको पाईन्छ भने अन्य घरपरिबारले सफा कपडाले छान्ने गरेको पाईन्छ (हेलम्बु गाउँपालिका पार्श्वचित्र, २०७४)। काठमाण्डौं उपत्यकालाई लक्षित विकास गरिएको मेलम्ची खानेपानी योजना यस गाउँपालिकामा पर्दछ । यस गाउँपालिकामा २०६८ जनगणना अनुसार खानेपानी पाइपको माध्यमबाट प्रयोग गर्ने जनसंख्याको अनुपात उच्चतम रहेको पाइन्छ । करिब ३,४०० घरधुरी पाइपमा निर्भर रहेकाछन् भने २,८०० घरधुरी धारामा भर परेकाछन् र अन्य ह्याण्ड पम्प नदि आदि श्रोत रहेको पाइन्छ । त्यसैगरी खानेपानीको श्रोतको सम्बन्धमा अधिकांश घरपरिवार पाइपमै निर्भरछ भने पक्कि श्रोतमा पनि ठूलो मात्रामा घरपरिवार निर्भर छन् । ती बाहेक खुल्ला श्रोतमा पनि केहि १२० परिवार निर्भर रहेको पाइन्छ ।

यस गाउँपालिकामा सरसफाइको सन्धर्भमा ३,०७४ परिवारको पक्कि शौचालय रहेको पाइन्छ भने १,२१० परिवारको कच्ची रहेको पाइन्छ। त्यसैगरी १,१४४ घरधुरीमा शौचालय नभएको पाइएकोछ भने ७२२ सेफ्टी टंकी भएको, साधारण शौचालय २,२०४छ भने २४ घरधुरीको नखुलेको अवस्था रहेको पाइन्छ।
त्यसैगरी घरायसी फोहोरहरु घरमै व्यावास्थापन गर्ने गरेको देखिन्छ। केहि घरहरुमा चाहिँ मलका रुपमा प्रयोग गरिएको देखिन्छ। सहरीकरणको अवस्था तीव्र अझै भई नसकेको कारण फोहोर मैला व्यवस्थापनमा चुनौती सृजना नभएको देखिन्छ, तर केहि सहरी क्षेत्रमा ढलको आवश्यकता भने महसुस भएको पाइन्छ।

### ५.४.२ प्रमुख समस्याहरु

यस गाउँपालिकाको हरेक नागरिकले खानेपानीको सुविधा उपयोग गर्न पाएको छैनन् भने सरसफाइको प्रयास पनि गाउँपालिका तहबाट न्यून रहेको पाइन्छ। सो सम्बन्धी जनचेतनाको कमिले खानेपानीको गुणस्तर पनि सुलभ नभएको पाइन्छ। यहाँ व्यक्तिगत तथा सामुदायिकस्तरबाट सरसफाइको अभियानहरुको कमी भएको पाइन्छ भने वातावरण संरक्षण सम्बन्धी चेतना फैलाउन समेत कठिन देखिन्छ।

### ५.४.३ अवसर तथा चुनौतीहरु

**अवासरहरु**

यस गाउँपालिकामा खानेपानी क्षेत्रमा बिभिन्न सरकारी, निजि तथा गैससहरूको सहकार्य हुनुले विकासको अवसर सृजना गरेको छ। त्यसैगरी खानेपानी तथा सरसफाइ सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गर्नु र स्थानीय सरकार सञ्चालन ऐनले स्थानीयस्तरको खानेपानीलाई स्थानीय तहको अधिकारमा राख्नुले पनि अवसर सृजना गरेको छ। सरसफाइको सन्धर्भमा बढी खेती हुनु र फोहोरमैलाको कुल उत्पादन पनि न्यून हुनुले समयमै न्यूनीकरण उपायहरु कार्यन्वयन गर्ने अवसर रहेको छ।

**चुनौतीहरु**

गाउँपालिका भरि मापदण्ड अनुसार खानेपानीको वितरण गर्न र स्वच्छ खानेपानीको व्यवस्था गरी पानी जन्य रोगहरू नियन्त्रण गर्न चुनौतीपूर्ण छ। त्यसैगरी "एक घर एक धारा र एक चर्पी" नीतिको प्रभावकारी कार्यान्वयन गर्न पनि भौगोलिक तथा आर्थिक चुनौतीहरु रहेकाछन् भने खानेपानीका मुहानहरुको संरक्षण गर्न र सरसफाइको सामुदायिक अभ्यास बढाउनु पनि चुनौतीपूर्ण रहेको छ।

### ५.४.४ सोंच

खानेपानी र वातावरणमा शुद्धीकरण; हेलम्बु मा रोगको न्यूनीकरण।

### ५.४.५ लक्ष्य

शुद्ध खानेपानी र वातावरणीय सरसफाइको माध्यामद्वारा रोगको प्रकोपको न्यूनीकरण भएको हुनेछ।

### ५.४.६ उद्देश्य

स्वच्छ खानेपानी र सरसफाइको व्यवस्था गर्नु।

### ५.४.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| एकघर एकधाराको अवधारणा अनुसार स्वच्छ खानेपानी उपलब्ध गराउने। | • खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।<br>• हरेक घरमा पाइपद्वारा पानी पुऱ्याउने व्यवस्था गरिनेछ।<br>• खानेपानीको मुहानहरु संरक्षण गरिनेछ।<br>• खानेपानीका संरचनाहरुको स्तरोउन्नती र नयाँ संरचनाहरूको निर्माण गरिनेछ।<br>• खानेपानी शुद्धीकरण तथा प्रशोधन विधि ज्ञान दिईनेछ।<br>• खानेपानी उपभोक्ता समिति गठन गरी नियमित मर्मत सम्भारको लागि महसुल उठाई मर्मत सम्भार कोषको व्यवस्था गरिनेछ।<br>• खानेपानी तथा सरसफाइ सम्बन्धी काम गर्ने सरकारी, नीजि , गैसस र सामुदायिक संस्थाहरूसँग सहकार्य गरिनेछ। |
| प्रत्येक घरमा शौचालय निर्माण गर्नुका साथै वातावरणीय सरसफाइमा जोड दिने | • गाउँपालिकाका सबै घरधुरीमा व्यवस्थित चर्पीको व्यवस्था गरिनेछ।<br>• चर्पी वनाउन नसक्ने अतिविपन्न परिवारलाई अनुदानको व्यवस्था गरिनेछ।<br>• पूर्ण सरसफाइयुक्त गाउँपालिका घोषणा गर्न सरसफाइ अभियान, चेतना अभिवृद्धि, फोहोर विसर्जन, वास्केट तथा कन्टेनर र व्यवस्थित कम्पोष्टिङ आदिको व्यवस्था गरिनेछ। |

### ५.४.८ प्रमुख कार्यक्रमहरु

रहेका खानेपानी आयोजनाहरुको स्तरोन्नति तथा नयाँ आयोजना निर्माण

आयोजनाहरुको सुद्धता वृद्धि गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

### ५.४.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण | खानेपानी सेवाका लागि निजि धारामा निर्भर घरधुरी | प्रतिशत | २६ | ३१ | ३७ | ४५ | ५४ | ६५ |

### ५.४.१० अपेक्षित उपलव्धी

- खानेपानी तथा सरसफाइ गुरुयोजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ।
- खानेपानी नपुगेका वडा र बस्तीहरुमा नयाँ खानेपानी आयोजना निर्माण भएको हुनेछ।
- सबै घर परिवारमा पाइपद्वारा खानेपानी वितरण भै एक घर एक धारा र एक शौचालय भएको हुनेछ।
- खानेपानीको श्रोतहरुको संरक्षण भएको हुनेछ।
- सबै घरमा व्यवस्थित चर्पी हुनेछ।
- भूकम्पबाट क्षतिग्रस्त प्रणालीहरूको पुनर्स्थापना भएको हुनेछ।
- सरसफाइको अवस्थामा उल्लेखनीय सुधार भएको हुनेछ।
- मुख्य बजार केन्द्रहरुमा सार्वजनिक शौचालयको निर्माण भएको हुनेछ।
- खानेपानी र सरसफाइ सम्बन्धी जनचेतनाको विकास भएको हुनेछ।

## ५.५ लैङ्गिक तथा सामाजिक सामावेशीकरण

### ५.५.१ पृष्ठभूमि

यस गाउँपालिकामा आमा समूहहरु बलियो रहेको देखिन्छ। केहि स्थलहरुमा आमा समूहहरुको अगुवाईमा शेर्माथान जस्ता बस्ती पूर्ण रुपमा साकाहारीमा परिणत भएको पाइएको छ। यस गाउँपालिकाको लैङ्गिक अनुपात २०६८ मा ०.९४ रहेको थियो भने २०७५को घरधुरी सर्वेक्षण अनुसार ०.९९ रहेको देखिन्छ। यस गाउँपालिकामा महिला हिंसाका घटना धेरै पाइन्न भने महिला लक्षित अभिमुखीकरण कार्यक्रम तथा स्वास्थ्य शिविरको अझै कार्यक्रमहरुको महत्त्व महसुस भएको छ। सबै जाति समान अधिकार तथा समान सवल र सक्षम रहेको देखिन्छ भने समावेशीकरणको स्थिति उत्साहजनक देखिन्छ। यस गाउँपालिकाको निर्णय प्रक्रियामा महिला, दलित तथा अल्प संख्यकको प्रतिनिधित्वले गर्दा सम्बन्धित वर्ग र समुदायको मुद्दा समेटिदै गएको पाइन्छ। मिश्रित समुदाय रहेको यो गाउँपालिकामा सबै सामाजिक कार्यमा न्यायोचित सहभागिता हुने गरेको देखिन्छ। संविधानका मौलिक हकमा समावेशीकरणलाई गाउँपालिकाले प्राथमीकता दिई सो अनुसार बिभिन्न हक सुरक्षित भएको र समावेशी प्रतिनिधित्वको संवैधानिक एवं कानूनी व्यवस्था अनुसार भएको पाइन्छ भने स्थानीय जनजाति समुदायको घरायसी निर्णय प्रक्रियमा महिलाको भूमिका प्रभावकारी भएको पाइन्छ।

### ५.५.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा महिला नेतृत्व विकासको कमी रहेको देखिन्छ भने शिक्षा, स्वास्थ्य लगायतका आधारभूत क्षेत्रहरुमा महिलाको पहुँच अझै पनि तुलनात्मक रुपमा कमी रहेको देखिन्छ। त्यसैगरी महिलाको भूमिका औपचारिक आर्थिक क्रियाकलापमा भन्दा घरायसी काममा बढी केन्द्रित रहेको पाइन्छ। त्यसैगरी गाउँपालिकामा महिला, अपाङ्गता तथा बालमैत्री पूर्वाधारको कमी रहेको देखिन्छ।

### ५.५.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

विभेद, असमानता, कुरीति, कुसंस्कार, बालश्रम, श्रम शोषण, महिला हिंसा, विभेदलाई निर्मुल पारि समतामूलक र समावेशीसमाज निर्माण गर्न संवैधानिक प्रावधान छ। त्यसैगरी अशक्त तथा ज्येष्ठनागरिकरुको सम्मान हुने कार्यक्रम पनि हुँदै गरेको पाईन्छ। समानता र समाजिक समाबेशीकरणको लागि कानून, नियम, नीति, ऐन र कार्यक्रम प्रतिवादन गरिएको अवसर पनि रहेको पाइन्छ।

**चुनौतीहरु**

महिला तथा पिछडिएको वर्ग, समुदायको क्षमता विकास गरी उत्पादनशील क्षेत्रमा परिचालन गर्न चुनौतीपूर्ण रहेको छ। त्यसैगरी गाउँपालिकाभित्रका समिति, उपसमिति, उपभोक्ता समितिहरू, सामुदायिक संस्था तथा लाभग्राही संस्थाहरूमा यस वर्ग र समूदायको प्रतिनिधित्व कायम राख्न पनि कठिन छ। वालमैत्री स्थानीय शासन स्थापना गर्न, अपाङ्ग र ज्येष्ठ नागरिकमैत्री पूर्वाधारको पर्याप्त विकास गर्न र आर्थिक तथा सामाजिक जीवनमा लैङ्गिक समानता कायम गर्न चुनौती रहेको देखिन्छ। त्यसैगरी ग्रामीण महिलाको जीवनस्तरमा सुधार ल्याउन र महिला माथि हुने सबै किसिमका हिंसा, विभेद र शोषणको अन्त्य गर्न पनि चेतनाको अभावका कारण निकै कठिन छ।

### ५.५.४ सोंच

समानता र सामाजिक समावेशीकरणयूक्त हेलम्बु

### ५.५.५ लक्ष्य

समाजमा रहेको सम्पूर्ण सामजिक बिभेदको अन्त्य भएको हुने।

### ५.५.६ उद्देश्य

- समतामूलक तथा सामजिक समावेशीकरणको स्थापन तथा बिस्तार गर्नु ।
- बञ्चितीकरणमा परेका समूहहरूको प्रत्यक्ष सहभागीता सुनीश्चित गर्नु ।
- बिभेद/भेदभावमा परेका समूहहरुको राजनीतिक, आर्थिक र सामाजिक पहिचान सुनिश्चिच गर्नु ।
- हिंसा तथा दुर्व्यवहारमा परेका समूहहरुलाई हिंसा र दुर्व्यवहारबाट मुक्त गर्नु ।
- बञ्चित तथा सामजिक सुरक्षा नपाएका समुदायहरूलाई सामजिक सुरक्षा प्रदान गर्नु ।

### ५.५.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने । | • समानता र सामाजिक समावेशीकरण सम्बन्धित कानून, ऐन, नीति तथा कार्यनीति तयार गरिने।<br>• तथ्याङ्क/सूचना/अभिलेख राक्ने थालनी गरिनेछ ।<br>• समानता र सामाजिक समावेशीकरण सूचकहरु तयार गरी अनुगमन र मुल्याङ्कन प्रभावकारी बनाईने छ । |
| महिलाहरुको सशकत्करण र समावेशीकरणमा जोड दिने | • लैङ्गिक समता प्राप्तिको लागि महिला पुरुषको सक्रिय भूमिका गरिने।<br>• महिलाहरुको पहुँचमा राजिनीतिक, सामजिक, आर्थिक सशक्तीकरणमा प्रभावकारी सहभागिता बढाउँदै लगिनेछ ।<br>• महिला हिंसा, यौन हिंसारसोशण तथा ज्यादतीमा परेका महिलाहरुलाई संरक्षण दिई यस्ता घटना अन्त्यका लागि स्थानीय तह लाग्नेछ । |
| दलित, जनजाती, बिपन्न वर्ग, र सिमान्तकृत समुदायको सशक्तीकरण र विकास गर्ने | • दलित, जनजाती, बिपन्न र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• सामाजिक बिभेद, जातीय, छुवाछुत अन्त्यका लागि पालिका, नागरिक समाज र सरोकारवाल निकायहरुसँग सहकार्य गरिनेछ ।<br>• आधारभूत आवश्यकता (गास, बास, कपास, स्वास्थ्य, शिक्षा तथा रोजगार) राज्यले दिने अन्य विशेष सेवा सुबिधाहरुमा यी समुदायहरुको पहुँच सुनिश्चित गर्ने व्यवस्था मिलाईने छ । |
| ज्येष्ठनागरिकको, सम्मान र संरक्ष गर्ने | • ज्येष्ठनागरिकको संरक्षण सम्बन्धी संघीय तथा प्रादेशिक कानूनको आधारमा स्थानीय कानून तयार गर्न र गराउन पहल गरिनेछ ।<br>• ज्येष्ठनागरिकको अनुभव ज्ञान तथा शिपलाई स्थानीय तहको विकासमा उपयोग गर्ने नीति लिईनेछ । |

### ५.५.८ प्रमुख कार्यक्रमहरु

- महिला तथा पिछडिएका वर्ग लक्षित उद्यमशीलता तथा अभिमुखीकरण कार्यक्रम
- महिला तथा ज्येष्ठनागरिक लक्षित स्वास्थ्य विशेष कार्यक्रम

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

#### ५.५.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| आधारभूत र गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा खानेपानी सेवामा न्यायोचित पहुँच एवं लक्षित वर्गको सशक्तीकरण गरी समावेशी तथा समतामूलक समाज निर्माण | स्नातक तह उतीर्ण गर्ने महिला | संख्या | ३४९ | ४५० | ५८० | ६५० | ८६० | १००० |

#### ५.५.१० अपेक्षित उपलव्धीहरु

- समानता र सामजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा योजना तथा कार्क्रम तयार भई कार्यन्वयनमा आउनेछ।
- सामजिक विभेद र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी कानून निर्माण भै कार्यन्वयनमा आएको हुनेछ।
- जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा ज्येष्ठनागरिकहरुका उचित संरक्षण हुनेछ
- सामाजिक सुरक्षाका सेवाग्राहिहरुको एकीकृत अभिलेख स्थापित भएको हुनेछ।

## ५.६ लक्षित वर्ग उत्थान

#### ५.६.१ पृष्ठभूमि

यस गाउँपालिकामा २०७५को सर्वेक्षणमा ज्येष्ठनागरिक संख्या ४४७ रहेकोछ भने ३०७ संख्यामा अपाङ्ग भएको तथ्याङ्क छ र सो मध्ये पनि १३७ शारीरिक रुपले, ४६ आँखा कम देख्ने, ४१ पुरै कान नसुन्ने, ४९ बोलि सम्बन्धी समस्या रहेको देखिन्छ।

#### ५.६.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा लक्षित वर्गमा सचेतनाको अभाव हुनुका साथै आर्थिक रुपमा अत्यन्तै कमी रहेको देखिन्छ। लक्षित वर्गको समाजमा देखिएका सामाजिक कुरिति, जातीय, लैङ्गिक, भाषिक, धार्मिक, विभेद अन्त्य गर्नका लागि राज्य तथा सम्वन्धित निकायहरु औपचारिकतामा मात्र सिमित भइ लक्षित वर्गमा लागि न्यून कार्यक्रमहरु सञ्चालन भएको छन्।

#### ५.६.३ अवसर तथा चुनौतीहरु

**अवसर**

यस गाउँपालिकामा धैरै विभेदका घटना नभएको कारण समावेशी र समानतामूलक समाज निर्माण गर्न सकिने अवसर छ। लक्षित वर्गको सामाजिक र आर्थिक उत्थान गर्न आर्थिक कार्यक्रमहरु ल्याउन सकिने र स्थानीय विकास निर्माणमा लक्षित वर्गहरुको समावेशी सहभागिता सुनिश्चिच गर्ने सकिने अवसरहरु छन्। त्यसैगरी स्थानीय सरकारमा लक्षित वर्गको सम्मानजनक उपस्थित गराउन पनि सकिने अवसर रहेको पाइन्छ।

**चुनौतीहरु**

यस गाउँपालिकामा विकास गर्न सकिने विभिन्न अवसरहरु भएपनि समानता र सामाजिक समावेशीकरणको दृष्टिकोणलाई मूलप्रवाहिकरण गर्न ज्ञान, दक्षता र क्षमता भएका जनशक्तिको उचित व्यवस्थापन गर्न भने चुनौतीपूर्ण रहेको छ। त्यसैगरी अन्तर निकाय र समन्वय र सहकार्यलाई प्रभावकारी बनाई लक्षित वर्गको शिक्षा र स्वास्थ्य जस्ता क्षेत्रमा पहुँच स्थापित गर्न पनि कठिन छ।

### ५.६.४ सोंच

लक्षित वर्गको उत्थान, समावेशी र समानतामूलक समाजको निर्माण

### ५.६.५ लक्ष्य

समावेशी र समानतामूलक समाज निर्माण गर्ने

### ५.६.६ उद्देश्य

- समतामूलक तथा सामजिक समावेशीकरणको स्थापना तथा बिस्तार गर्नु ।
- विकास निर्माणमा लक्षित वर्गको प्रत्यक्ष सहभागिता सुनीश्चित गर्नु ।
- बिभेद/भेदभावमा परेका समूहहरुको राजनीतिक, आर्थिक र सामाजिक पहुँच सुनिश्चित गर्नु ।
- हिंसा तथा दुर्व्यवहारमा परेका समूहहरुलाई हिंसा र दुर्व्यवहारबाट मुक्त गर्नु ।
- बञ्चित तथा सामाजिक सुरक्षा नपाएका समुदायहरूलाई सामाजिक सुरक्षा प्रदान गर्नु ।

### ५.६.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| समानता र सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने । | • समानता र सामाजिक समावेशीकरण सम्बन्धी कानून , ऐन, नीति तथा कार्यनीति तर्जुमा गरिनेछ ।<br>• तथ्याङ्क/सूचना/अभिलेखको थालनी गरिनेछ ।<br>• समानता र सामाजिक समावेशीकरण सूचकहरु तयार गरी अनुगमन र मुल्याङ्कन प्रभावकारी बनाईने छ । |
| हिलाहरुको शसक्तिकरण र समावेशीकरणमा जोड दिने | • लैङ्गिक समता प्राप्ति लागि महिला पुरुषको सक्रिय भूमिका रहने व्यवस्था गरिनेछ ।<br>• महिलाहरुको राजनीतिक, सामाजिक, आर्थिक सशक्तीकरणमा प्रभावकारी सहभागिता बढाउँदै लगिने छ ।<br>• महिला हिंसा, यौन हिंसा/शोषण तथा ज्यादतीमा परेका महिलाहरुलाई संरक्षण दिई यस्ता घटना अन्त्यका लागि स्थानीय तह शसक्त रुपमा लाग्ने छ । |
| लक्षित वर्ग, र सिमान्तकृत समुदायको सशक्तीकरण र विकास गर्ने | • दलित, जनजाती, बिपन्न र सिमान्तकृत समुदायको आर्थिक, सामाजिक र राजनीतिक सशक्तीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• सामाजिक बिभेद, जातीय, छुवाछुत अन्त्यका लागि गाउँपालिका, नागरिक समाज र सरोकारवाल निकायहरुसँग सहकार्य गरिनेछ ।<br>• आधारभूत आवश्यक्ता (गास, बास, कपास, स्वास्थ्य, शिक्षा तथा रोजगार), राज्यले दिने अन्य विशेष सेवा सुबिधाहरुमा यी समुदायहरुको पहुँच सुनिश्चिच गर्ने व्यवस्था मिलाईने छ । |
| ज्येष्ठनागरिकको, सम्मान र संरक्ष गर्ने | • गाउँपालिका ज्येष्ठनागरिकको संरक्षण सम्बन्धी संघीय, प्रादेशीक कानूनको आधारमा स्थानीय कानून तयार गर्न र गराउन पहल गरिनेछ ।<br>• ज्येष्ठनागरिकको अनुभव, ज्ञान तथा शिपलाई स्थानीय तहको विकासमा उपयोग गर्ने नीति लिईने छ । |

### ५.६.८ प्रमुख कार्यक्रमहरु

- ज्येष्ठनागरिक, अपाङ्ग आदि लक्षित आम्दानी मुलक कार्यक्रम
- ज्येष्ठनागरिक मनोरंजन तथा वाल उद्यान केन्द्रहरुको निर्माण`

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

### ५.६.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| महिला, बालबालिका, दलित, ज्येष्ठनागरिक एकल महिला, फरक क्षमता तथा पछाडी पारिएको वर्ग शसक्त भई निर्णायक तहमा सहभागिताको वृद्धि भएको हुनेछ | सामाजिक सुरक्षाबाट लाभान्वित लक्षित वर्ग | संख्या | १७५१ | १८०० | १८५० | १९०० | २००० | २५०० |

### ५.६.१० अपेक्षित उपलब्धी

- समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, रणनीति तथा योजना तथा कार्यक्रम तयार भई कार्यन्वयनमा आउनेछ।
- सामाजिक विभेद र लैङ्गिक हिंसा अन्त्य सम्बन्धी कानून निर्माण भै कार्यान्वयनमा आएको हुनेछ।
- जोखिम अवस्थाका बालबालिका, अपाङ्गता तथा ज्येष्ठनागरिकहरुको उचित संरक्षण हुनेछ।
- सामाजिक सुरक्षाका सेवाग्राहीहरुको एकीकृत अभिलेख स्थापित भएको हुनेछ।

## ५.७ भाषा, संस्कृति, कला र साहित्य

### ५.७.१ पृष्ठभूमि

समुदायको आधारभूत पहिचान भनेको भाषा, संस्कृति, कला र साहित्य हो। नेपालको संविधानले नेपालमा बोलीने सबै मातृभाषाहरु राष्ट्रभाषा हुने भनि व्यवस्था गरेको छ। यसै गरी भाषा, संस्कृतिलाई मौलिक हकको रुपमा स्थापित गरेकोछ भने नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, संस्कृति, कला सहित्य, सांस्कृतिक सम्पदाको समबर्द्धन र संरक्षण गर्ने हक प्रदान गरेको छ। यो गाउँपालिकामा अधिकांश तमाङ जातिको बसोबास रहेको भएता पनि अन्य भाषा, सांस्कृतिकको आत्मसात् गर्ने समुदायको उपस्थिति रहेको पाईन्छ। त्यसकारण हेलम्बु गाउँपालिकालाई अलग तरिकाबाट पहिचान गर्न सकिन्छ। सामाजिक सहसम्बन्धको कारण यहाँको ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक, कला, सहित्य, सङ्गित, रीतिरिवाज, मुल्य, मान्यता, सम्पदाको संरक्षणमा गाउँपालिकाले आफ्नो स्पष्ट अवधारणा अगाडि सारेको छ। हेलम्बु गाउँपालिकामा तामांग र ह्योल्मो जातिको वर्चस्व रहेको पाइन्छ। ४९.९६% तामांग रहेको संख्या ८२९८ छ भने ३२७८ ह्योल्मो जातिको १९.७३% रहेको पाइन्छ। त्यस बाहेक १०.५% क्षत्री र ८.४% ब्राह्मण रहेको देखिन्छ। यी मुख्य जाति बाहेक नेवार, गुरुङ, दमाई, कामि ततथा अन्य जातिको पनि बसोबास रहेको छ।

### ५.७.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा भाषा, संस्कृति, कला, साहित्य संरक्षण गर्न र गराउन, परसंस्कृतिको अतिक्रमण बढ्नु, मुर्त तथा अमुर्त संस्कृतिको संरक्षण गर्नु, महत्वपूर्ण सम्पदाहरु हराउने, नष्ट हुने, चोरी हुनबाट रोक्नु, चाड पर्व तथा जात्राहरुलाई निरन्तरता नदिनु, मातृभाषा बोल्नेहरुको संख्या घट्दै जानु आदि समस्याहरु रहेका छन्।

### ५.७.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

गाउँपलिकामा रहेको सामजिक सांस्कृतिक विविधतालाई बिस्तार गरी रोजगरी तथा आयआर्जन र आर्थिक आम्दानीको अवसरसँग जोडेर समवर्द्धन र प्रवर्द्धन गर्न सके गाउँपालिकाको समग्र विकासमा योगदान पुर्‍याउन सक्ने संभावना तथा अवसर रहेको छ। यो क्षेत्रमा तामाङ तथा ह्योल्मो रहेकोले पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छ साथै यहाँको सामाजिक तथा सांस्कृतिक विशेषतालाई विदेशी मुलुकमा समेत पहिचान गरिएको कारण यहाँ वर्षेनी विदेशी तथा स्वदेशी पर्यटकहरु धुम्न आउने गरेको पाईन्छ। यो संभावनालाई अझ अवसरको रुपमा समेट्न सक्ने हो भने गाउँपालिकाको आर्थिक विकासमा टेवा पुग्दछ।

**चुनौतीहरु**

पुस्तौंदेखि चल्दै आएको सांस्कृतिक सम्पदाहरु अभिलेखिकरण गर्नु, सांस्कृतिक विचलन रोक्नु, अन्तर पुस्ता ज्ञान र भाषा हस्तान्तरण, संस्कृति, कला, भाषाको मौलिकता जोगाई राख्नु र सोको लाभ समुदायले प्राप्त गर्न सक्ने बनाउनु, महत्वपूर्ण सम्पदा चोरी तथा नष्ट हुनबाट बचाउनु आदि चुनौतीहरु रहेका छन् ।

### ५.७.४ सोंच

हेलम्बुको सान, सांस्कृतिक पहिचान ।

### ५.७.५ लक्ष्य

मौलिक संस्कृतिहरुको संरक्षण भई समग्र स्थानीय संस्कृतिमा गर्व गर्ने परिपाटीका साथै सामाजिक सद्भाव सहिष्णुता र ऐक्यबद्धतामा सुदृढ भएको हुने ।

### ५.७.६ उद्देश्य

सबै जातजातिको सामाजिक सांस्कृतिक सम्पदाहरुको अध्ययन अनुसन्धान गरी संरक्षण र सम्वर्द्धन गर्नु ।

### ५.७.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाको सामजिक र सांस्कृतिक विविधताको तथ्यगत आधार संस्थागत रुपमा तया गर्ने | • ऐतिहासिक, सांस्कृतिक र पुरातात्विक सम्पदाहरुको मर्मत सम्भार गरिनेछ ।<br>• परंपरादेखि सञ्चालनमा आएका ठूला जात्रा तथा पर्वहरु/ मेलाहरुको उचित व्यवस्थापन मिलाईने छ । |
| भाषा, साहित्य कलाको संरक्षण र विकास गर्ने | • मातृभाषा, साहित्य, कला, संगितको अध्ययन अनुसन्धान, सम्वर्द्धन र विकासको लागि संस्थागत विकास गर्ने। |
| | • सबै जातजातिको भाषा, संस्कृति, रीतिरिवाज, कला, चालचलन, भेषभुषा, परंम्परा, संस्कार आदिको संरक्षण गर्न पालिकाले विशेष व्यवस्ता मिलाउने छ । |
| मौलिक भाषा, संस्कृति र कलासम्बन्धी सामग्री शैक्षिक पाठ्यक्रममा समाबेस गर्ने। | • मातृभाषाको माध्यमबाट विद्यालय आधारभूत शिक्षा दिने व्यवस्था मिलाईने छ ।<br>• स्थानीय परिवेशलाई समाबेश गर्दै पाठ्यक्रमको तयार गरी स्थानीय पाठ्यक्रमको रुपमा पठनपाठन गराईने छ । |
| मुर्त तथा अमुर्त सांस्कृतिक सम्पदाको संरक्षणमा लाग्ने | • स्थानीय निवासीहरुको काल, भाषा, लिपि, लोकसंस्कृतिको संरक्षणमा सम्बन्धित समुदायलाई जागरुक गर्न गाउँपालिकासँग सहकार्य गरिनेछ ।<br>• मुर्त सांस्कृतिक सम्पदाहरुको संरक्षण गरिनेछ । |

### ५.७.८ प्रमुख कार्यक्रमहरु

- धार्मिकस्थलहरुको पुन निर्माण तथा आवश्यकता अनुसारका नयाँ संरचना निर्माण कार्यक्रम
- लोप हुने लागेका कला तथा संस्कृति जगेर्ना गर्ने कार्यक्रम
- कला र आर्थिक आम्दानीलाई जोडी व्यवस्थापन

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

### ५.७.९ अपेक्षित उपलव्धीहरु

- सामाजिक सांस्कृतिक विविधता कायम रहि रहने छ ।
- भाषा, कला, साहित्य, रीतिरिवाज, मुल्य मन्याताको संरक्षण तथा विकासको लागि गाउँपालिकाले संस्थागत पहल गरेको हुने छ ।
- गाउँपालिकाको मुर्त तथा अमुर्त सम्पदाहरुको जगेर्ना गरिएको हुनेछ ।
- मातृभाषामा पाठ्यक्रम तथा पाठ्यसामग्री उपलब्ध भएको हुनेछ ।

# परिच्छेद ६: पूर्वाधार क्षेत्र

## ६.१ आवास तथा बस्ती विकास

### ६.१.१ पृष्ठभूमि

हेलम्बु गाउँपालिका बागमती प्रदेशका पालिकहरुमध्ये कम जनघनत्व भएको पालिका अन्तर्गरत पर्दछ । भौगोलिक विकटताको कारण यहाँ जनसंख्या न्यून रहेता पनि आवास निर्माण र बस्ती विकास कार्य भइरहेको हुनाले यस क्षेत्रमा पनि व्यवस्थित आवास र बस्ती विकास हुन आवश्यकछ त्यसैगरी २०७२को भुकम्प र २०७७ तथा २०७८ सालको बाढीमा थुप्रै स्थानीय घर विहिन भएकाछन् भने अझै जोखिममुक्त आवास निर्माण गर्न गाउँपालिका सक्षम भएको देखिंदैन। गाउँपालिकामा निर्मित बस्तीहरुमा शहरी योजना तथा भवन सम्बन्धी मापदण्ड र संहिता पालनामा व्यापक कमी हुने गरेको देखिन्छ। जसले गर्दा यसरी आफुखुसी विकास गरिएका आवास र बस्तीहरु जोखिमयुक्त र अव्यवस्थित हुने गरेका छन् । गाउँपालिकाका अधिकांश आवास छरिएर रहेका छन् । यद्यपि ग्याल्थुम, सेरा क्षेत्रमा केही बाक्लो बस्ती बिस्तार भैरहेको देखिन्छ ।

### ६.१.२ प्रमुख समस्याहरु

यहाँ धैरै भिरालो जमिन भएको, धैरै ठाउँमा पहिरो गएको र भौगोलिक हिसाबले कमजोर जमिन रहेका छन् । त्यसैगरी जोखिममा रहेका बस्तीहरुलाई स्थानान्तरण गर्न विभिन्न प्रयत्नहरु गरिएता पनि सम्भव भएको देखिदैन। अन्य पहाडी क्षेत्रमा झैँ छरिएको बस्तीलाई एकीकृत बस्ती विकास गरी समेट्न समस्या देखिएको छ ।

### ६.१.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा जोखिमयुक्त क्षेत्रमा रहेका घरधुरीहरुलाई एकीकृत बस्ती आवास निर्माण गरी सुरक्षित आवासहरुको विकास गर्न सकिने अवसर रहेकोछ भने निम्न आय भएकाहरुको लागि योजनाबद्ध जनता आवास कार्यक्रम सञ्चालन पनि गर्न सकिने र त्यसका लागि विभिन्न गैर सरकारी संस्थाहरुबाट सहयोग जुटाउन सकिने अवसर देखिन्छ।

**चुनौतीहरु**

विभिन्न अवसरहरु भएपनि यस गाउँपालिकामा भवनसंहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन गर्ने चुनौतीपूर्ण छ र केहि घरहरुको स्वामित्व नभएका स्थानीयहरुको व्यवस्थापन गर्न पनि कठिन रहेको छ । त्यसैगरी केही परिवारहरु आवास निर्माण गर्न नसकेकाले अझै पनि टहरा, झुपडी तथा कच्ची घरहरुमा बसोबास गर्दै आएकालाई व्यवस्थापन गर्न पनि चुनौती रहेको छ ।

### ६.१.४ लक्ष्य

व्यवस्थित, गुणस्तरीय, वातावरण सन्तुलित, सुरक्षित र झन राम्रो बनाउने अवधारणा अनुसार आवास तथा बस्ती विकास गर्ने ।

### ६.१.५ उद्देश्य

- आवासमा सबैको पहुँच सुनिश्चिच गर्नु ।
- जोखिमयुक्त क्षेत्रमा बसोबास गरिरहेकाहरुको उचित व्यवस्थापन गर्नु ।
- गुणस्तरीय, व्यवस्थित, सुरक्षित र किफायति भवन निर्माण गर्नु ।

#### ६.१.६ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| आवास बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने । | • भवन निर्माण आचारसहिंता परिपालना र नियमित अनुगमन गरिनेछ र यस सम्बन्धी जनचेतना बृद्धि गरिनेछ ।<br>• आवास, बस्ती विकास र भवन सम्बन्धी आवश्यक नीति तथा मापदण्डहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।<br>• भू-उपयोग नीति अनुसार प्रदेश सरकार र नीजि क्षेत्र समेतको सहकार्यमा आवास तथा बस्ती विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• न्यून आय हुने वर्गका लागि सुलभ आवासको व्यवस्था गर्न नीजि क्षेत्रसँग सहकार्य गरिनेछ । |
| सुरक्षित र व्यवस्थित बस्ती विकास र सूचना प्रणालीलाई प्रवर्द्दन गर्ने । | • सुरक्षित र व्यवस्थित बस्ती विकासको लागि योग्य र अयोग्य भूमिको पहिचान गरिनेछ ।<br>• जोखिममा रहेको बस्तीहरुको सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ ।<br>• सार्वजनिक जग्गा र नदि किनार लगायतका क्षेत्र अतिक्रमण गरी गरिने बस्ती विकास लगायतका कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।<br>• सकुम्वासी बस्ती, अव्यवस्थित बस्ती सँग सम्बन्धित समस्याहरु समाधान गरिनेछ । |

#### ६.१.७ प्रमुख कार्यक्रमहरु

- जोखिमयुक्त बस्तीहरुको उचित व्यवस्थापन
- नीतिगत रुपले भवनसंहिता तथा अन्य नियम लागु गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

#### ६.१.८ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ |
| आवास बजार, बस्ती , एकीकृत, व्यवस्थित र सुरक्षित भएको हुनेछ | प्रवार्द्धित तथा मापदण्ड अनुसार निर्माण तालिम लिएको दक्ष व्यक्ति | संख्या | १२५ | १७५ | २१० | २५० | ३२० | ४०० |
| | आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | २ | ४ | ६ | ८ | १० | १२ |

#### ६.१.९ अपेक्षित उपलव्धी

- जोखिमयुक्त स्थानमा बसोबास गरिरहेकाहरुका लागि सुरक्षित स्थलमा एकीकृत बस्ती विकास कार्यक्रम लागु हुनेछ ।
- सुरक्षित र सुविधा सम्पन्न शहरी पुर्वाधारयुक्त आवास र बस्तीहरुको विकास भएको हुने छन् ।
- भवन संहिता र निर्माण मापदण्डको पूर्ण कार्यान्यवयन हुनेछ ।

## ६.२ सडक तथा यातायात

#### ६.२.१ पृष्ठभूमि

स्थानीय तहहरुको सामाजिक, आर्थिक र भौतिक विकासमा सडक तथा यातायात पूर्वाधार सुविधाको महत्वपूर्ण भूमिका हुने गर्दछ । सडक र यातायाताको विकाससंगै स्थानीय उत्पादनहरुले बजारसम्मको सहज पहुँच पाउँछन् भने वरीपरीका अन्य बजार केन्द्र, शहर र पालिकाहरुसँग समेत गाढा सामाजिक आर्थिक अन्तरसम्बन्ध स्थापित हुन्छ ।

शहरी प्रणालीलाई बेवास्ता गरेर बनाईने पूर्वाधारको उपयोगिता रहदैन भने गुणस्तरीय सडक र यातायात प्रणाली बिना शहरी प्रणाली र जनजीवन पनि सहज र सबल हुँदैन। सडक तथा यातायात प्रणालीमा गरिने लगानीले शहरीकरणलाई समेत सहयोग पुर्‍याईरहेको हुन्छ। यसै तथ्यलाई मध्यनजर गरी सडक तथा यातायात पूर्वाधार विकासको सन्दर्भमा ५ वर्षे आवधिक लक्ष्य, उद्देश्य, समस्या र चुनौती, संभावना र अवसर, रणनीति र कार्यनीति तथा विकासका कार्यक्रमहरुको प्राथमिकीकरण तल प्रस्तुत गरिएको छ। यस गाउँपालिकामा मोटर बाटोले अधिकांश बस्तीमा पहुँच पुर्याएको छ भने केहि नयाँ योजनाहरुको माग भएको पाइन्छ। यस पालिकाको पार्श्वचित्र अनुसार वडा १ मा पार्श्वचित्र अनुसार ६ सडक रहेकाछन् भने ३ मोटर बाटो तथा ८ झोलुङ्गे पुलहरू रहेका छन्। यातायातका हिसाबले बाढी अघि नियमित चल्ने गरेको काठमाण्डौं देखको सार्वजनिक यातायातमा रोक लागेको देखिन्छ। त्यसैगरी वडा नं. २ मा करिब १० मोटर बाटो रहेकाछन् भने करिब ६ झोलुङ्गे पुल रहेका छन्। त्यसैगरी यातायातको सन्धर्वमा काठमाण्डौंबाट नियमित १ गाडी आवत तथा १ गाडी जावत गर्ने गरेको देखिन्छ। वर्खा बाहेकका समयमा सेर्माथाङ् सम्म गाडी पुग्ने गरेको देखिन्छ। वडा नं. ३ मा १० मोटर बाटो रहेकाछन् भने ३ झोलुङ्गे पुल रहेको पाइन्छ। यस वडामा पनि काठमाण्डौं बाट १ गाडी दैनिक यात्रा गरिरहेको पाइन्छ। वडा नं. ४ मा ४ वटा मोटर बाटो रहेकाछन् भने ३ झोलुङ्गे पुल रहेका छन्। यातायातका हिसाबले अन्य वडाहरु तिर लाग्ने सबै गाडी यो वडा हुँदै जाने हुनाले थुप्रै गाडीको सेवा उपलब्ध रहेको पाईन्छ। वडा नं. ५ मा भने १० सडक रहेकाछन् र २ झोलुङ्गे पुल रहेका छन्। यातायातका सम्बन्धमा हाल वडा नं. ५ सुरुंगसम्म गाडी चल्ने गरेको देखिन्छ। वडा ६ मा ५ मोटर बाटो रहेको विवरण पाइन्छ भने ५ झोलुङ्गे पुल रहेको पाइन्छ। त्यसैगरी वडा ७ मा ५ सडक रहेकाछन् भने ५ झोलुङ्गे पुल रहेका छन्।

### ६.२.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा कालोपत्रे सडक नै नरहेको अवस्था छ भने बाह्रमासे चल्ने सडक संख्या कम रहेको पाइन्छ। त्यसैगरी सडकको कम गुणस्तरको कारण ढुवानीमा पनि समस्या रहेकोछ र भाडादर तथा आपूर्ति भएका वस्तुको मुल्य उच्च रहेको छ। त्यसैगरी विपद्का कारण धेरै सडकहरुमा वर्षेनी बजेट खर्च हुने गरेपनि दीगो समाधान भने पाउन सकिएको छैन।

### ६.२.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा स्थानीय बजार केन्द्रहरुलाई सडक सञ्जालसँग जोडी सकिएकोछ र गुणस्तरको आवश्यकता छ। गाउँपालिकाको आन्तरिक व्यापार र अन्तरपालिका कारोबारलाई बृद्धि गर्न सो सडक सञ्जालले अवसर प्रदान गरेकोछ र स्थानीय अर्थतन्त्रलाई समुन्नत बनाउन समेत योगदान पुग्न सक्छ। त्यसैगरी पर्यटकीय महत्त्वका स्थानहरुले गर्दा सडक सञ्जाल निर्माणमा बाहिरी लगानी बढाउन सक्ने अवसर रहेको छ। सहज तरिकाबाट सेवा तथा सुविधा उपभोग गर्न वडा कार्यालयहरु पनि सडक सञ्जालबाट जोडिएका छन्।

**चुनौतीहरु**

गाउँपालिकाको सबै बस्ती तथा वडाहरुका सडक सञ्जालको गुणस्तर वृद्धि गर्न ठूलो लगानी आवश्यक हुन्छ र सो लगानी जुटाउन गह्रो हुने देखिन्छ। स्थानीय नागरिकहरु जोखिमपूर्ण यात्रा गर्न बाध्य हुनु, सडक निर्माणको लागि लगानी जुटाउनु चुनौतीपूर्ण रहेको छ। त्यसैगरी पहाडी भूभाग भएकोले सडक निर्माणमा अत्यधिक कठिनाईहरु सामना गर्नु पर्ने हुन्छ।

### ६.२.४ सोंच

समृद्ध हेलम्बुको आधार, वातावरणमैत्री सडक र दीगो पूर्वाधार

### ६.२.५ लक्ष्य

गाउँपालिका बजार केन्द्र र बस्तीहरुमा वातारणमैत्री सडक तथा गुणस्तरीय यातयात पूर्वाधारको विकास र पहुँचमा अभिवृद्धि गर्ने।

### ६.२.६ उद्देश्य

गाउँपालिकाको सडक तथा यातायात सञ्जालको विकास, संरचना र व्यवस्थापनमा सुधार गर्नु ।

### ६.२.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सडक तथा यातायातको पहुँच र गतिशिलतामा सुधार गर्ने । | • गाउँपालिकाको यातायात गुरुयोजना तर्जुमा गरिनेछ ।<br>• गाउँपालिकाभित्रका सडकहरुको अधिकारक्षेत्र तथा चौडाई यकिन गरी सोको परिभाषा, छनौट गरी सूची तयार गरिनेछ ।<br>• गाउँपालिकाको केन्द्रदेखि प्रत्येक वडासम्म जोडने सडकहरुको स्तरोन्नती गर्न प्रदेश र संघीय सरकारसँग सहकार्य गरिनेछ ।<br>• गाउँपालिकाको रणनैतिक सडकहरुको नियमित र पटके मर्मत सम्भारलाई प्राथमिकता दिईने छ ।<br>• सडकहरुको निर्माण गर्दा वातावरणमैत्री, बायोइन्जिनियरिङ सहित अझ राम्रो बनाउने निति लिइनेछ । |
| सडक सञ्जाल सुधार गर्ने | • गाउँपालिकाभित्रका सडक तथा पुल निर्माणको लागि पर्याप्त अध्ययन र अनुसन्धान गरिनेछ ।<br>• वातावरण न्यूनतम क्षति हुनेगरी मात्र ठूला सडक र पुलहरु निर्माणको व्यवस्था मिलाईने छ । |
| सडक र संरचनाहरुलाई व्यवसायिक सिद्वान्त अपनाई सञ्चालन र व्यवस्थापन गर्ने । | • गाउँपालिकाका रणनैतिक सडक र पक्की तथा झोलुङगे पुलहरुको सूची (ईन्भेन्ट्री) तयार गरिनेछ र आवश्यक मर्मत सम्भारका लागि प्राथमिकता निर्धारण गरिनेछ ।<br>• सडक संरचना मर्मत सम्भारको निम्ति निश्चित बजेट गाउँपालिकाले नै छुट्याई वा प्रयोग कर्ताहरुबाट नै निर्धारित शुल्क उठाई संरचनाहरुको मर्मत सम्भारको व्यवस्था मिलाईनेछ र सोको लागि आवश्यक सहकार्य गरिनेछ । |
| सडक तथा यातायात प्रणालीलाई व्यवस्थित गर्ने | • सडक तथा यातायात सम्बन्धी नीति, कानून र मापदण्ड तयार गरिनेछ ।<br>• दीगो तथा वातावरणमैत्री सवारी साधन प्रयोगका लागि नीतिगत व्यवस्था गरिनेछ ।<br>• सार्वजनिक यातायात सञ्चालनमा स्थानीय सहकारीसँग सहकार्य गरिनेछ । |

### ६.२.८ प्रमुख कार्यक्रमहरु

- रहेका सडकहरुको प्राथमिकता अनुसार ढल सहित स्तारोंनति
- वायो ईन्जीनियरिङ्ग प्रयोग गरी पहिरो तथा भू-क्षय नियन्त्रण
- सार्वजनिक यातायातलाई उचित व्यवस्थापन

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

### ६.२.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सडक एवं सहायक पूर्वाधारको बिस्तार र विकास एवं यातायात सुचारु भएको हुनेछ | पक्की सडकमा पुग्न लाग्ने औसत समय | मिनेट | २२ | २० | १८ | १३ | १० | १० |
| | कालोपत्रे सडक | किमी | ० | २५ | ३५ | ४५ | ६० | ८८ |
| | ग्राभेल सडक | किमी | ५५ | १७५ | २०० | २३० | २६० | ३०० |
| | धुले सडक | किमी | ३११ | १९१ | १७७ | १३६ | १०६ | ६६ |
| | बायो इन्जिनीरिंग प्रविधि र सडक साइड वृक्षारोपण | किमी | ० | १५ | ३८ | ५० | ७५ | ९० |

#### ६.२.१० अपेक्षित उपलब्धी

- गाउँपालिकाको यातायात गुरुयोजना पूर्ण कार्यान्वयन हुनेछ।
- गाउँपालिकाका सम्पूर्ण वडा, बजार, बस्ती र टोलहरुमा सडकको पहुँच स्थापित हुने छ।
- गाउँपालिकाभित्र स्थानीयवासीहरुको सहज आवत जावत हुने छ।
- स्थानीय खोला र नदिहरुमा पक्की पुलहरु निर्माण हुने छ।
- विद्यमान ग्राभेल र धुले सडकहरुको स्तरोन्नती हुने छ।
- मुख्य सडक क्रमागत रुपमा पक्की हुने छ।
- नयाँ सडकहरु वातावरणीय तथा सम्भाव्यता अध्ययन सहित निर्माण हुने छ।

## ६.३ सिंचाइ

### ६.३.१ पृष्ठभूमि

कृषियोग्य भूमिमा बाहै महिना सिंचाइ सुविधा पुर्‍याई कृषिको उत्पादकत्व बढाउन सिंचाइको दीगो व्यवस्था गर्न आवश्यक छ। परम्परागत सिंचाइ प्रणालीको मर्मत-सम्भार र नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमबाट सिंचित कृषि क्षेत्रको बिस्तार भइरहेको छ। सिंचाइ पूर्वाधार निर्माणमा रणनीतिक महत्वका ठूला सिंचाइ संघबाट, मझौला सिंचाइ प्रदेशबाट र साना सिंचाइ स्थानीय तहबाट लगानी तथा परिचालन गर्ने व्यवस्था मिलाउन आवश्यक छ। सिंचाइ प्रणालीको निर्माण पछिको मर्मत-सम्भार, व्यवस्थापन एवम् सञ्चालनगमा उपभोक्ता समुदायको सक्रिय सहभागिता थप सुदृढ गर्नुपर्ने आवश्यकता रहेको छ। सिंचाइको थप पूर्वाधार विकास र सम्पन्न सिंचाइ प्रणालीको सुधार व्यवस्थित बनाउन लगानी वृद्धि गर्न आवश्यक छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय साना सतह तथा भूमिगत सिंचाइ प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निर्धारण र संकलन सम्बन्धी व्यवस्थापन गर्न सकिने छ।

यस गाउँपालिकाको तल्लो भेगमा खेती हुने गरेको र सिंचाइ आवश्यकता रहेको पाइन्छ। माथिल्लो भेगमा आकाशे पानीको भरमा आलु खेती लगायत हुने गरेको देखिन्छ। तर बाढीले अधिकांश तल्लो भेगका खेतीयोग्य जमिनहरु नोक्सानी भएको र भएका सिंचाइ आयोजनाहरु पनि जिर्ण अवस्थामा रहेको पाइन्छ।

### ६.३.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा सिंचाइको भरपर्दो सेवा पुर्याउन सकिएको छैन भने निर्मित सिंचाइ प्रणालीको पर्याप्त मर्मत सम्भार हुन सकेको छैन। त्यसैगरी सिंचाइ क्षेत्रमा पर्याप्त लगानी हुन नसक्नु र निर्माणाधिन आयोजनाहरु तोकिएको समय र लागतमा सम्पन्न नहुने गरेको पाइन्छ।

### ६.३.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा खहरे, मेलम्ची आदि खोला लगायत अन्य श्रोतहरुले सिंचाइ लगायत बहुउपयोगको अवसर रहेको छ। त्यसैगरी सिंचाइ प्रणाली बिस्तारका लागि कृषकहरुको तर्फबाट पनि लगानी जुटाउने अवसर रहेको छ। ठूला सिंचाइ, साना सिंचाइ, थोपा सिंचाइ र प्लाष्टिक पोखरी निर्माण तथा सुधारका योजनालाई प्राथमिकता दिन सकिन्छ र पाखो जग्गामा स्प्रीङ्गक्लर, थोपा सिंचाइ प्रविधिलाई प्राथमिकता दिई विकास गर्न सकिने अवसर रहेको छ।

**चुनौतीहरु**

भौगोलिक कठिनाईले गर्दा सिंचाइ आयोजनाहरु निर्माण गर्न अत्याधिक लगानी आवश्यक हुँदा चुनौती उत्पन्न भएको छ। त्यसैगरी वर्षेनी हुने प्राकृतिक प्रकोपले गर्दा आयोजनाहरु जोखिममा रहने चुनौती रहेको छ। सिंचाइ सुविधा रहेको केहि खेतहरूमा पनि कृषकको बेवास्ताका कारण बाँझोपन हुने समस्या रहेको छ।

### ६.३.४ सोंच

हेलम्बु गाउँपालिकाको उत्थानशील आर्थिक विकासको आधार, सिंचाइ पूर्वाधार

### ६.३.५ लक्ष्य

कृषियोग्य भूमिमा दीगो एवम् भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने।

### ६.३.६ उद्देश्य

- उपयुक्त प्रविधिमार्फत थप कृषियोग्य भूमिमा सिंचाइ सेवा बिस्तार गर्नु।
- बहुउद्देश्य आयोजनाको विकास गरी कृषियोग्य भूमिमा वर्षैभरी भरपर्दो रुपमा सिंचाइ सुविधा उपलब्ध गराउनु।
- सिंचाइ प्रणालीको मर्मत सम्भार एवम् व्यवस्थापनलाई सुदृढ तुल्याई दीगो बनाउनु।

### ६.३.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सिंचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलवायु परिवर्तन अनुकूलन हुने गरी सिंचाइ योजनाहरुको विकास एवम् बिस्तार गर्ने। | • प्राविधिक, आर्थिक र वातावरणीय पक्षबाट सम्भाव्य साना, मझौला र ठूला सतह सिंचाइ आयोजना प्राथमिकीकरण, निर्माण तथा बिस्तार गरिनेछ।<br>• संघीय र प्रदेश सरकारसँगको सहकार्यमा सम्भाव्य स्थानमा भूमिगत जलस्रोतमा आधारित स्यालो तथा डिप ट्युबवेल कार्यक्रम प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।<br>• सिंचाइ जलवायु परिवर्तनबाट हुने प्रभावको अध्ययन गरी सोही अनुरुप प्रणाली डिजाइन एवम् सञ्चालनमा आवश्यक सुधार गर्दै लगिने छ। |
| नयाँ प्रविधिमा आधारित सिंचाइको विकास गर्नुका साथै सिंचाइ दक्षता वृद्धि गर्ने। | • संघीय र प्रदेश सरकारसँगको सहकार्यमा कृषियोग्य भूमिमा व्यावसायिक कृषिलाई प्रोत्साहन गर्नका अन्य प्रविधिमा आधारित भूमिगत तथा लिफ्ट सिंचाइ प्रणालीको विकास गरिनेछ।<br>• उपयुक्त प्रविधि सहितको सिंचाइ सुविधा बिस्तार गरिनेछ। |
| संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा सिंचाइ प्रणालीको विकास गर्ने तथा बाह्रै महिना सिंचाइ सेवा उपलब्ध गराउनका लागि ठूला बहुउद्देशीय, अन्तरजलाधार र जलाशययुक्त आयोजनालाई प्राथमिकताका साथ अघि बढाउने। | • संघबाट तीन तहको समन्वय र साझेदारीमा आधारित भई बाह्रै महिना सिंचाइ सुविधा उपलब्ध गराउन प्राविधिक, सामाजिक, आर्थिक तथा वातावरणीय पक्षबाट सम्भाव्य अन्तरजलाधार र जलाशययुक्त बहुउद्देशीय आयोजनाको प्राथमिकताका साथ अध्ययन तथा कार्यान्वयन गरिनेछ।<br>• ठूला सिंचाइ प्रणालीहरुमा पानीको थप स्रोत बढोत्तरीको लागि स्थानीय स्रोतहरुको समेत अधिकतम उपयोग गरिनेछ। साथै, मूल एवम् पोखरी, तालतलैयाहरुको संरक्षण तथा सुदृढीकरण गरी सिंचाइको लागि समेत उपयोग गरिनेछ।<br>• पानीको स्रोत न्यून हुने तथा वर्षैभरी सिंचाइ उपलब्ध हुन नसक्ने क्षेत्रमा सिंचाइ सेवा पुर्याउन भूमिगत जलस्रोत र आकाशे पानीको संकलन, पोखरी वा जलाशयमा भण्डारण गरी थोपा, फोहरा जस्ता प्रविधिलाई प्राथमिकताका साथ उपयोग गरिनेछ। |
| सिंचाइ प्रणाली मर्मत सम्भार एवम् दीगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने। | • संघीय संरचना अनुरुप समस्थागत विकास तथा जनशक्तिको क्षमता अभिवृद्धि गरिनेछ।<br>• सहकारी तथा समुदायको सहभागितामा सिंचाइ प्रणालीको व्यवस्थापन गरिनेछ।<br>• सिंचाइ प्रणालीको दीगो पनाका लागि उपभोक्ताहरुको स्रोत सहितको सहभागितामा सोको नियमित मर्मत सम्भार, व्यवस्थापन र उपयोग गर्ने पद्धतिमा सुधार गरिनेछ। |
| नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिवृद्धि गर्ने। | • संघीयता अनुकूलको सिंचाइ नीति, रणनीति, प्राथमिकिकता, कार्यसूची र मापदण्ड बनाई तीन तहका सरकारको कार्य जिम्मेवारी निर्धारण गरिनेछ।<br>• सिंचाइ आयोजनाको स्वीकृत सिंचित क्षेत्रमा हुनसक्ने अतिक्रमण रोक्न विद्यमान कानूनमा आवश्यक परिमार्जन गरी कृषियोग्य भूमिको संरक्षण गरिनेछ। |

### ६.३.८ प्रमुख कार्यक्रमहरु

- रहेका सिंचाइ आयोजनाहरुको स्तरोन्नति सहित नयाँ आयोजनाहरु निर्माण
- नयाँ पानीका श्रोत पहिचान गर्ने तथा वातावारणिय प्रभाव मुल्यांकन गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ६.३.९ अपेक्षित उपलब्धी

- सिंचाइ विकासको गुरुयोजना तर्जुमा हुनेछ।
- सतह, भूमिगत तथा अन्तरजलाधार आयोजनाको कार्यान्वयन भई सतह सिंचाइ, भूमिगत सिंचाइ र नयाँ प्रविधिमा आधारित सिंचाइ क्षेत्रमा बिस्तार हुनेछ।
- सिंचाइ सेवाका लागि पूर्वाधार विकास भएको हुनेछ।
- कृषियोग्य जमिनहरुमा वर्षैभरी सिंचाइ सुविधा उपलब्ध भएको हुनेछ।
- ठूला सिंचाइ, साना सिंचाइ, थोपा सिंचाइ र प्लाष्टिक पोखरी निर्माण तथा सुधारका योजना कार्यान्वयन हुनेछ।
- पाखो जग्गामा स्प्रीङ्गलर, थोपा सिंचाइ प्रविधिलाई प्राथमिकताका साथ कार्यान्वयन हुनेछ।

## ६.४ विद्युत तथा वैकल्पिक उर्जा

#### ६.४.१ पृष्ठभूमि

नेपालमा विद्युतीय उर्जा प्रमुख उर्जाको रुपमा रहेकोछ भने विद्युतीय आत्मनिर्भरता तर्फ देश अगाडि बढेको अवस्था छ। यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०६८ का अनुसार २,८८७ घरधुरी बत्तीका लागि बिजुलीमै निर्भर रहेकाछन् भने सोलार २६५ घरधुरीमा जडित देखिन्छ। त्यसैगरी इन्धनको रुपमा भने ११ घरधुरी बिजुलीमा निर्भर रहेक पाइन्छ।

#### ६.४.२ प्रमुख समस्याहरु

यस गाउँपालिकाको सबै बस्तीहरुमा राष्ट्रिय प्रसारणको विद्युतीय सेवा पुगेको छैन भने बत्तिको प्रयोजनलाई मात्र विद्युत प्रयोग गर्ने गरिएको पाइन्छ। प्रमुख खाना पकाउने उर्जाको रुपमा अझै पनि दाउराको प्रयोग गरिन्छ भने प्रसारणलाईनमा वनको उपस्थिति तथा अन्य कारणबाट अवरोध हुने गरेको देखिन्छ। यस गाउँपालिकालाई पर्याप्त हुन सक्नेगरी साना जलविद्युत योजना विकास गरी यस क्षेत्रको सम्भाव्यता उपयोग गर्न नसक्नु पनि समस्या रहेको छ।

#### ६.४.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

जलविद्युत आयोजनाबाट विद्युतिकरणको माध्यमबाट खाना पकाउनको उर्जाको रुपमा प्रयोग गरी वन तथा अन्य आयतित उर्जाको खपतमा कमी ल्याउन सकिने र सिंचाइमा विद्युतको प्रयोग गरी कृषि उत्पादन बढाउन सकिने अवसरहरु रहेका छन्। त्यसैगरी उद्योग तथा कलकारखानाहरु मार्फत विद्युतको खपत बढाउन सकिने र स्थानीय लघु जलविद्युतबाट उत्पादित बिजुली निर्यात गर्न सकिने सम्भावना रहेका छन्।

**चुनौतीहरु**

यस गाउँपालिकामा रहेका खोलाहरुमा विपद्को जोखिम भएका कारण जलविद्युत निर्माणमा चुनौती रहेकोछ भने जन घनत्व पनि कम र फिजिएको बस्ती भएका कारण विद्युत प्रवर्द्धनमा कठिनाई छन्। विद्युतीय प्रयोगमा विविधीकरण ल्याई रोशनीको श्रोत बाहेकका प्रयोग ल्याउन स्थानीयको आर्थिक तथा सामाजिक चुनौती रहेका छन्।

#### ६.४.४ सोंच

विद्युतको विकास हेलम्बु गाउँपालिकाको उर्जाको निकास

#### ६.४.५ लक्ष्य

गाउँपालिकामा उर्जाको सहज र सुलभ व्यवस्था गर्ने।

#### ६.४.६ उद्देश्य

- उत्पादनशील क्षेत्रमा विद्युत सेवाको पहुँचमा बिस्तार गरी उद्योग र व्यवसायको प्रबर्द्धन गर्नु।
- जलविद्युतको उत्पादनमा वृद्धि गर्दै स्वच्छ उर्जाको उपलब्धता सुनिश्चित गर्नु।
- उर्जा निर्यात व्यापार अभिवृद्धि र पेट्रोलियम पदार्थको आयात क्रमश: प्रतिस्थापन गर्दै भुक्तानी सन्तुलनलाई अनुकुल बनाउन योगदान पुऱ्याउनु।

#### ६.४.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकाका सबै वडाहरुमा उर्जालाई भरपर्दो र सुलभ बनाउने। | • विद्युत वितरणलाईन बढाउन गाउँपालिका, वडा कार्यालय, प्रदेश र नीजि क्षेत्रहरुसँग सहकार्य गर्ने।<br>• वैकल्पिक उर्जालई प्रबर्द्धन गर्न प्रदेश सरकार र नीजिक्षेत्र तथा संघसंस्थाहरुसँग सहकार्य गरिनेछ। |
| उर्जाको बृहत प्रयोगमा जोड दिईने छ। | • प्रदेश र संघीय सरकारसँग सहकार्य गरी यातायात, कृषि तथा उद्योगको आधुनीकिकरणमा विद्युतको उपयोग गर्ने नीति अवल्वन गरिनेछ।<br>• आधारभूत स्वास्थ्य, गरिबी निवारण जस्ता उद्देश्यसँग गाँसिएका खानेपानी, लिफ्ट सिंचाइ, घरेलु उद्योग लगायतको क्षेत्रमा हुने बिजुलीमा सहुलियत प्रदान गर्न व्यवस्था गरिनेछ। |

#### ६.४.८ प्रमुख कार्यक्रमहरु

- वैकल्पिक उर्जाको प्रवर्द्धन तथा प्रयोग प्रोत्साहन गर्ने
- प्रशारणलाईन तथा ट्रान्सफर्मरको उचित व्यवस्थापन गरी दाउरा प्रयोग न्यूनीकरण गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ६.४.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| प्रतिफल ३.३ बिद्युत र बैकल्पिक उर्जाको बिस्तार उपलब्धता तथा उपयोगमा वृद्धि भएको हुनेछ | बिद्युत ट्रान्समिसन लाईन बिस्तार | किमी | ८२ | ४५ | ६५ | ८० | ८५ | ९५ |
| | सोलार प्रणाली सहित बिद्युत सेवा पुगेका घरपरिवार | प्रतिशत | १५ | ४५ | ८० | १२० | १६० | २०० |
| | सुधारिएको उर्जा (Bio-Gas, LP) प्रयोग गर्ने परिवार | प्रतिशत | ५ | ८ | १५ | २५ | ३० | ४० |

#### ६.४.१० अपेक्षित उपलव्धी

- स्थानीय वन बिनास रोकी वातावरणमा सकारात्मक प्रभाव हुनेछ।
- विद्युतको नियमित आपूर्तीसगै गाउँपालिकाभित्र घरेलु तथा साना उद्योगहरुको स्थापना भइ नयाँ रोजगारहरुको सृजना भएको हुनेछ।
- गाउँपालिकाले विद्युत तथा उर्जाबाट थप राजश्व प्राप्त गरेको हुनेछ।
- ईन्धनको रुपमा विद्युतको प्रयोगको गर्ने घरपरिवारको संख्या बढेको हुनेछ।

### ६.५ संचार तथा सूचना प्रणाली

#### ६.५.१ पृष्ठभूमि

सूचना तथा संचार प्रविधिमा भएको विकासले गर्दा आधुनिक विश्व नै एक ठाँउमा रुपान्तरण भएको छ। हालका वर्षहरुमा दीगो विकासका बृहत्तर लक्ष्य हासिल गर्न अवलम्वन गरिएका रणनीतिहरुको केन्द्रमा सूचना तथा संचार प्रविधि रहदै आएको छ। सूचना तथा संचार प्रविधिको प्रयोग मार्फत प्राप्त हुने अन्य लाभका अतिरिक्त यो प्रविधिको प्रयोगबाट गाउँपालिकामा सुशासनको प्रत्याभूत गर्नुका साथै बढि पारदर्शी एवं प्रभवकारी सार्वजनिक व्यवस्थापनको लागि यथेष्ठ पूर्वधार निर्माण गर्न सकिन्छ। साथै सूचना प्रविधि र सूचना प्रविधिमा आधारित बिभिन्न सेवाहरु (Information Tech_

nology and Information Technology Enabled Services/Business Process Outsourcing) लगायत अन्य उद्योग एवं सेवाजन्य व्यवसायको बृद्धिद्वारा गाउँपालिकाको मात्र नभएर बृहत्तर राष्ट्रिय लक्ष्यहरु हासिल गर्नमा समेत यो प्रविधि सहायक हुने देखिन्छ। यस गाउँपालिकामा २०६८ जनगणना अनुसार रेडियो प्रयोगकर्ता २२३७, टिभी प्रयोगकर्ता ११३०, केबुल टिभी प्रयोग गर्ने २०३ रहेकोछ भने कम्प्युटर सञ्चालनमा रहेको घरपरिवार २७ रहेकोछन् र नेटको व्यवस्था २९ प्रयोगकर्तामा रहेको पाइन्छ। त्यसैगरी टेलिफोन प्रयोगकर्ता २९ रहकाछन् भने २२५६ घरपरिवारसँग मोवाइलको सेवा उपलब्ध रहेको पाइन्छ। माथि उल्लेखित सम्पूर्ण सेवाबाट बन्चित घरधुरी संख्या १४२२ रहेको देखिन्छ।

### ६.५.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा ल्याण्डलाईन र ईन्टरनेट सेवा प्रदायक संस्थाहरु नपुगेको र आर्थिक भार पर्ने भएकोले सबैको पहुँच हुन नसकेको देखिन्छ। त्यसैगरी यस गाउँपालिकामा मोवाईल सेवा भरपर्दो नभएको पाइन्छ भने स्थानीय पत्रपत्रिका प्रकाशन हुने नगरेको समस्या छ। गाउँपालिकाको वेभसाईट नियमित अद्यावधिक नहुन र आवश्यक जनशक्ति र प्राविधिक ज्ञानको अभाव जस्ता समस्या पनि रहेका छन्। त्यसैगरी आवश्यक कानून र नीतिगत व्यवस्थाको अभाव तथा बजेटको अभावले टेलिफोन टावरहरु बिस्तार गर्न नसक्नु जस्ता समस्याहरु पनि रहेका छन्।

### ६.५.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

स्थानीय तहको आवागमन सँगै सूचना प्रवाह तथा सेवाहरु सरल, सहज र पारदर्शी भएर अवसरहरु सृजना भएका छन्। गाउँपालिकाका काम कारवाही र भुक्तानी प्रणाली पनि पारदर्शी भएर समय र पैसाको बचत हुने अवसर रहेको छ। त्यसैगरी छिटो र सहज रुपमा सूचना प्राप्त हुने र नेपालको संविधानले प्रदान गरेको सूचना, संचार, प्रकाशन र प्रसारण सम्बन्धी हकहरुको सुनिश्चितता हुने अवसर रहेको छ।

**चुनौतीहरु**

गाउँपालिकाका सबै वडा, टोल र बस्तीहरुसम्म ल्याण्डलाईन, मोवाईल सेवा र ईन्टरनेट सेवाको पहुँच स्थापित गर्न, सामाजिक सञ्जालको बढ्दो प्रयोगबाट आउने बिकृतिहरु नियन्त्रण गर्न र सूचना तथा संचार प्रविधिका क्षेत्रमा बिभिन्न परियोजना तर्जुमा तथा कार्यान्वयन जस्तै चुनौतीहरु रहेका छन्। त्यसैगरी बौद्विक सम्पतिको संरक्षण तथा सुरक्षा र संवेदनशिलता ख्याल गरी कार्यक्रमहरु बनाउन पनि चुनौतीपूर्ण छन्। आवश्यक कानून र नीतिगत व्यवस्था गर्न र टेलिफोन टावरहरु बिस्तार गर्न पनि कठिन रहेको छ।

### ६.५.४ लक्ष्य

- गाउँपालिकामा भरपर्दो सूचना तथा संचार सेवा र सुविधा बिस्तार गरी नागरिकको पहुँच बढाउनु।
- मोवाईल र टेलिफोन सेवाको पहुँच सबै नागरिकमा सुनिश्चिच गर्ने।
- स्थानीयहरुलाई ईन्टरनेटको पहुँच सुनिश्चतिच गर्ने

### ६.५.५ उद्देश्य

- विद्युतीय स्थानीय सरकार सूचाङ्कमा सन २०२५ सम्ममा सन्तोषजनक स्थानीय सरकारहरुको तहमा पुर्‍याउने।
- मोवाईल र टेलिफोन सेवाको पहुँच सबै नागरिकमा सुनिश्चिच गर्ने।
- सम्पूर्ण गाउँपालिकामा ईन्टरनेट सेवाको पहुँच सुनिश्चिच गर्ने।
- विद्युतीय सरकारको अवधारणा अनुरुप कम्तिमा ८०% नागरिक लक्षित सेवाहरु अनलाईन मार्फत प्रदान गर्ने।

#### ६.५.६ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सबै प्रकारका संचार सुविधाको सम्पूर्ण वडा, बजार केन्द्र र बस्तीहरुसम्म बिस्तार गर्ने। | • सबैको पहुँच पुग्ने गरी मोवाईल, इन्टरनेट र वाईफाईको लागि टावर तथा अन्य पूर्वाधारको निर्माण गर्न पहल गरिनेछ।<br>• गाउँपालिका तथा सबै शाखा र वडा कार्यालयहरुसम्म विद्युतीय सूचना पूर्वाधारको व्यवस्था गरिनेछ।<br>• गाउँपालिकामा सामुदायिक एफ.एम. सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।<br>• गाउँपालिकाको विद्युतीय शासन क्षमता विकास गर्न व्यवसायिक योजना बनाई कार्यान्वयन गरिनेछ। |

#### ६.५.७ प्रमुख कार्यक्रमहरु

- गाउँपालिकाको सेवा प्रवाहमा संचारको उचित प्रयोग गर्ने
- मोबाईल प्रयोगकर्तालाई सहज हुन आवश्यक संचार पूर्वाधार तयार गर्ने

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

#### ६.५.८ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सूचना र संचार प्रविधिको पहुँच भएको हुनेछ | मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८६ | ९५ | १०० | १०० | १०० | १०० |
| | उद्यम व्यवसायमा सूचना प्रविधि प्रयोग गर्ने व्यक्ति | प्रतिशत | २५ | ३५ | ५० | ७५ | ९० | १०० |

#### ६.५.९ अपेक्षित उपलव्धी

- गाउँपालिकाको विद्युतीय शासन क्षमता अभिवृद्धि भई नागरिकहरुले सरल र सहज रुपमा सेवा र सुविधाहरु प्राप्त गरेका हुनेछन्।
- गाउँपालिकाका सबै कार्यालयहरुका वेभसाइट, ईमेल, फेसबुक, ट्वीटर, भाइबर जस्ता सामाजिक सञ्जालका माध्यमबाट नागरिकको गुनासो प्राप्ति तथा सुनवाई हुने व्यवस्था भएको हुनेछ।
- गाउँपालिकाको ५०% घरधुरीमा ईन्टरनेट सेवाको पहुँच स्थापित हुने छ।
- गाउँपालिकाको सम्पूर्ण क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको निर्माण तथा विकास भएको हुनेछ।
- सामुदायिक सूचना केन्द्रको स्थापना भएको हुने छ।
- आम संचार माध्यम व्यवासायिक, मर्यादित र जिम्मेवार भएको हुने छ।
- अनलाईन सेवाहरु व्यवस्थित र विश्वासिलो भएको हुने छ।
- स्थानीय पत्रपत्रिकाहरु प्रकाशन भएका हुने छ।
- गाउँपालिकामा एफ.एम. रेडियो सञ्चालन भएको हुने छ।

### ६.६ सार्वजनिक भवन र उद्यान

#### ६.६.१ पृष्ठभूमि

सार्वजनिक भवन भन्नाले सरकारी वा गैर सरकारी कार्यालय, शैक्षिक वा औद्योगिक प्रतिष्ठान, आदि समेतलाई जनाउँछ। निश्चित क्षेत्र वा आसपास खुल्ला हरियाली क्षेत्रको रुपमा उद्यानलाई लिन सकिन्छ। गाउँपालिकाको सार्वजनिक भवनहरुमा पालिकाको कार्यालय, वडागत छुट्टै कार्यालय, प्रहरी चौकी, स्वास्थ्य चौकी, पशु सेवा कार्यालय, आदि रहेका छन्।

### ६.६.२ प्रमुख समस्याहरु

गाउँपालिका तथा सबै वडा कार्यालयहरुको निजि कार्यालय भवन नभएको अवस्था छ भने आधारभूत तथा माध्यमिक तहको पठनपाठनको लागि पर्याप्त शैक्षिक पूर्वाधारको उपलब्धता पनि रहेको छैन। त्यसैगरी स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरुमा पूर्वाधारहरुको कमी हुनुका साथै खुला क्षेत्र, पार्क-उद्यानहरुमा आवश्यक पूर्वाधारहरुको कमी रहेको देखिन्छ।

### ६.६.३ अवसर तथा चुनौतीहरु

**अवसरहरू**

गाउँपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालयहरुको निर्माण अधिकांश भएको कारण स्थानीयवासीहरुलाई सेवा सुविधामा बिस्तार गर्न सकिने अवसर रहेको छ। संघ तथा प्रदेश सरकार मातहतका कार्यालयहरुसँगको समन्वयमा शिक्षण संस्थाहरु र अन्य प्रशासनिक भवनहरुमा आवश्यक पूर्वाधारहरुको व्यवस्था गरी जनचेतना अभिवृद्धि गर्न सकिने र सामुदायिक पूर्वाधार निर्माणको लागि गैर सरकारी संस्थाहरुको समेत सहयोग प्राप्त गर्न सकिने अवसरहरु रहेका छन्। त्यसैगरी पार्क-उद्यान्हरुमा पुर्वाधारहरु निर्माण गरी आयमूलक खुल्ला क्षेत्रको रुपमा विकसित गर्न सकिने अवसर छ।

**चुनौतीहरु**

गाउँपालिका स्तरमा सबै कार्यकारी तथा प्रशासनिक भवन निर्माण गर्न आर्थिक बन्देज र पर्याप्त ठाउँ व्यवस्थापन गर्न चुनौतीपूर्णछ। त्यसैगरी सार्बजनिक जग्गाको पहिचान र सदुपयोग गर्न कठिन रहेको छ।

### ६.६.४ सोंच

हेलम्बु गाउँपालिकाको उत्थानशील विकास, भूकम्प प्रतिरोधी भवन तथा सार्बजनिक निर्माण र निकास

### ६.६.५ लक्ष्य

- सार्वजनिक भवनहरुमा विपद्प्रतिरोधी पूर्वाधारहरुको व्यवस्था गरी स्थानीयवासीहरुलाई थप सेवा सुविधा प्रदान गर्ने।
- उद्यानहरुमा उचित पूर्वाधारहरुको व्यवस्थापन गरी गाउँपालिकाको आय वृद्धि गर्ने।

### ६.६.६ उद्देश्य

- गाउँपालिका तथा वडा कार्यालयबाट प्रदान हुने सेवा सुविधाहरु व्यवस्थित गर्नु।
- शिक्षण संस्थाहरुमार्फत समग्र गाउँपालिकाको साक्षारता दर तथा जनचेतना वृद्धि गर्नु।
- स्थानीयवासीहरुको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु।
- व्यवस्थित उद्यान्न निर्माण गरी वातावरण संरक्षण गर्नु।

### ६.६.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| सार्वजनिक भवनहरुको पूर्वाधार विकास गर्ने। | • गाउँपालिका कार्यालय तथा वडा कार्यालयमार्फत सेवा सुविधा बिस्तार गरिने छ।<br>• शैक्षिक, स्वास्थ्य संस्थाहरुमा पूर्वाधारको अवस्थामा सुधार ल्याईने छ। |
| उद्यान्न क्षेत्रको संरक्षण तथा पूर्वाधार निर्माण गर्ने। | • उद्यान्न क्षेत्रमा हुन सक्ने अतिक्रमणलाई नियन्त्रण गरिने छ।<br>• वातावरण संरक्षण गरिने छ।<br>• उद्यान्न क्षेत्रमा पूर्वाधारहरु निर्माण गरिने छ। |

### ६.६.८ प्रमुख कार्यक्रमहरु

- सार्वजनिक भवन तथा महिला समूह, युवा क्लब आदिका भवनहरु स्तरोन्नति
- चुस्त गाउँपालिका सेवा प्रवाहमा संचारको प्रयोग

### ६.६.९ अपेक्षित उपलव्धी

- गाउँपालिका तथा वडा कार्यालयहरुमार्फत स्थानीयवासीहरुलाई थप सेवासुविधा प्राप्त हुनेछ।
- समग्र गाउँपालिका संचारको सुविधा सम्पन्न हुनेछ।

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ।*

# परिच्छेद ७: संस्थागत विकास, सुशासन तथा शान्ति सुरक्षा

## ७.१ योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता

### ७.१.१ पृष्ठभूमि

बजेट तर्जुमा गर्दा योजना तथा कार्यक्रमको प्रकृति अनुसार एकल रुपमा गाउँपालिकाको तर्फबाट हुने आयोजनाहरुमा न्यूनतम २०% देखि अधिकतम ४०% सम्म रकम जनसहभागिताबाट उठ्ने र बाँकी गाउँपालिकाले व्यहोर्नुपर्ने हुन्छ। विकास कार्यलाई समानुपातिक रुपमा वितरण गरी आम मानिसमा विकास प्रति अपनत्व प्रदान गर्न समेत हरेक विकास निर्माण कार्यमा जनताको लागत सहभागिता अपरिहार्य र विषय भएकोछ। विकास कार्यमा जनसहभागिताले विकासको प्रतिफलमा जनताहरुलाई उत्तरदायी वहन गर्न सिकाउँछ। यसले गर्दा जनताहरुलाई विकास योजनाहरु हाम्रो हो भन्ने भावनाको विकास भइ विकास आयोजनाहरु दीगो र टिकाउ हुन सक्छ। विशेष गरी सडक निर्माण तथा सुधार, ढल प्रणालीको निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणालीको निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोक्ता समिति गठन गरी लागत सहभागितालाई आत्मसात् गर्ने वर्तमान पद्धतिलाई समेत दृष्टिगत गरी भविश्यमा निर्माण-सञ्चालन गर्न यी आयोजनाहरुमा जनताको आर्थिक स्थिति र आय आर्जन क्षमतालाई बिचार गरी लागत सहभागितालाई कार्यन्वयन गर्न सकिने देखिन्छ।

जनचेतनाको अभावमा योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता उत्साहजनक नभएको पाइन्छ। यद्यपि विकास निर्माण कार्यमा केही हदसम्म अग्रसर छन्। हेलम्बु गाउँपालिकाका बासिन्दाहरुको शीपमूलक तथा व्यवसायिक तालिममा सहभागिता सन्तोषजनक रहेको देखिन्छ। आर्थिक विकासमा स्थानीय जनसमुदायको लागत सहभागितालाई बढावा दिने स्वरोजगारका कार्यक्रमहरुलाई बिस्तार र विकास गरी रोजगारको अवसर सृजना गर्ने, पर्यटकीय क्षेत्रहरुलाई समुदायमा हस्तान्तरण गरी व्यवस्थापन समितिमार्फत सञ्चालन गर्ने, लघु उद्योग तथा बचत कार्यक्रमहरुमा जनताको रुचीलाई ध्यान दिई कार्यक्रमहरु सञ्चालन गर्ने, तरकारी खेती तथा नगदेवालीको लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनीहरुको आम्दानीको अवसर वृद्धि गर्ने जस्ता सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गरी स्थानीयको सहभागितालाई बढाउन सकिने देखिन्छ। गाउँपालिकामा विशेष गरी सडक निर्माण, ढल निर्माण तथा मर्मत सुधार, खानेपानी प्रणाली निर्माण र सुधार जस्ता विषयहरुमा जनताको तर्फबाट उपभोत्ता समित गठन गरी लागत सहभागितालाई आत्मसात् गर्ने वर्तमान पद्वतिलाई समेत दृष्टिगत गरी भविष्यमा निर्माण-सञ्चालन स्थिति र आय आर्जन क्षमतालाई विचार गरी लागत गर्न यी आयोजनाहरुमा जनताको आर्थिक सहभागितालाई कार्यान्वयन गर्न सकिने देखिन्छ।

### ७.१.२ प्रमुख समस्याहरु

प्रमुख समस्याका रुपमा निर्णय प्रक्रियामा सबैको सहभागिता तथा पहुँचमा कमी, भौगिलक विकटताका कारण योजनाको लागतमा वृद्धि हुनु, विकास निर्माणका कार्यमा जनसहभागिता बढाउन कठिन हुनु तथा निर्माण गरिएका ऐन तथा कानून कार्यन्वयन गर्न आदि रहेका छन्।

### ७.१.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले व्यवस्था गरे अनुसार आवधिक योजना तर्जुमाको आधार प्राप्त भई निर्माणको सुरुवातले भएको छ। त्यसैगरी नवनिर्वाचित जनप्रतिनिधिमा योजनावद्ध विकास प्रति उत्साह हुनु र विकासका सम्भावनालाई प्राथमिकीकरण गर्ने अवस्था प्राप्त हुनुले पनि विकासको अवसर प्रदान गरेको छ। संघीय योजना र दीगो विकासका लक्ष्यहरू तथा अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय प्रतिवद्धतालाई योजना प्रणालीमा आवद्ध गर्नुले पनि अवसर सृजना गरेको छ।

**चुनौतीहरु**

यस गाउँपालिकामा तथ्यमा आधारित योजना तर्जुमा कार्यान्वयन गर्नु, आन्तरिक आय बृद्धि गर्नु, भौतिक पूर्वाधार आयोजनाहरु निर्धारित समयमै सम्पन्न् गर्न र नियमित अनुगमन तथा मूल्याङ्कन गर्न चुनौतीपूर्ण छ । त्यसैगरी दक्ष जनशक्तिको व्यवस्था गर्न, आवधिक योजना र वार्षिक योजना वीच तादाम्यता कायम गर्न, प्रतिस्पर्धात्मक लाभका क्षेत्र पहिचान गर्न पनि कठिन छ । नतिजामुखी योजना तर्जुमा गरी योजनाको कार्यान्वयन क्षमता बढाउनु र संस्थागत क्षमताको विकास गर्न चुनौती रहेको छ । नीजि क्षेत्रको लगानी आकर्षित गर्नु, वालवालिका, महिला, अपाङ्गता एवं वातावरणमैत्री विकास गर्न र पालिकामा अवस्थित श्रोत साधनको समुचित व्यवस्थापन गर्न चुनौतीहरु रहेका छन् ।

### ७.१.४ सोंच

चुस्त गाउँपालिकाको नमुना तयार, योजानाबद्ध विकास नै आधार

### ७.१.५ लक्ष्य

गाउँपालिकाका कार्यलयहरुलाई आधुनिक प्रबिधियुक्त बनाउदै कर्मचारीको क्षमता अभिबृद्धि गरी प्रभावकारी सेवा सहित सुशासन कायम गर्ने ।

### ७.१.६ उद्देश्य

- गाउँपालिकाको कार्यलयलाई व्यवस्थित बनाउनु ।
- गाउँपालिकाबाट प्रबाह हुने सेवा सुबिधाहरुलाई प्रभावकारी तथा व्यबस्थित गर्नु ।
- योजना तर्जुमा तथा कार्यान्वयनमा रुचि बढाउन र उत्तरदायित्व बहन गर्नु ।
- योजनाहरुमा लागत सहभागिता वृद्धि गर्नु ।
- सम्पन्न भएका योजनाहरु दीगो, स्तरीय तथा टिकाउ बनाउनु ।
- गाउँपालिकामा सुशासन कायम गर्नु ।

### ७.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता वृद्धि गर्ने। | • गाउँको विकास निर्माणमा सबै वर्ग तथा समुदायहरु तथा प्रतिनिधीहरुलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियासम्म सहभागि बनाउने।<br>• योजना कार्यान्वयनमा जिम्मेवारी र अपनत्व सृजना हुने गरी कार्य गरिनेछ ।<br>• सहभागितमूलक पद्धति अनुसार नै कार्यान्वयन गरिनेछ ।<br>• जनसहभागिता दर वृद्धि गरिनेछ ।<br>• स्वरोजगारका कार्यक्रमहरुलाई बिस्तार र विकास गरी रोजगारीको अवसर सृजना गरिनेछ ।<br>• तरकारी खेती तथा नगदेवालीका लागि कृषकहरुलाई प्रोत्साहित गर्दै उनीहरुको आम्दानीको अवसर वृद्धि गरिनेछ ।<br>• मठमन्दिर निर्माण तथा जीर्णोद्वार, सडक निर्माण, ढल निर्माण तथा सुधार, खानेपानी प्रणालीको निर्माण र मर्मत सुधारहरु उपभोक्ता समितिमार्फत निर्माण गर्न प्राथमिकता दिइनेछ । |

### ७.१.८ प्रमुख कार्यक्रमहरु

- योजना तर्जुमा सदुपयोग गर्न् मानव संसाधन विकास
- नियमित वडास्तरीय योजना कार्यन्वयन सम्बन्धी परामर्श तथा सहभागिता वृद्धि

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

#### ७.१.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | | पुस्टयाईका आधारहरु |
|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ | |
| गाउँपालिका र सबै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अविवृद्धि भएको हुनेछ | सञ्चालित स्थानीय शासन योजना तर्जुमा तथा सेवाप्रवाह सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | ६ | ९ | १२ | १५ | १६ | १८ | गाउँ बस्तुगत विवरण अनुगमन तथा मुल्यांकन प्रतिवेदन |

#### ७.१.१० अपेक्षित उपलव्धी

- योजना तर्जुमा र कार्यान्वयनमा जनसहभागिता वृद्धि भएको हुनेछ ।
- योजना कार्यान्वयनमा स्थानीयहरुको जिम्मेवारी र अपनत्व वृद्धि हुनेछ ।
- स्वरोजगारका कार्यक्रमहरुलाई बिस्तार र विकास गरी रोजगारीको अवसर सृजना हुनेछ ।

## ७.२ नीति तथा कानून तर्जुमा

#### ७.२.१ पृष्ठभूमि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को परिच्छेद-१५ (विविध) मा स्थानीय तहले स्थानीय कानून बनाउन पाउने व्यवस्थाबारे उल्लेख गरिएको छ । जस अनुसार उपदफा (१) मा गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन सक्ने भनिएको छ । उपदफा (१) अनुसार बनाइएको ऐनको अधीनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ लागु गर्नका निम्ति राजपत्रमा प्रकाशन गर्नुपर्ने छ । ती बनाएका कानून स्थानीय तहले प्रदेश सरकार र नेपाल सरकारमा पठाउनु पर्ने छ । संविधानको धारा ५९ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने त्यसको कार्यान्वयन गर्ने अधिकार रहेको छ । त्यस्तै गरी गाउँसभाले कानून बनाउँदा प्रदेश कानूनसँग नबाझिने गरी बनाउनु पर्ने भनि संविधानको धारा ५७को उपधारा ७ मा उल्लेख गरिएको छ । स्थानीय तहले आवधिक योजना कार्यान्वयन गर्न नीति तथा कानून तर्जुमा गर्नुपर्दछ । वस्तुनिष्ठ आधार एवम् तथ्यहरुमा आधारित भएर, आवश्यकता पहिचान गरी, समस्या समाधान वा परिस्थितिलाई संवोधन गर्न सो नीति तथा कानून तर्जुमा गर्न आवश्यक पर्दछ । के कस्तो समस्या समाधान गर्न तथा समस्याको समाधान कस्तो तरिकाले गर्न लागिएको हो भनि प्रष्ट हुनुपर्दछ ।

हेलम्बु गाउँपालिकाबाट स्थानीय तहको आर्थिक ऐन लगायतका विभिन्न नीति तथा कानून तर्जुमा गरिएको छ । यद्यपि गाउँपालिकाले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, निर्मित अन्य नीति तथा कानून, आदिमा आधारित भई आफ्नो क्षेत्राधिकारमा रही आवश्यकता अनुरुप अन्य नीति तथा कानूनहरु तर्जुमा गर्दै लानुपर्दछ ।

#### ७.२.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा कतिपय आवश्यक नीति तथा कानून तर्जुमा हुन सकेको छैन भने बिभिन्न कार्यविधिहरु निर्माण गर्न बाँकी रहेको देखिन्छ । तर्जुमा भएका नीति, ऐन र कार्यविधिहरु पनि पूर्ण रुपमा लागु हुन नसकेको अवस्थाछ भने नीति तथा कानून कार्यान्वयन गर्न आवश्यक जनशक्ति तथा संरचनाको कमी भएको देखिन्छ । यहाँ नीति तथा कानून तर्जुमा सम्बन्धी अभीमुखीकरण र तालिमको अभावका साथै विशेषज्ञ सेवाको लागि विशेषज्ञ परामर्श सेवा लिने प्रचलनमा कमी भएको देखिन्छ । त्यसैगरी नीति तथा कानून निर्माण अघि प्रभाव मूल्याङ्कन नगरिएको समस्या रहेको देखिन्छ ।

### ७.२.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा कानूनी आधार प्राप्त हुने, स्थानीय सरकार सञ्चालनलाई मार्गनिर्देश गर्ने र सहजता प्राप्त हुने अवसर रहेका छन् । संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध, सहकारिता, सह-अस्तित्व र समन्वयलाई थप मजबुत बनाउने आधार प्राप्त हुने अवसरसँगै स्थानीय सरकारलाई थप जिम्मेवार र पारदर्शी बनाउन सकिने र स्थानीय सरकारबाट प्रवाह हुने सेवा सुविधाहरु सहज र समावेशी हुने अवसर रहेका छन् । आफ्नो अधिकार क्षेत्रभित्रको आर्थिक सम्बन्धी विषयमा कानून बनाउन सकिने, नीति तथा कानून कार्यान्वयन गर्न संरचनात्मक व्यवस्था, बजेट तथा कार्यक्रम र जनशक्तिको व्यवस्था गर्न सकिने, स्थानीय तथ्याङ्क र स्थानीय अभिलेख व्यवस्थापन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणका विषयमा कानून निर्माण गर्न सकिने आदि अन्य अवसरहरु पनि रहेका छन् ।

**चुनौतीहरु**

यस गाउँपालिकामा विकसित गरिएको नीति अन्तर्गत लामो कानूनी प्रक्रिया पुरा गर्नु पर्ने र वस्तुनिष्ठ आधार एवं तथ्यहरुमा आधारित हुने पर्ने चुनौती रहेको छ । नीति तथा कानून तर्जुमा गर्नु अघि आवश्यक्ता पहिचान गर्न, कानूनका जानकार र दक्ष जनशक्तिको आवश्यक्ता पर्ने; तर्जुमा भएका ऐन, कार्यविधि र नीतिहरु पूर्ण रुपमा लागु गर्न कठिन हुने जस्ता चुनौती छन् । त्यसैगरी स्थानीय सरकारमा पर्न जाने कार्यबोझको लेखाजोखा गर्नुपर्ने; सरोकारवालाहरुको बृहत सहभागिता सुनिश्चित गर्नुपर्ने र पारदर्शी, लोकतान्त्रिक विधि र पद्धतिको प्रयोग गर्नु पर्ने व्यवस्था कार्यन्वयन गर्न चुनौतीपूर्ण छ ।

### ७.२.४ सोंच

गाउँपालिकाको चुस्त कार्यविधि र पूर्ण रुपमा व्यावहारिक नीति

### ७.२.५ लक्ष्य

- गाउँपालिकामा आवश्यकता अनुसार नीति तथा कानून तर्जुमा गर्ने।
- तर्जुमा गरिएका नीति तथा कानूनहरुको पर्याप्त प्रचार प्रसार गर्ने।

### ७.२.६ उद्देश्य

- नीति तथा कानून तर्जुमा गर्दा गाउँपालिकाको क्षमता तथा अवस्था वृद्धि गर्नु ।
- गाउँपालिकाले निर्माण गरेका नीति तथा कानूनको पर्याप्तता मा सुधार ल्याउनु ।
- व्यवस्थापकीय स्थिति, साधन स्रोत र जनशक्तिको स्थितिको सुधार गर्नु ।
- संरचनात्मक व्यवस्था, बजेट तथा कार्यक्रम र जनशक्तिको व्यवस्था गर्नु ।

### ७.२.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नीति तथा कानून तर्जुमा गर्ने । | • संरचनात्मक व्यवस्था, बजेट तथा कार्यक्रम र जनशक्तिको व्यवस्था गरिनेछ ।<br>• नीति तथा कानून निर्माण अघि प्रभाव मूल्याङ्कन गरिनेछ ।<br>• निर्माण गरिएका नीति तथा कानूनहरु राजपत्रमा प्रकाशन गर्नुका साथै पालिकाको वेभसाईटमा अपलोड गरिनेछ ।<br>• स्थानीय तथ्याङ्क र स्थानीय अभिलेख व्यवस्थापन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण तथा जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षणका विषयमा कानून निर्माण गरिनेछ ।<br>• नीति तथा कानून तर्जुमा गर्दा सरोकारवालाहरुको बृहत सहभागितामा पारदर्शी, लोकतान्त्रिक विधि र पद्धतिको प्रयोग गर्ने । |

### ७.२.८ प्रमुख कार्यक्रमहरु

- आवश्यक नीति तथा नियमहरु परिमार्जन गर्ने तथा नयाँ स्वीकृत

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ ।*

#### ७.२.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७६/७७ | ०७७/७८ | ०७८/७९ | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| स्थानीय कानून तर्जुमा भई पूर्ण रुपमा कार्यन्वयन भएको हुनेछ | गाउँपालिकाले स्वीकृत गरेका कानून नीति, ऐन | संख्या | १२ | १२ | १३ | १५ | १६ | १८ |
| | क्रियाशील नीतिगत समिति तथा संयन्त्र | संख्या | २६ | ६ | ८ | १२ | १४ | १५ |
| | भु-उपयोग नीति तयार भएको | संख्या | ११ | १२ | १३ | १३ | १४ | १४ |
| | राजस्व सुधार योजना तयार भएको | संख्या | १ | २ | २ | ३ | ५ | ८ |

#### ७.२.१० अपेक्षित उपलव्धीहरु

- गाउँपालिकाको नीति तथा कानून निर्माण र सुशासन सम्बन्धी क्षमता अभिवृद्धि हुनेछ ।
- नीति तथा कानूनको पर्याप्तताामा सुधार हुनेछ ।
- निर्माण गरिएका नीति तथा कानूनहरुको पर्याप्त प्रचार प्रसार सहित कार्यान्वयन हुनेछ ।
- व्यवस्थापकीय स्थिति, साधन स्रोत र जनशक्तिको स्थितिको सुधार हुनेछ ।
- नीति तथा कानून निर्माणमा प्रभाव मूल्याङ्कन हुनेछ ।
- संरचनात्मक व्यवस्था, बजेट तथा कार्यक्रम र जनशक्तिको व्यवस्था हुनेछ ।

## ७.३ संस्थागत जनशक्ति विकास

#### ७.३.१ पृष्ठभूमि

सेवा प्रदायक सबै सरकारी निकाय, स्थानीय तहहरुमा मानवीय तथा भौतिक श्रोत साधनको व्यवस्था, प्रभावकारी रुपमा आन्तरिक श्रोतहरुको पहिचान, परिचालन र व्यवस्थापन, संस्थागत सुशासन कायम भई चुस्त तथा दुरुस्त आर्थिक प्रशासन, पारदर्शी, गुणस्तरीय, छिटोछरितो सेवा प्रवाह, सामाजिक सुरक्षाको प्रत्याभूति, स्थानीय तहहरु तथा अन्य विकास सरोकारवाला संस्थाहरुको क्षमता अभिवृद्धि, कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन सूचनामुलक, सहभागितामूलक हुनुको साथै स्थानीय तहमा आवाधिक योजना अनुसार विकास कार्यक्रम सञ्चालन, सबै कार्यक्रमहरु पारदर्शी तथा सूचना माथि सेवाग्राहीहरुको पहुँच अभिवृद्धि भई सुशासनको प्रत्याभूति, सबै सरोकारवालाहरु बिच प्रभावकारी समन्वय र विकास कार्यको प्रभावकारी अनुगमन तथा मुल्याङकन जस्ता कुराहरुसँगै गुणस्तरीय सेवा प्रवाह योजनाबद्ध विकास हुने अपेक्षा योजनाले गरेको छ ।

कुनै पनि निकायमा निरन्तर सेवा प्रवाहका लागि स्थायी संरचना र जनशक्तिको आवश्यकता पर्दछ । हेलम्बु गाउँपालिकामा कम मात्र कानून बन्नमा स्थायी दरबन्दी र जनशक्तिको अभाव रहेको छ । संरचना र जनशक्तिको व्यवस्था नगरी गरिएको कुनै पनि दस्तावेजले मूर्त रुप लिन सक्दैन। अत: योजना कार्यान्वयनको लागि संरचना र जनशक्ति अपरिहार्य देखिन्छ । यस गाउँपालिकाले केही नीति तथा योजना, नीति तथा कानून निर्माण गरेता पनि कार्यान्वयनका लागि संरचनात्मक व्यवस्था, बजेट तथा कार्यक्रम र जनशक्तिको व्यवस्था गरिएको पाइदैन ।

#### ७.३.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा आवश्यकता अनुसारको जनशक्ति तथा भौतिक संरचनाको कमी रहेकिओछ भने आन्तरिक श्रोत र साधनको समुचित प्रयोग हुन नसकेको अवस्था छ । गाउँपालिका तथा वडाहरुको कमजोर संस्थागत क्षमता र भौतिक पूर्वाधार र लोजिष्टिकको अभाव पनि रहेको पाइन्छ । त्यसैगरी मानवीय संसाधन विकासमा पर्याप्त ध्यान नपुगेको देखिन्छ भने सेवा प्रदायक र सेवाग्राही बिच समन्वयको अभाव रहेको पाइन्छ । त्यस बाहेक क्रमबद्ध र समयबद्ध कार्य योजना नहुने समस्या पनि रहेको पाइन्छ । यहाँ वडा कार्यालय तथा विभागीय सम्पर्क कार्यालयको अभाव रहेकोछ भने कार्यक्रमहरु गर्न भवनमा आवश्यक सामग्रीको कमी रहेको पाइन्छ ।

### ७.३.३ अवसर तथा चुनौतीहरु

यस गाउँपालिकाभित्र स्थानीयस्तरमा दक्ष जनशक्तिहरु उत्पादन गर्न सकिने र आफ्नो प्रतिभा अनुसारको कार्य गर्ने वातावरण सृजना गर्न अवसर रहेको छ । त्यसैगरी गाउँपालिकाका युवा युवतीहरुलाई क्षमता अभिवृद्धि र जनशक्ति विकास सम्बन्धी तालिम दिन सकिने अवसर रहेको छ। सरकारीस्तरमा जनशक्ति विकास र क्षमता अभिवृद्धि सम्बन्धी तालिम प्रदान गर्न र दातृसंस्थाहरुको सहयोगमा वृद्धि भइरहेको अवस्थाले अवसर दिएका छन् ।

व्यक्तिको सहि प्रतिभा पहिचान गर्न र दक्ष जनशक्ति पलायन रोक्नु चुनौतीपूर्ण छ । त्यसैगरी आफ्नो योग्यता र शिप अनुसारको काम गर्ने अवसर सृजना गर्न र गाउँपालिकाका युवा युवतीहरुलाई क्षमता अभिवृद्धि र जनशक्ति विकास सम्बन्धी तालिमको समान अवसर प्रदान गर्न पनि कठिन छ । सरकारीस्तरमा जनशक्ति विकास र क्षमता अभिवृद्धि सम्बन्धी तालिम दिने संघसंस्थाहरुको सञ्चालन गर्न अझै चुनौतीपूर्ण छ ।

### ७.३.४ सोंच

दक्ष जनशक्ति, पारदर्शी र परिणाममुखी स्थानीय सरकार

### ७.३.५ लक्ष्य

संस्थागत विकास भइ स्थानीयवासीहरुलाई छिटो, छरितो र प्रभावकारी सेवा तथा सुविधा प्रदान गर्ने ।

### ७.३.६ उद्देश्य

- संस्थागत क्षमता वृद्धि तथा भौतिक पूर्वाधार र लोजिष्टिकको व्यवस्था गर्ने ।
- स्थानीयस्तरमा सेवा प्रवाहलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी बनाउने ।
- नीजि, सामुदायिक एकीकृत विकासका कार्यक्रम अनुसार स्रोत परिचालनमा नीजि तथा साझेदारी अवधारणाको विकास गर्ने ।

### ७.३.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| संस्थागत जनशक्ति विकास गर्ने । | • सेवा प्रवाह, कार्यसम्पादन र काम कार्वाहीलाई चुस्त र प्रभावकारी बनाउन संगठन विकास अध्ययन गरिनेछ ।<br>• संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन गरिनेछ ।<br>• कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन प्रणालीलाई मापनीय सूचकका आधारमा गर्ने प्रणालीको विकास गर्ने ।<br>• सेवा प्रवाहमा संलग्न सबै क्रियाकलाप र सूचनालाई कम्पयूटरमा अभिलेख राख्ने ।<br>• गाउँपालिका र वडाका कर्मचारीहरु तथा जनप्रतिनिधीहरुलाई तालिम दिने । |

### ७.३.८ प्रमुख कार्यक्रमहरु

- गाउँपालिकाको सेवा प्रवाह चुस्त बनाउन आवश्यक तालिम दिई मानव संसाधन विकास

*नोटः यस कार्यक्रमसँग सम्बन्धित कार्ययोजना अनुसूची २ मा दिईएकोछ*

### ७.३.९ नतिजा खाका

| नतिजा शृंखला | सूचक | | आधार वर्ष | लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विवरण | इकाई | ०७९/८० | ०८०/८१ | ०८१/८२ | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| गाउँपालिका र सबै वडा कार्यालयहरुको संस्थागत क्षमता, मानव संसाधन र कार्यदक्षता अविवृद्धि भएको हुनेछ | गाउँपालिकामा कार्यरत मानव संसाधन | संख्या | ९७ | १०५ | ११५ | १२७ | १३९ | १५३ |

**७.३.१० अपेक्षित उपलब्धी**

- २० वर्षमा ५००० सरकारी कर्मचारी तयार गर्ने ।
- संगठन पुनर्संरचना, मानव संसाधन विकास तथा संगठन सुधार योजना कार्यान्वयन भएको हुनेछ ।
- स्थानीयस्तरमा सेवा प्रवाहलाई समावेशी, प्रतिफलमूलक र प्रभावकारी भएको हुने छ ।
- गाउँपालिका तथा वडा कार्यालय व्यवस्थित हुने छ ।
- मानवीय विकास प्रभावकारी भएको हुने छ ।
- क्षमता विकास योजना प्रभावकारी रुपले विकास भएको हुने छ ।

## ७.४ नियमनकारी संरचनाहरुको प्रवर्द्धन

**७.४.१ पृष्ठभूमि**

आवधिक योजनाको कार्यान्वयनबाट लक्षित उद्देश्य प्राप्त भयो भएन र योजनाको कार्यान्वयनबाट योजनाबाट फाइदा पाउने अपेक्षित जनताले उपर्युक्त रुपमा फाइदा पायो वा पाएन भनेर नियमनकारी संरचनाहरु निर्माण गर्नुपर्दछ ।

**७.४.२ अनुगमन तथा मूल्याङ्कन पद्धति**

विकास कार्यक्रमहरुमा अनुगमन तथा मूल्याङ्कन कमजोर भएको राष्ट्रिय रुपमै स्वीकार भएको सन्दर्भमा हेलम्बु गाउँपालिकाको पहिलो आवधिक योजनाको प्रतिफलमा आधारित अनुगमन तथा सहभागितामूलक लेखाजोखा पद्धति अवलम्बन गरी प्रतिफल मापन तथा योजना प्रभावकारीताको मूल्याङ्कन गरिनेछ । आवधिक विकास योजनाको अनुगमनलाई नियमित कार्यक्रमका रुपमा स्थापित गरी स्थानीयस्तरदेखि विभिन्न सरोकारवालाहरु समेतको सहभागिता गरिनेछ ।

**७.४.३ अनुगमन मूल्याङ्कन संरचना**

आवधिक योजनाको अनुगमन तथा मूल्याङ्कन प्रयोजनका लागि विद्यमान कानूनी व्यवस्था तथा प्रचलनका आधारमा देहायका संरचना प्रस्ताव गरिएको छ ।

**७.४.४ सुपरिवेक्षण तथा अनुगमन समिति**

स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए अनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई सक्रिय तुल्याई गाउँपालिका र अन्य विषयगत कार्यालयहरुले योजना वा कार्यक्रम तर्जुमा गर्दा अनुमान गरिएका स्रोत साधनहरुको परिचालन लक्ष्य अनुरुप भए नभएको, आयोजनाको कार्यान्वयन तालिका अनुसार भए नभएको यकिन गरी आयोजनाहरुलाई अपेक्षित गति र दिशा प्रदान गर्न यस समितिलाई सक्रिय तुल्याइने छ ।

**७.४.५ सुपरिवेक्षण तथा अनुगमन उपसमिति**

स्थानीय स्वायत्त शासन ऐनमा व्यवस्था भए अनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन समितिलाई आवश्यक सहयोग प्रदान गर्न तथा आवश्यक प्रतिवेदन दिने प्रयोजनको लागि स्थानीय स्वायत्त शासन नियमावलीमा व्यवस्था भए अनुरुप गठन हुने सुपरीवेक्षण तथा अनुगमन उप-समितिलाई सक्रिय तुल्याइने छ । यस उप-समितिले सञ्चालित आयोजनाहरुको नियमित अनुगमन तालिका तर्जुमा र कार्यान्वयन गरी तथ्याङ्क व्यवस्थापन, नियमित अद्यावधिक तथा प्रशोधन गर्ने व्यवस्था गरी गाउँपालिकाको प्रगति कति अगाडि बढ्यो भन्ने विश्लेषण गर्ने आधार तयार तथा प्रस्तुत गर्नेछ । उप-समितिबाट हुने अनुगमनलाई बढी सहभागितामूलक बनाउन अनुगमन तथा सुपरिवेक्षण क्रियाकलापहरुमा अन्य सरोकारवालाहरुलाई समेत आमन्त्रण गरिनेछ ।

**संयुक्त अनुगमन समिति**

आवधिक योजना कार्यान्वयनको प्रतिफल अनुगमनका लागि गाउँपालिका मातहत रहने गरी विभिन्न सरोकारवालाहरु रहेको संयुक्त अनुगमन समिति गठन गरिनेछ। उक्त संयुक्त अनुगमन समितिमा स्थानीय तह श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधिमा उल्लेख भएका पदाधिकारीहरुका अतिरिक्त सरोकारवालाहरु तथा पत्रकार प्रतिनिधि समेतको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ। गाउँपालिकाबाट हुने अनुगमनको समन्वय गर्ने सम्पूर्ण जिम्मेवारी योजना तथा अनुगमन शाखाको हुनेछ। योजना तथा अनुगमन शाखासँग प्रत्यक्ष समन्वयमा रहेर अन्य विषयगत निकायहरुले सम्बन्धित विषय क्षेत्रको अनुगमनको कार्य गर्नेछन्। योजना तथा अनुगमन शाखालाई भौत्तिक एवं मानवीय श्रोत साधनले सम्पन्न बनाइनेछ। त्यस अतिरिक्त अनुगमन गर्ने कार्यालय, व्यक्तिको आचारसंहिता निर्माण तथा अनुगमन कार्यका लागि आवश्यक पर्ने क्षमता विकासको व्यवस्था गाउँपालिकाले मिलाउनेछ।

**विषयगत समिति**

स्थानीय स्वायत्त शासन ऐन अनुसार गठन हुने विषयगत समितिहरुले आफ्नो विषयक्षेत्र अन्तर्गत स्थानीय तह, विषयगत कार्यालय तथा गैससहरुबाट सञ्चालित कार्यक्रमको स्थलगत भ्रमण, अवलोकन, प्रतिवेदन अध्ययन लगायतका विभिन्न विधिहरुबाट आवश्यकता अनुसार नियमित रुपमा अनुगमन गर्नेछ।

**सम्बन्धित निकाय तथा परियोजना**

कार्यक्रम कार्यान्वयन गर्ने निकाय वा संस्थाले हरेक कार्यक्रम, क्रियाकलाप कार्यान्वयन गर्ने विभिन्न चरणमा स्थलगत भ्रमण, अवलोकन, अन्तवार्ताका माध्यमबाट नियमित अनुगमन गर्नेछन्।

हेलम्बु गाउँपालिकाको आवधिक योजनाको प्रभावकारी कार्यान्वयनको लागि नियमनकारी संरचना तयार गरी प्रवर्द्धन भएको देखिंदैन। सुपरिवेक्षण तथा अनुगमन समिति र उपसमिति, संयुक्त अनुगमन समिति, विषयगत समिति, सम्बन्धित निकाय तथा परियोजना, आदि नियमनकारी संरचनाको प्रवर्द्धन गरिन आवश्यक छ।

### ७.४.६ प्रमुख समस्याहरु

यस गाउँपपालिकामा आयोजनाको लक्ष्य, उद्देश्य अनुरुप काम भए नभएकोलेखाजोखा गरी आयोजनाको मूल्याङ्कन तथा योजनाहरुको प्रभावकारी नियमन हुन नसकेको देखिन्छ भने सोहि अनुरुपको दण्डहिनता र पुरस्कारको व्यवस्था पनि छैन। त्यसैगरी क्रमबद्ध र समयबद्ध कार्ययोजना नहुनु र दक्ष कर्मचारी र प्राविधिकहरुको अभावले समस्या उत्पन्न गरेको देखिन्छ। यस गाउँपालिकामा भौतिक पूर्वाधार र लोजिष्टिकको अभाव पनि रहेकोछ र प्रमुख प्रशासकिय अधिकृतको छिटो छिटो सरुवा हुने समस्या पनि रहेको देखिन्छ। त्यसैगरी नियमनकारी संरचनाहरु सक्रिय हुन नसक्दा योजना तथा कामको सुपरिवेक्षण नहुनु र योजनाको वास्तविक मुल्याकंन हुन नसकेको अवस्था छ।

### ७.४.७ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा समयमै बजेट पारित गरी भौतिक र वित्तीय प्रगती गर्न सकिने र क्रमबद्ध र समयबद्ध कार्य योजना तर्जुमा गरिएकाले विकासमा अवसर प्रदान गरेको छ। वडाहरुबिच सामाजिक, आर्थिक र भौतिक विविधता रहेता पनि संतुलन कायम गरी भौतिक र वित्तीय प्रगति हासिल गर्न सकिने र त्यसका साथमा वडा कार्यालयहरुको भौतिक विकास हुने अवसर रहेको छ। त्यसैगरी कर्मचारीहरुको क्षमता अभिवृद्धि हुने र गाउँपालिकाभित्रका वडाहरु बिच समन्वय र सहकार्य स्थापित गर्ने अवसर रहेको छ।

**चुनौतीहरु**

पूर्ण र प्रभावकारी रुपमा दक्ष कर्मचारीको व्यवस्था गर्नु, समयमै बजेट पारित गर्नु, क्रमबद्ध र समयबद्ध कार्ययोजना तर्जुमा गर्नु , वडाहरुको संस्थागत क्षमतामा एकरुपता ल्याउनु, भौतिक पूर्वाधार र लोजिष्टिकको व्यवस्था गर्नु चुनौतीपूर्ण रहेको छ। त्यसैगरी प्रमुख प्रशासकिय अधिकृतहरुको स्थायित्व कायम गर्न, आर्थिक र भौतिक प्रगति बिच समन्वय कायम गर्नु र आन्तरिक आय बृद्धि गर्न आन्तरिक र अन्तिमलेखापरिक्षण बिच एकरुपता ल्याउनु पनि कठिन छ।

### ७.४.८ सोंच

पालिकाको चुस्त योजना कार्यन्वयन, प्रभावकारी संस्थागत संरचना व्यवस्थापन

### ७.४.९ लक्ष्य

आवधिक योजना कार्यान्वयनको लागि गाउँपालिका स्तरमा प्रभावकारी संस्थागत र नियमनकारी संरचनाको विकास गर्ने ।

### ७.४.१० उद्देश्य

- नियमन संरचनामा सवाल तथा कमजोरीहरुलाई सम्बोधन गर्न ।
- व्यवस्थित अनुगमन तथा मूल्याङ्कनको विधिबाट समाजमा सुशासन कायम गर्ने ।

### ७.४.११ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| नियमनकारी संरचनाहरुको प्रवर्द्धन गर्ने। | • नियमनकारी संरचनाहरुको विकास तथा बिस्तार गरिनेछ ।<br>• आवधिक योजनाको नियमन गर्न नीति तथा ऐन तर्जुमा गरिनेछ ।<br>• नियमनकारी निकायहरुको जनशक्ति, संरचना र कार्यक्षेत्रलाई सुधार गरिनेछ ।<br>• आवधिक योजना कार्यान्वयन गर्न सम्भावित सहकार्य गर्ने निकायहरु बिच समन्वय गरिनेछ ।<br>• नियमन गर्ने समितिको नियमित बैठक आयोजना गरी आवधिक समिक्षा तथा कार्य प्रगतिको मुल्याङ्कन गरिनेछ ।<br>• नियमनकारी संरचनाको विकास तथा योजना कार्यान्वयनको लागि प्रोत्साहन तथा नियमनकारी कार्य संरचनाको माध्यमबाट उपयुक्त वातावरणको सृजना गर्ने । |

### ७.४.१२ अपेक्षित उपलव्धी

- आवधिक योजना प्रभावकारी रुपले लागु भएको हुनेछ ।
- योजनाको नियमन गर्न नीति, ऐन तथा कार्यविधि निर्माण भएको हुने छ ।
- नियमनकारी संरचनाको विकास तथा योजना कार्यान्वयनको लागि प्रोत्साहन तथा नियमनकारी कार्य संरचनाको माध्यमबाट उपयुक्त वातावरणको सृजना गर्ने।
- पालिकाको विकास सम्बन्धी कार्यको सहभागितात्मक अनुगमन तथा मुल्याङ्कन भएको हुने छ ।
- स्थानीयको जिज्ञासा एवम् गुनासो सुन्ने व्यवस्था भएको हुने छ ।

## ७.५ शान्ति सुरक्षा

### ७.५.१ पृष्ठभूमि

गाउँपालिकामा शान्ति सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्न शान्तिपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गराउन, पूर्वाधार निर्माण गर्न, सामाजिक र आर्थिक विकासको लागि प्रभावकारी शान्ति सुरक्षा हुनु आवश्यक छ । गाउँपालिकामा शान्ति सुरक्षाको लागि गाउँपालिका परिसरमा सामान्य प्रहरी चौकी अवस्थित रहेको छ । अन्य क्षेत्रमा पनि प्रहरी चौकी वा प्रहरी विट स्थापना गर्न आवश्यक छ ।

### ७.५.२ प्रमुख समस्याहरु

यस गाउँपालिकाको आवश्यक ठाउँहरुमा प्रहरी चौकी सञ्चालन नहुनु र शान्ति सुरक्षा कायम गर्न स्रोत साधन र प्रविधिको कमी हुनु जस्ता प्रमुख समस्याहरु रहेका छन् ।

### ७.५.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

आवश्यक ठाउँहरुमा स्रोत साधन र प्रविधि सहितको प्रहरी चौकी सञ्चालन गरी शान्ति सुरक्षा कायम गर्न सकिने ।

**चुनौतीहरु**

सम्पूर्ण जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गरी शान्तिपूर्वक बाँच्न पाउने अधिकारको सुनिश्चित गर्न चुनौतीपूर्णछ अवसर रहेका छन् ।

### ७.५.४ सोंच

सुरक्षित गाउँपालिकाको विकास, सुरक्षा व्यवस्थापनबाट निकास

### ७.५.५ लक्ष्य

गाउँपालिकामा सम्पूर्ण जनतालाई आभास हुने किसिमले शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने।

### ७.५.६ उद्देश्य

गाउँपालिकामा शान्ति सुरक्षा र सुव्यवस्था कायम हुने गरी गाउँपालिकावासीको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने ।

### ७.५.७ रणनीति र कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| गाउँपालिकामा शान्ति सुरक्षा तथा अमनचयन कायम गर्न विधिको शासन स्थापना गर्ने । | • गाउँपालिकामा गोल्जुङ, गत्लाङ र हाकु क्षेत्रमा स्रोत साधन सहित प्रविधियुक्त र जनमुखी प्रहरी प्रशासन व्यवस्था गर्ने।<br>• सामुदायिक प्रहरी प्रशासन गठन गरी विभिन्न निकायसँग समन्वय गरी परिचालन गरिनेछ ।<br>• गाउँपालिकामा रहेका विभिन्न महत्वपूर्ण भौतिक, साँस्कृतिक, पुरातात्विक वस्तु, भवन, पूर्वाधार, आदिको विशेष सुरक्षा गरिने। |

### ७.५.८. अपेक्षित उपलव्धीहरु

- पाँच वर्षभित्रमा कम्तिमा दुई स्थानमा चौकी सञ्चालन भएको हुनेछ ।
- गाउँपालिकामा शान्ति सुरक्षा कायम भएको हुनेछ ।
- प्रहरी प्रशासन स्रोत साधन र आधुनिक प्रविधियुक्त भएको हुनेछ ।

## ७.६ पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली

### ७.६.१ पृष्ठभूमि

सार्वजनिक निकायको कार्यप्रणालीमा सुधार र वित्तीय सुशासन कायम गर्न पारदर्शिता र आन्तरिक नियन्त्रणको महत्वपूर्ण भूमिका रहन्छ । हरेक निकायले पारदर्शिता कायम गरी सुशासन अभिवृद्धि गर्न आन्तरिक नियन्त्रणको लागि कानून र संयन्त्र बनाउनु पर्ने रलेखापरीक्षण गराउनु पर्ने हुन्छ । यसले वित्तीय कारोबारलाई खुलस्त बनाई उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारी र कार्यदक्षता पूर्वक उपयोगमा जोड दिन्छ । सार्वजनिक निकायको सेवा प्रवाह (लागत, लाभ, समय र गुणस्तर), वित्तीय कारोबार (आर्थिक विवरण)को विश्वसनीयता र यथार्थता र स्रोत साधनको अधिकतम प्रयोगको अवस्था मूल्याङ्कन गर्न आन्तरिक नियन्त्रण रलेखापरिक्षणको पनि आधार लिइन्छ ।

कानूनद्वारा निर्धारित प्रक्रिया पालना भए-नभएको भनी सम्बन्धित कार्यालयबाट निरन्तर रुपमा गरिने सुपरीवक्षण अनुगमन नै आन्तरिक नियन्त्रण हो । कार्यालयको कार्य सम्पादनलाई थप कुशल र प्रभावकारी बनाउन कार्यरत जनशक्तिको सहभागितामा उद्देश्य प्राप्तिका लागि रहन सक्ने जोखिमको पहिचान गरी जोखिम व्यवस्थापन हुने गरी नियन्त्रणको वातावरण तयार गर्दै निरोधात्मक वा उपचारात्मक उपाय अवलम्बन गर्न यस पद्दती उपयोग हने गर्दछ । आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाउँपालिकाको अध्यक्ष, प्रमुख वा जिल्ला समन्वय समितिको प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकी गरिएको अनुगमनबाट देखिएको त्रुटिलाई सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ बनाउने जिम्मेवारी सहित रहेको हुन्छ ।

गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परिक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा नं. ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाको कानूनी व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गर्नुपर्ने भएकोले कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली मजबुत र विश्वसनीय बनाउन पर्ने देखिन्छ ।

### ७.६.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा योजना तथा कार्यक्रमहरुमा पारदर्शिताको कमी रहेकोछ र सेवा सुविधा सम्बन्धी जनतासम्म सूचनाको अभावका साथै व्यवस्थित सूचना संयन्त्रको विकास हुन नसकेको समस्या रहेका छन् ।

### ७.६.३ अवसर तथा चुनौती

गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न कानूनद्वारा निर्धारित प्रक्रिया पालना भए नभएको भनी निरन्तर रुपमा सुपरीवेक्षण अनुगमन गरी क्रमबद्ध विकास गर्न सकिने अवसर रहेको छ । अभिलेख र प्रतिवेदनलाई विश्वसनीय पार्दै कार्यसम्पादनमा सम्बन्धित पदाधिकारीलाई जिम्मेवार बनाउन सकिने र अनुगमन र मूल्याङ्कनलाई प्रभावकारी बनाउदै दातृ निकायहरुलाई पारदर्शीताका साथ समन्वय गराउन सकिने अवसरहरु रहेका छन् ।

यस गाउँपालिकामा न्यूनतम तथा कार्यासम्पादन सूचक पुरा गर्नको लागि पहल नगरिनु र आन्तरिक नियन्त्रण प्रणालीले पूर्ण प्रत्याभूति दिन नसक्नु जस्ता चुनौतीहरु रहेका छन् ।

### ७.६.४ सोंच

चुस्त कार्यपालिकाको प्रबर्धन, सुदृढ आन्तरिक नियन्त्रण

### ७.६.५ लक्ष्य

आन्तरिक नियन्त्रण प्रणाली लागु गराउने, कार्यान्वयनको अनुगमन गर्ने र प्रणालीलाई सुदृढ बनाउने ।

### ७.६.६ उद्देश्य

- गाउँपालिकाको ऐन, नीति र कानूनहरुको परिपालनाको सुनिश्चितता गराउन।
- कार्य सम्पादनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारीता हासिल गर्न।
- जनता प्रति उत्तरदायी भई जवाफदेहिता वहन गर्न।
- नैतिक, आर्थिक, कुशल र प्रभावकारी कार्य सञ्चालन प्रणाली स्थापना गर्न।
- सम्भावित जोखिम र त्रुटिहरु नियन्त्रण गर्न।
- श्रोत तथा साधनहरुको हानि नोक्सानी, दुरुपयोग र क्षति हुनबाट जोगाउन।
- वित्तीय प्रतिवेदनको आश्वस्थता र विश्वसनीयता बढाउन।
- लेखा परीक्षण प्रणालीलाई सरल र सहज बनाउन।

### ७.६.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
| पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली विकास गर्ने । | • पारदर्शिता र आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी लागु गर्ने ।<br>• गाउँपालिकाले आफ्नो कार्य प्रकृतिसँग सम्बन्धित कानून, ऐन, नियमको पूर्ण पालनाको सुनिश्चितता गरी आन्तरिक नियन्त्रणको विकास गरी सोको प्रयोगमा प्राथमिकता गर्ने ।<br>• आन्तरिक नियमन अनुगमन फाराम तयार गरी नियमन प्रणालीलाई सुदृढ गर्ने ।<br>• नियमित सार्वजनिक सुनुवाई तथा सार्वजनिकलेखा परीक्षण गर्ने ।<br>• गाउँपालिकाभित्र हेल्प डेक्सको व्यवस्थापन गर्ने ।<br>• विषयगत शाखा प्रमुखले गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीको सुपरिवेक्षण अनुगमन गरी प्रतिवेदन पेश गर्ने । |

### ७.६.८ अपेक्षित उपलब्धीहरु

- योजना कार्यान्वयन र अनुगमनमा संयुक्त अनुगमन पद्धतिको विकास भइ पारदर्शीता र सुशासनका न्यूनतम् आधारहरुको अनिवार्यरुपमा परिपालना भएको हुनेछ ।
- गाउँपालिकाको आवधिक योजनाको लक्ष्य र उद्देश्य हासिल गर्न कानूनद्वारा निर्धारित प्रक्रिया पालना भए नभएको भनी निरन्तर रुपमा सुपरिवेक्षण अनुगमन भएको हुनेछ ।
- गाउँपालिकाको नीति तथा कार्यविधिहरुमा सहयोग भएको हुनेछ ।
- गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार गरी मजबुत भएको हुनेछ ।
- विकास निर्माण र निर्णयहरुबारे गाउँपालिकावासीहरु सुसुचित हुनेछन् ।
- गाउँपालिकाको गतिविधिहरु तथा विकास निर्माणका खर्चहरु सार्वजनिक भएका हुने छन् ।

# परिच्छेद ८: वन, वातावरण र विपद् व्यवस्थापन

## ८.१ वन व्यवस्थापन, जलाधार संरक्षण तथा जैविक विविधता

### ८.१.१ पृष्ठभूमि

वनक्षेत्र एक महत्वपूर्ण प्राकृतिक सम्पदा हो । वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता र जलाधार व्यवस्थापनलाई समेट्ने यो क्षेत्र प्रत्यक्ष रुपमा पर्यापर्यटन, जलविद्युत, कृषि, पशुपालन, स्वच्छ पर्यावरण र वन तथा जडिबुटीमा आधारित पर्यटनको बिस्तार समृद्धिका आधार हुन् भने स्वच्छ पर्यावरन, हरियाली, जैविक विविधता, प्राकृतिक रमणीयता, समुन्नत जलाधार, प्राकृतिक स्रोत व्वस्थापनमा महिला, आदिवासी तथा स्थानीय समुदायको सहभागिता एवम् पहुँच र लाभको निष्पक्ष र न्यायोचित वितरण सुखी नेपालीका महत्वपूर्ण सूचक हुन् । नेपालमा उपलब्ध वनस्पतिजन्य स्रोत तथा जडिबुटीको अध्ययन, अनुसन्धान, अभिलेखीकरण तथा दर्ता र गुण पहिचान गर्दै मुलुकभित्र नै मूल्य अभिवृद्धि गरी तुलनात्मक लाभ लिन सकिने प्रचुर सम्भावना रहेको छ ।

वन तथा जल सम्पदा जैविक विविधताको भण्डार मात्र होनन् । यी सम्पदाहरु मानव, जिवजन्तु लगायत समग्र पर्यावरणीय सन्तुलनको आधार हुन् । यी सम्पदाहरु कृषि, उर्जा, जल तथा उद्योग धन्दाको लागि कच्चा पदार्थको स्रोत, बहुसंख्याक जनसंख्याको जीविकाको आधार र पर्यटकीय हिसाबले मनोरञ्जनको माध्यम पनि हुन् । यिनै विविध कारणले गर्दा नेपालको संविधानमा वातावरणीय सन्तुलन र स्वच्छताको लागि वन क्षेत्र, जलाधारक्षेत्र र जैविक विविधताको संरक्षण गर्न राज्यले प्रथामिकता दिनु पर्ने प्रावधान गरेको छ । वन, जल र जैविक विविधतालाई सन्तुलन राख्नको लागि संघीय सरकाले वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ तयार गरी हरेक स्थानीय तहलाई आफैले वातावरण तर्जुमा योजना निर्माण गर्न पाउने प्रावधान तय गरेको छ । यसले स्थानीय तहको वन व्यवस्थापन, जलाधआर संरक्षण तथा जैविक विविधता संरख्यमा ठूलो टेवा पुग्ने छ ।

यस गाउँपालिकाको अधिकांश क्षेत्रमा वन रहेको छ । उत्तरी भागको भने लाङ्गटाङ्ग राष्ट्रिय निकुञ्जसँग सिमाना रहेको देखिन्छ । यहाँको वन क्षेत्रको उपयोग भने अव्यवस्थित रुपमा भएको पाइन्छ ।

### ८.१.२ प्रमुख समस्याहरु

यस गाउँपालिकामा वन पैदावारको चोरी निकासी, वन्यजन्तुको अबैध शिकार, वन ढढेलो आदि प्रमुख समस्याहरु रहेका छन् ।

### ८.१.३ अवसर तथा चुनौतीहरु

**अवसरहरु**

यस गाउँपालिकामा जैविक मल उत्पादन, प्रशोधन तथा विक्री वितरण र वन पैदावारहरुको दीगो उपयोग गर्न सकिने जस्ता वन सम्बन्धी अवसर रहेका छन् । जडिबुटी संरक्षण, प्रशोधन, विक्री वितरण भु-क्षय तथा पहिरो नियन्त्रण गरी विपद् न्यूनीकरण गर्ने, जैविक विविधता अध्ययन केन्द्र निर्माण र पर्यटकीय दृष्टिले जंगल सफारी, जंगल ट्रेकिङ गर्न सकिने अवसरहरु रहेका छन् । त्यसैगरी कास्ठ उद्योग, काष्ठकलाको विकास र प्रवर्द्धन पनि गर्न सकिन्छ ।

**चुनौतीहरु**

राস्ट्रिय निकुन्जसँग समन्वय गर्दै अघि बढ्नु र बढ्दै गएको जलवायु परिवर्तनसँग जुध्नु, वन्यजन्तुको सुरक्षित नियन्त्रण गर्नु र वनक्षेत्र र वातावरण संरक्षण सम्बन्धी संघ र प्रदेश सरकारसँग समन्वय गर्दै काम गर्नु पनि चुनौतीपूर्ण छ । त्यसैगरी प्राकृतिक प्रकोपबात वन र वातावरण जोगाउन पनि कठिन छ ।

### ८.१.४ सोंच

वातावरणमैत्री विकास; वन, जल र जैविक विविधता संरक्षणको निकास

### ८.१.५ लक्ष्य

वन, जैविका विविधता र जलाधारको एकीकृत व्यवस्थापन मार्फत वन पैदावारको उत्पादन बृद्धि गरी पर्यावरण सन्तुलन राख्ने ।

### ८.१.६ उद्देश्य

- वन व्यवस्थापन गर्दै जैविक विविधताको संरक्षण गर्नु ।
- वन क्षेत्रलाई उद्योग र पर्यटनसँग जोडी स्थानीयको आर्थिक समृद्धिमा सहयोग पुऱ्याउनु ।
- वन, जल तथा जलाधार र जैविक विविधताको एकीकृत व्यवस्थापन गरी वातावरण सन्तुलन राख्नु

### ८.१.७ रणनीति तथा कार्यनीति

| रणनीति | कार्यनीति |
|---|---|
